# अध्याय : एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तावित शोधको शीर्षक **चेतकान्त चापागाईंको जीवनी व्यक्तित्व र कृतित्वको अध्यन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत वीरेन्द्र बहुमुखी क्याम्पस नेपाली विभागको स्नाकोत्तर तहको दोस्रो वर्षको दसौं पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३ विषयपरिचय

चितवनको साहित्यिक परिवृत्त एवम् सामान्यतः नेपाली साहित्यको राष्ट्रिय क्षेत्रमा विगत डेढ दशकदेखि साधनारत कवि चेतकान्त चापागाईं (२००५) एक विशिष्ट साहित्यिक स्रष्टाका रूपमा सुपरिचित छन् । **दासढुङ्गाको व्यथागाथा** (२०५०) लघुकाव्यबाट कवि चेतकान्त चापागाईंको औपचारिक साहित्य लेखनयात्रा शुभारम्भ भएको पाइन्छ । यिनका प्रकाशित साहित्यिक कृतिहरू **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह (२०५५), **राता फूलहरू** कवितासङ्ग्रह (२०६३) र **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह (२०६६) देखापर्छन् । उनका कवितामा विसङ्गतिपूर्ण दुरावस्था र युगीन विकृतिप्रति तीव्र आक्रोश तथा मानवीय अस्तित्वबोध र राष्ट्रवादी भावले ओतप्रोत स्वरहरू गुन्जिएका छन् । वास्तवमा उनको साहित्यिक व्यक्तित्वसँग धैरै पाठकहरू त्यति सुपरिचित देखिँदैनन् । स्थानीय स्तरमा सक्रिय साहित्य स्रष्टाका रूपमा रहेकाले चेतकान्त चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरी ओझेलमा परेका प्रतिभालाई प्रकाशित गर्नु नै यस शोधको विषय हो ।

## १.४ समस्याकथन

जबसम्म साहित्यिक सर्जकहरूको व्यक्तित्वको खोजी हुँदैन, तबसम्म ती स्रष्टाहरूको योगदानको मूल्याङ्कन हुन सक्दैन । ती स्रष्टाहरूलाई सम्मान नगरेसम्म साहित्यको विकास पनि हुँदैन । त्यसैले यहाँ नेपाली साहित्यमा योगदान दिएका चेतकान्त चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । प्रस्तुत अध्ययनका समस्या यसप्रकार रहेका छन् :

क) कवि चेतकान्त चापागाईको जीवनी के कस्तो छ ?

ख) उनको व्यक्तित्वको परिचय कस्तो छ ?

ग)	नेपाली साहित्यमा उनको के कस्तो योगदान रहेका छ ?

घ)	उनको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र मूल्याङ्कन के-कसरी गर्न सकिन्छ ?

यिनै गम्भीर समस्याहरूको समग्र अध्ययन गरी कवि चापागाईंको मूल्याङ्कन गरिएको छ ।

## १.५ शोधको उद्देश्य

कुनै पनि राष्ट्रको साहित्य एवम् वाङमय भन्नु नै साहित्यकारहरूको देन हो । साहित्य तथा वाङ्मयले नै त्यस राष्ट्रको सभ्यता र संस्कृतिको परिचय दिन्छ, तसर्थ साहित्य र वाङ्मय राष्ट्रका अस्तित्व र गर्वका विषय हुन् । विभिन्न क्षेत्रमा रहेर अनेक प्रतिभाहरूले साहित्य सिर्जना गरी राष्ट्रलाई गौरवान्वित तुल्याउन योगदान दिइरहेका हुन्छन् । कुनै स्रष्टाले प्रचार-प्रसारमा आउने सु-अवसर पाएका हुन्छन् भने कुनै स्रष्टा ओझेलमा परेका हुन्छन् । साहित्यले राष्ट्रको समग्र विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छ भने स्रष्टालाई कुनै क्षेत्र-विशेषका सीमामा सीमित राख्नु उपयुक्त हुँदैन । राष्ट्रिय निधि भएका कारण उनीहरूका बारेमा अध्ययन-अनुसन्धान हुनु नितान्त आवश्यक छ । यसै क्रममा नेपाली साहित्य क्षेत्रमा विगत १५ वर्षदेखि निरन्तर सेवा र साधना गर्दै आएका चेतकान्त चापागाईको जीवनी व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधकार्यको मुख्य उद्देश्य रहेको छ । मुख्य उद्देश्यहरू यी रहका छन् :

क)	कवि चेतकान्त चापागाईंको जीवनीको परिचय दिनु ।

ख)	उनको साहित्यिक र साहित्येतर व्यक्तित्वको परिचय दिनु ।

ग)	उनको साहित्यिक यात्रा र प्रवृत्तिको विश्लेषण र मूल्याङ्कन गर्नु ।

घ)	नेपाली साहित्यमा उनका कृतिगत योगदानको निरुपण गर्नु ।

यिनै उद्देश्यहरूमा प्रस्तुत शोधपत्र केन्द्रित रहेको छ ।

## १.६ पूर्वकार्यको विवरण र समीक्षा

साहित्यकार चेतकान्त चापागाईको विषयमा आजसम्म विभिन्न लेखक समालोचकहरूले विभिन्न पुस्तक पत्रिकामा जे-जति चर्चा परिचर्चा गरेको पाइन्छ, त्यसको कालक्रमिक विवरण यसप्रकार रहेको छ :

क)	प्रकाशक र सम्पादक समेत रहेका विष्णुप्रसाद सापकोटाले **दासढुङ्गाको व्यथागाथा** (२०५०) शोकगीतिका झ्याउरे खण्डकाव्यमा कवि चापागाईंलाई गरीब जनताका हक-अधिकारका निम्ति आवाज उठाउने मदन भण्डारी र जीवराज आश्रित जस्ता व्यक्तिहरूको समाजमा खाँचो रहेको कुरा उल्लेख गरी कविता लेख्ने व्यक्तिका रूपमा चिनाएका छन् ।

ख) लक्ष्मणप्रसाद गौतमले **चितवनको साहित्य सर्वेक्षण र विश्लेषण** (२०५२) कृतिमा *चितवनका अन्य कवि प्रतिभाहरू* भन्ने शीर्षकमा कवि चेतकान्त चापागाईंको नाम चितवनका गीतिकारका रूपमा उल्लेख गरेका छन् ।

ग) भाइ-त्रय कमल, तुलसी, प्रकाश चापागाईंले **प्रकाशन** गरेको **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह (२०५५) को ***प्रकाशकीय*** लेखमा चेतकान्त चापागाईंले नेपाली राजनीतिमा देखापरेका विसर्जनवाद र संशोधनवादका विरुद्ध राष्ट्रियता, राष्ट्रिय स्वाधीनता र राष्ट्रिय अस्मिताको पक्षमा अघि बढ्दै सामाजिक विसङ्गति र विकृतिको यथार्थ चित्रणका साथै छन्दोबद्ध कविताप्रति अस्तित्वरक्षाको निम्ति युद्ध स्तरमा जुट्नु पर्ने संगिन घडीमा यस सङ्ग्रहले सञ्जीवनी बुटीको काम गर्न सकोस् भन्ने आफ्नो भनाइ प्रस्तुत गरेका छन् ।

घ) विष्णुप्रसाद सापकोटाले **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रहमा एक क्षण नौलो राँको पत्रिका (वर्ष-३१, अङ्क-१, पूर्णाङ्क-६, २०५६ कार्तिक) पृ. ५५-६० । यसमा कवि चेतकान्त चापागाईंको यो कृति नेपाली जनताहरूले नुनीला आँसु पिएर बाँच्नुपर्ने बाध्यता र विवशताहरूको शब्दचित्र हो भनी उल्लेख गरेका छन् ।

ङ) कवि चेतकान्त चापागाईंद्वारा रचित **यात्रा मुक्ति शिखरको** नामक कृतिमा *भूमिकाखण्ड* लेख्ने क्रममा ताराकान्त पाण्डेले कवि चापागाईका कविताहरू वर्तमान समाजका ताजा घटनाहरूप्रति अर्थात् २०४६ साल पछिका विसङ्गति, विकृति, षड्यन्त्रप्रति व्यङ्ग्य गर्न सफल रहेको चर्चा गर्दै उनलाई जनताको पक्षमा सिर्जना गर्ने कवि ठानेका छन् ।

च) शिवलाल आचार्य ***सौम्य पुष्प***ले आफ्नो प्रकाशित कृति **दृष्टिकोण** (२०६२) मा *शब्द चित्रमा कवि चेतकान्त चापागाईको व्यक्तित्व* शीर्षकमा कवि चेतकान्त एक प्रतिभाशाली छन्देली कवि भएको र उनका कवितामा विसङ्गतिपूर्ण दुरावस्था र युगीन विकृतिप्रति तीव्र आक्रोश तथा मानवीय अस्तित्वबोध र राष्ट्रवादी भावले ओतप्रोत स्वरहरू गुन्जिरहेको पाइन्छ भन्ने कुरा उल्लेख गरेका छन् ।

छ) चेतकान्त चापागाईंको **राता फूलहरू** (२०६३) कृतिको ***शुभकामना*** शीर्षक लेख रचनामा इन्द्रप्रसाद रेग्मीले चापागाईंले जनतालाई आफ्नो हक-अधिकारका निम्ति आफ्नो कवितामार्फत सचेत गराएका छन् भनी उल्लेख गरेका छन् ।

ज) चेतकान्त चापागाईंको **राता फूलहरू** (२०६३) कृतिको ***मन्तव्य*** शीर्षक लेख रचनामा निर्मोही व्यासले चापागाईंलाई छन्देली कविताकै सृजनमा केन्द्रित रहँदै प्रकृति प्रेम, राष्ट्रप्रेम, समाज प्रेम, साहित्य प्रेम र परिवार प्रेमका साथै निजी अन्तर्वेदनाका स्वरसमेत संवेद्य रूपमा मुखरित छन् भनी उल्लेख गरेका छन् ।

झ) चेतकान्त चापागाईं **राता फूलहरू** (२०६३) कृतिको ***प्रकाशकीय*** शीर्षक रचनामा सङ्गीता अधिकारीले चापागाईंलाई छन्दको माध्यमबाट अन्याय-अत्याचार, विकृति, विसङ्गति, राजनैतिक विषमता, लोकतन्त्र विरुद्धको षड्यन्त्र आदिको विरुद्ध जनतालाई सचेत गराउने कवि-प्रतिभा भनी मूल्याङ्कन गरेकी छन् ।

ञ) चेतकान्त चापागाईंको **राता फूलहरू** (२०६३) कृतिको भूमिका खण्डमा ***राता फूलहरूमा परिक्रमा गर्दा*** उपशीर्षकमा पोषराज पौडेलको अन्याय-अत्याचारसँग लड्दै जीवन उत्सर्ग गर्ने वीर सहिद र क्रान्तिकारी योद्धाहरूप्रति यस कृतिले सम्मान प्रकट गरेको छ भन्ने कुरा उल्लेख गरेका छन् ।

ट) अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक साहित्यिक पत्रिका हाम्रो सिर्जना (अङ्क-५/६ चैत्र २०६४/०६५) मा नारायणप्रसाद खनालले ***कारुणिक कवि चेतकान्तको आँसुको चिनो शोककाव्य एक चर्चा*** शीर्षकको लेखमा शोकमग्न, शोक विह्वल, शोकाकूल, शोकवेधित त्यस्ता आफन्तहरूको पीडाबाट निश्च्युत एक निनाद हो, यिनै अवस्थासँग लडीबुडी गर्दै आँसुका खहरे पच्छ्याउँदै, आक्लान्त मनलाई तह लगाउँदै रचिएको शोककाव्य **आँसुको चिनो** हो भनी उल्लेख गरेका छन् ।

ठ) कवि चेतकान्त चापागाईंद्वारा रचित **चेतनमनका गुञ्जन** (२०६६) कृतिको भूमिका खण्डमा ***चेतनमनका गुञ्जन एक विश्लेषण*** उपशीर्षकमा केशवराज आमोदीले उनी जनजिन्दगीका गीतहरूलाई गाएर कहिल्यै नथाक्ने कवि हुन् भन्ने कुरा उल्लेख गरेका छन् ।

ड) चेतकान्त चापागाईंको **चेतनमनका गुञ्जन** (२०६६) कृतिको ***प्रकाशकीय*** शीर्षक रचनामा भवनाथ सडौलाले चेतनमनका गुञ्जन वि.सं. २०५८ देखि २०६६ सम्म विभिन्न अवसरमा रचिएका फुटकर कविताहरूको सङ्गालो हो भनी उल्लेख गरेका छन् ।

ढ) डी.आर. पोखरेल चेतकान्तको ***चेतनमनका गुञ्जन : एक चर्चा,*** **पारदर्शी** पत्रिका, (वर्ष १४, अङ्क १३१, २०६६ साल भदौ २७ गते) पृ. २ । यसमा कवि चेतकान्त चापागाईंको चौथो कृतिभित्र कविको सरल, सहज, इमान्दार र विनम्र काव्यिक अभिव्यक्ति छचल्किएको छ भनी उल्लेख गरेका छन् ।

ण) समालोचक कपिल अज्ञातले **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख** समाचोलनात्मक कृतिको पृष्ठ १४१-१४४ मा कवि चेतकान्त चापागाईंको कवित्वका बारेमा चर्चा गरेका छन् । अज्ञातले चापागाईंका कृतिहरूको चर्चा गर्दै समसामयिक युगजीवनका समस्या, पीडा, घात-प्रतिघात र शोषणका विरुद्धमा आवाज उठाउने छन्दोबद्ध कवि हुन् भनी चर्चा गरेका छन् ।

यसरी चेतकान्त चापागाईंको बारेमा विभिन्न लेखक समालोचकले उनको सामान्य चर्चा गरे तापनि विस्तृत अध्ययन अपूर्ण नै छ । उनलाई छन्देली कविका रूपमा जनताका भावना बुझेर कविताको माध्यमबाट जनतालाई सचेत गराउने कवि तथा समाजसेवी व्यक्तिका रूपमा सामान्य रूपमा चिनाइए तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विस्तृत अध्ययन नितान्त आवश्यक देखिएकाले यही कुरालाई मनन गरी प्रस्तुत शोधपत्रमा अध्ययन विश्लेषण गरिएको छ ।

## १.७ शोधको औचित्य र महत्त्व

नेपाली साहित्यका विभिन्न स्रष्टाहरूका बारेमा शोध र अनुसन्धान कार्य प्राय: केन्द्राभिमुखी भएकोले चेतकान्त चापागाईं जस्ता क्षेत्रीय स्तरमा रहेर राष्ट्रियस्तरको साहित्य सेवा गर्ने प्रतिभाका बारेमा शोध र अनुसन्धान गर्नु औचित्यपूर्ण रहेको र उनका बारेमा आजसम्म विशेष अनुसन्धान नभएकोले त्यस विषयमा अध्ययन-अनुसन्धान गरिने हुँदा यस शोधकार्यको औचित्य र महत्त्व स्वत: स्पष्ट हुन्छ ।

## १.८ शोधकार्यको सीमाङ्कन

कवि चेतकान्त चापागाईंको जीवनीको अध्ययन गर्नुको साथै व्यक्तित्वको परिचय दिनु र २०६५ सालसम्ममा प्रकाशित पुस्तकाकार कृतिको विश्लेषण गर्नु, प्रकाशित फुटकर कृतिको सूचीमात्र प्रस्तुत गर्नु तर विश्लेषण नगर्नु यस शोधकार्यको सीमा रहेको छ भने पुस्तककार कृतिको विश्लेषणका क्रममा सामान्यतया विधातत्वलाई आधार बनाइएको छ । साथै अप्रकाशित कृतिको विधागतसूची मात्र प्रस्तुत गरी सीमाबद्धताअनुसार समग्रमा नेपाली साहित्यमा चेतकान्त चापागाईंको योगदानको समीक्षण, विश्लेषण र मूल्याङ्कन गर्नु यस शोधकार्यको सीमा रहेको छ ।

## १.९ सामग्री सङ्कलन र शोधविधि

प्रस्तावित शोधपत्र तयारीका लागि पुस्तकालयीय अध्ययन विधिलाई सामग्री सङ्कलनको मूल आधार बनाइनेछ । अनुसन्धेय व्यक्ति जीवित भएकाले आवश्यकताअनुसार मौखिक र लिखित अन्तर्वार्ता पद्धतिबाट पनि सामग्री सङ्कलन गरिएको छ । सङ्कलित सामग्रीहरूको जीवनीपरक समालोचना प्रणाली तथा कृतित्व पक्षको अध्ययनका लागि प्रभावपरक समालोचना प्रणालीको अवलम्बन गरिएको छ ।

## १.१० शोधपत्रको रूपरेखा

शोधपत्रको आन्तरिक संरचनालाई सुसङ्गठित र सुव्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि निम्नलिखित अध्याय, शीर्षक, उप-शीर्षक, सन्दर्भसूची, परिशिष्ट आदिमा विभाजन गरिएको छ :

**अध्याय एक** **शोध परिचय**

यस अध्यायमा शोध शीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन र शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

**अध्याय दुई** **चेतकान्त चापागाईंको जीवनी**

यस अध्ययनमा चेतकान्त चापागाईंको जीवनी र साहित्यबीचको अन्तरसम्बन्ध अध्ययन प्रस्तुत गरिएको छ ।

**अध्याय तीन** **चेतकान्त चापागाईंको व्यक्तित्व**

यस अध्यायमा चेतकान्त चापागाईंको विविध व्यक्तित्व र साहित्यबीचको अन्तरसम्बन्धको अध्ययन प्रस्तुत गरिएको छ ।

**अध्याय चार** **चेतकान्त चापागाईंको कृतित्व**

यस अध्यायमा चेतकान्त चापागाईंको समग्र कृतित्वको वर्गीकरण, अध्ययन र विश्लेषण तथा फुटकर रचनाहरूको कालक्रमिक सूची प्रस्तुत गरिएको छ ।

**अध्याय पाँच** **उपसंहार एवं निष्कर्ष**

यस अध्यायमा प्रत्येक अध्यायको सारांश र अन्तमा समग्र शोधको निष्कर्ष प्रस्तुत गरिएको छ ।

यसप्रकार आदि भाग र मध्य भागका साथै सन्दर्भसामग्री तथा परिशिष्टसमेत समावेश गरिएको अन्त्यभाग सहित सर्वाङ्गपूर्ण शोधपत्र प्रस्तुत गरिएको छ ।

# अध्याय : दुई

# कवि चेतकान्त चापागाईंको जीवनी

## २.१ विषय प्रवेश

साहित्य शब्द सहित शब्दमा 'य' (ष्यञ्/यत्) प्रत्यय लगाएर आदिवृद्धि गरी निर्माण हुन्छ ।[1] सँगसँगै हितको भावना वा सम्यक् हितको अर्थ साहित्यले बोकेको हुन्छ । साहित्य हितकारी र लोकोपकारी हुनुपर्दछ । साहित्य रसिलो, गुनिलो र पोषिलो पनि हुनुपर्दछ । यसैगरी जीवन-जगत्प्रतिको मानवीय अनुभव-अनुभूति एवम् धारणा-दृष्टिकोणको सौन्दर्यमय तथा चमत्कारपूर्ण भाषाका माध्यमबाट गरिने त्यस्तो सिर्जनात्मक अभिव्यक्ति नै साहित्य हो, जसमा बौद्धिकता, हार्दिकता, रञ्जकता तथा कल्पनाको प्रचुरता हुन्छ ।[2]

यसैगरी पूर्वमा भामहदेखि जगन्नाथसम्मका आचार्यहरूले साहित्यलाई चिनाउने प्रयास गरेका छन् । कसैले शब्द र अर्थलाई जोडदिएका छन् भने कसैले गुण र अलङ्कारलाई, कसैले रसिलो वाक्य नै साहित्य हो भनेका छन् भने कसैले सुन्दर भाव व्यक्त गर्ने शब्द नै साहित्य हो भनेर साहित्यको परिषाभा दिएका छन् ।

वास्तवमा साहित्यको प्रयोजनका सन्दर्भमा 'प्रयोजन' शब्दको अभिप्राय हुन्छ- साहित्य सिर्जनकार्यमा प्रवृत्त हुँदा स्रष्टालाई र साहित्य-आस्वादन कार्यमा लाग्दा सहृदयलाई प्राप्त हुने फाइदा उपलब्धि भन्नु नै प्रयोजन शब्दको तात्पर्य हो ।[3] यस सन्दर्भमा पाश्चात्य साहित्य-समालोचना जगत्का आचार्यहरूले आ-आफ्नो धारणालाई अघि सारेका छन् । प्लेटोको मतमा नैतिक मूल्यको स्थापना नै साहित्यको मूलभूत प्रयोजन हो भने एरिस्टोटलका मतमा चाहिँ शिक्षा र आनन्दको प्राप्ति नै काव्यप्रयोजन हुनुपर्ने धारणा राखेका छन् ।[4] यस्तै गरी डाइडनका मतमा आनन्ददायी रूपमा शिक्षा दिनु नै साहित्यको प्रयोजन हो भने वर्डस्वर्थको धारणाअनुसार चाहिँ सत्य र सौन्दर्यका माध्यमबाट आनन्द प्रदान गर्नु नै साहित्यको प्रयोजन हो ।[5] कलरिज र हड्सन पनि आनन्दको

---

[1] विष्णुप्रसाद पौडेल, **संस्कृत काव्यशास्त्र,** (काठमाडौं : भुँडी पुराण प्रकाशन, २०५७), पृ. २५ ।

[2] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. १२ ।

[3] पूर्ववत्, पृ. २१ ।

[4] पूर्ववत्, पृ. २१ ।

[5] पूर्ववत्, पृ. २१ ।

प्राप्तिलाई नै साहित्यको मूलभूत प्रयोजन मान्दछन् ।[6] सङ्क्षेपमा भन्नुपर्दा नैतिक मूल्यको प्राप्ति शिक्षा-आर्जन र आनन्दानुभूतिलाई पश्चिममा साहित्यको प्रयोजन मानिएको देखिन्छ ।

साहित्यको प्रयोजनका सम्बन्धमा पाश्चात्य साहित्य-समालोचना जगत्का तुलनामा पूर्वीय आचार्यहरूले एक छुट्टै साहित्य-मान्यताका रूपमा सूत्रबद्ध ढङ्गले विस्तारपूर्वक चर्चा गरेका छन् । आचार्य भरतमुनिले नाटकलाई काव्यकै रूपमा लिई नाटकको चर्चा गर्ने क्रममा धर्म, यश र आयुको प्राप्ति, कल्याण-प्रदान, बुद्धिको विकास अनि लोकोपदेश-प्रदानलाई साहित्यको प्रयोजन हुनुपर्दछ भनेका छन् ।[7] आचार्य भामहका मतमा धर्म, अर्थ, काम र मोक्ष प्राप्तिका साथै समस्त कलाहरूमा निपुणता तथा कीर्ति र प्रीति अर्थात् आनन्दको प्राप्ति पनि साहित्यको प्रयोजन हुन् ।[8] आचार्य वामनले कीर्ति तथा प्रीतिको प्राप्तिलाई नै साहित्यको प्रयोजन मानेका छन् ।[9] आचार्य हेमचन्द्रले यश, आनन्द र मृदुल उपदेशलाई साहित्यका प्रयोजन मानेका छन् ।[10] आचार्य मम्मटका मतमा यश, धर्म, व्यावहारिक ज्ञान, इष्ट, आनन्द र मृदुल उपदेशको प्राप्ति नै साहित्यका प्रयोजन हुन् ।[11] पूर्वमा साहित्यको प्रयोजनका सम्बन्धमा आचार्य मम्मटको मत सर्वोपरि महत्त्वपूर्ण, सम्पन्न र सम्यक किसिमको देखापर्छ । सङ्क्षेपमा भन्नुपर्दा पूर्वमा यश, आयु, अर्थप्राप्ति, बुद्धिको विकास, धर्म, अर्थ, काम, मोक्ष, उपदेश, कलामा निपुणता, आनन्दानुभूति, मृदुल उपदेश प्राप्ति आदि साहित्यका प्रयोजन मानेका छन् ।

साहित्यको यही शाश्वत मान्यतालाई शिरोपर गरी दृढ अठोट, अथक परिश्रम, उच्च मनोबल र महान् आकाङ्क्षा लिएर विविध विधा उपविधाहरूमा कलम चलाउँदै वर्तमान आधुनिक नेपाली कविताको क्षेत्रमा प्रतिष्ठित हुँदै गएका नेपाली स्रष्टा कवि चेतकान्त चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वसँग सम्बन्धित विविध पाटाहरूको व्यवस्थित अध्ययन यस शोधपत्रमा गरिएको छ ।

कुनै पनि व्यक्तिको जीवनमा भएका गतिविधिको वर्णन गरिएको पुस्तक वा त्यस्तो विधा, जीवन-चरित्र नै जीवनी हो ।[12] जीवनमा घटेका अनगिन्ती घटना शृङ्खलाहरूले कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माणमा अहम् भूमिका खेलेका हुन्छन् । जीवनका आरोह-अवरोहहरू पनि जीवनीका परिपूरक भएर नै आएका हुन्छन् ।[13] जब मानिसको जन्म हुन्छ, तब उसको जीवनचक्र सुरु हुन्छ । जीवन जिउने क्रममा कोही सार्थक जीवन जिउने गर्दछन् भने कोही निरर्थक जीवन पनि जिउने गर्दछन् । सार्थक जीवनको अस्तित्वलाई वरण गर्ने मानिसहरू विशिष्ट मानिस कहलाउँछन् । यस्ता

[6] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** पूर्ववत् पृ. २१ ।
[7] पूर्ववत्, पृ. २२ ।
[8] पूर्ववत्, पृ. २२ ।
[9] पूर्ववत्, पृ. २२ ।
[10] पूर्ववत्, पृ. २२ ।
[11] पूर्ववत्, पृ. २२ ।
[12] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश**, दोस्रो संस्करण, (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. २०६०), पृ. ३७० ।
[13] बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर २०५६, पृ. १४ ।

मानिसहरू मरेपछि पनि सबैका निम्ति प्राप्त : स्मरणीय र प्रेरणाको मुख्य स्रोत बन्दछन् । यिनै प्रेरक व्यक्तित्वमध्येका एक हुन् कवि चेतकान्त चापागाईं ।

यसरी खास व्यक्तिका व्यक्तिगत जीवनका आन्तरिक र बाह्य चरित्रको चित्रण गर्नु नै जीवनीको मुख्य अभिप्राय हो । अत: चेतकान्त चापागाईंको व्यक्तिगत जीवनका विभिन्न उतार-चढाउहरूलाई केलाई आन्तरिक र बाह्य चरित्रका महत्त्वपूर्ण पक्षको बारेमा प्रस्तुत शोधपत्रमा चर्चा गरिएको छ ।

## २.२ जन्म र जन्मस्थान

कवि चेतकान्त चापागाईंको जन्म २००५ साल वैशाख २५ गते शुक्रबार कास्की जिल्ला अन्तर्गत तार्काङको कम्दा भन्ने स्थानमा भएको हो । माता स्व. डिकुरीदेवी चापागाईं र पिता गजाधर चापागाईंका ९ सन्तानमध्ये कवि चापागाईं जन्मले दोस्रो र छोरामध्ये पहिलो सन्तान हुन् ।[14]

नेपालको सुन्दर सहर भनेर चिनिने पोखरा उपत्यकाको पूर्वपट्टि कवि शिरोमणि लेखनाथको जन्मभूमिबाट उत्तर दिशामा पर्ने तार्काङ गाउँ माछापुच्छ्रे हिमालको काखैमा अवस्थित छ । तार्काङको उत्तर भागमा पर्ने याग्जाकोट तथा सिग्लेसको रमणीयता बेग्लै छ । पश्चिममा मर्कै खोला तथा गोर्जे, दक्षिणमा माठ्ठन वेगनास तार्काङका छिमेकी गाउँहरू हुन् र हंसपुर, दाङसिमराङ, तप्राड अर्घी, रबैडाँडा आदि तार्काङका लेनदेन गर्ने ठाउँ मानिन्छन् ।[15]

## २.३ बाल्यकालीन स्वभाव

पिता गजाधर चापागाईं र माता स्व.डिकुरीदेवी चापागाईंका ९ सन्तानमध्ये जेष्ठ पुत्ररत्नका रूपमा जन्मेका चेतकान्त चापागाईंको बाल्यकाल आफ्ना पितामाताको माया-ममता र लालनपोषणका साथ सुखद वातावरणमा बितेको जानकारी शोधनायकबाट प्राप्त भएको छ ।[16] बाल्यकालमा आमासँग घुर्की लगाउने तर बाबासँग भन्नुपर्ने कुराहरूलाई आमा मार्फत् नै पुऱ्याउने, उमेरले सानो भए पनि भैंसी चराउने, गोठ बस्ने, घाँस काट्न जङ्गल तथा बारीका कान्ला चाहार्न जाने, मौसम अनुसारका जङ्गली फल खान रुचाउने, सानै उमेरमा आफूभन्दा ठूला व्यक्तिहरूलाई आदर गर्ने, उनीहरूसँग घुलमिल हुन खोज्ने उनको स्वभाव रहेको जानकारी प्राप्त भएको छ ।[17]

## २.४ उपनयन संस्कार र शिक्षादीक्षा

कवि चेतकान्त चापागाईंको चूडाकर्म ६ वर्षको उमेरमा भएको थियो । उपनयन संस्कार २०१५ सालमा १० वर्षको उमेरमा आफ्नै गाउँ कम्दामा वैदिक विधिअनुसार सप्ताहको साङ्गेताका

[14] शोधनायकबाट प्राप्त जानकारी ।
[15] पूर्ववत् ।
[16] पूर्ववत् ।
[17] पूर्ववत् ।

दिनमा भएको जानकारी प्राप्त भएको छ ।[18] उनलाई मन्त्र सुनाउने जेठाबा महेश्वर रहेका र त्यसैदिन माइला बाबाका छोरा बालकृष्णको पनि ब्रतबन्ध भएको थियो ।[19]

आफ्ना कान्छा बुबा चूडामणि चापागाईंबाट घरमै साउँअक्षर चिनाउने काम गराएको जानकारी पाइन्छ ।[20] अक्षर चिनाउने क्रममा सिलोटको पाटीमा धुलो राखी बाँसको छेस्काले लेख्न सिकाइएको र अक्षर चिन्न सक्ने भएपछि उनलाई चूडामणि चापागाईंले वेद, रुद्री, दुर्गासप्तशती, अग्निस्थापना आदि पढ्न सिकाएको जानकारी पाइन्छ ।[21] दश वर्षको उमेरमा उनले कपाली, भोगबन्धक, राजीनामा, तमसुक लेख्न सक्ने भएका थिए ।

त्यतिखेर लेख्नको लागि खरीपाटी र बाँसका सुप्लामा खरी र हाडे उन्यूको कलमले मुसुरे कटुसको बोक्रा पकाएर बनाएको मसीमा चोपेर लेख्ने चलन रहेको पनि जानकारी पाइन्छ ।[22]


त्यस समयमा स्कूलहरू नखुलेको र सक्नेले घरमै शिक्षक राखेर पढाउने गरेको तथा चापागाईंका बुबाले केही समय घरमै शिक्षक राखेर छोरालाई पढाउने काम गरेका थिए ।[23] त्यसपछि गीतानगरको अरुणोदय मा.वि.मा केदार गुरुबाट औपचारिक शिक्षार्जनको लागि कक्षा तीनमा भर्ना भएका थिए ।[24] सोही स्कूलमा कक्षा आठसम्म अध्ययन गरेका थिए ।[25] वि.सं. २०२३ सालमा नौ कक्षामा शिवनगरको नारायणी विद्या मन्दिरमा अध्ययन गरेका थिए । वि.सं. २०२४ सालमा चितवन हाइस्कूल भरतपुरमा दश कक्षाको टेष्ट परीक्षामा अनुत्तीर्ण भएपछि वि.सं २०२६ सालमा नेपाल राष्ट्रिय विद्यापीठ पोखरा उपकेन्द्रबाट उनले प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरे ।[26] त्यसपछि औपचारिक शिक्षामा उनको पूर्ण विराम लाग्यो ।

---

[18] शोधनायकबाट प्राप्त जानकारी ।
[19] पूर्ववत् ।
[20] पूर्ववत् ।
[21] पूर्ववत् ।
[22] पूर्ववत् ।
[23] पूर्ववत् ।
[24] पूर्ववत् ।
[25] पूर्ववत् ।
[26] पूर्ववत् ।

## २.५ वंशपरम्परा

विक्रम संवत् १६३१ मा पर्वतका राजा राजवम मल्लले देउपुर कोटका लागि पुजारी एक नैष्ठिक ब्राह्मण हरिदास चापागाईंलाई झिकाई देउपुर कोटको पुजारीमा नियुक्त गरेका थिए । हरिदास आफ्नी धर्मपत्नी सरस्वती र सात छोरा लिएर त्यहाँ आएका थिए । तिनै सात भाइको सन्तान हाल नेपालका प्राय: सबै प्रान्तमा, बंगालको दार्जीलिङ तथा बर्मा देशमा पाइएका छन् ।[27]




## २.६ बसाइँ सराइ

माता स्व.डिकुरीदेवी चापागाईं र पिता गजाधर चापागाईंका ६ छोरा र ३ छोरीहरू मध्ये कवि चापागाईं जन्मले दोस्रो र छोरामध्ये पहिलो सन्तान हुन् । वि.सं. २०१६ सालमा चितवन झर्ने बेलामा ६ छोरा र १ छोरीलाई मात्र लिएर चितवन झरेका थिए । त्यति बेला चेतकान्त चापागाईंकी

[27] जगन्नाथ नेपाली (चापागाईं), **बृहत् अत्रि गोत्रीय वंशावली,** (चितवन : रमादेवी नेपाली (चापागाईं), २०६३), पृ. ३१ ।

दिदी छली चापागाईंको पहाडमा केशव सापकोटासँग विवाह भएको जानकारी प्राप्त भएको छ ।[28] पहाडबाट मधेश झरेका चापागाईंको परिवारमाथि वि.सं. २०२० सालमा आमा डिकुरीदेवी, बहिनी नारायणी, माइलो भाइ तोयानाथ र काँइलो भाइ तुलसीराम चापागाईंलाई विफर रूपी सरुवा रोगले यो संसारमा रहन दिएन र बाँचेकालाई पनि खोटी बनाएर छाड्यो । चापागाईंकी एउटी बहिनी पहाडमा छँदा बाल्यकालमा मृत्यु भएको जानकारी प्राप्त भएको छ ।[29]

## २.७ विवाह र सन्तान

कवि चेतकान्त चापागाईंले २०२२ सालमा पटिहानी ब्रह्मपुरीका देवीप्रसाद ढुङ्गानाकी कान्छी छोरी सीता ढुङ्गानासँग पाणिग्रहण गरेका थिए । सो विवाहबाट दाम्पत्य जीवन असफल भयो, किनकि उनको आफ्नै चरित्रमाथि दाग लाग्न थाल्यो । त्यसपछि उनी त्यस घरबाट टाढा हुँदै गइन् र विस्तारै पलायन भइन् भन्ने जानकारी प्राप्त भएको छ ।[30] यसरी पहिलो विवाह असफल भएपछि वि.सं. २०२८ सालमा गीतानगर ३ पृथ्वीनगरका दुर्गाप्रसाद कोइरालाकी माइली छोरी लक्ष्मी कोइरालासँग पाणिग्रहण गरेका थिए ।[31] उनको पहिलो सन्तान छोरा जन्मे पनि जन्मेको ४, ५ दिनमा मृत्यु भयो । वि.सं. २०३२ सालमा फेरि पनि पुत्रलाभ भयो तर त्यो सन्तान नरहेपछि दुवै (श्रीमान्, श्रीमती) सन्तान बाँच्ने उपायको खोजीमा लाग्न थाले । त्यसै समयमा पटिहानी ब्रह्मपुरीमा बस्ने त्रिलोचन न्यौपानेकी आमाले जडीबुटी गरेपछि २०३४ सालमा तेस्रो सन्तानको रूपमा छोरीको जन्म भयो । ती बालिका काखमा रहिन्, त्यसपछि दुवै (श्रीमान् श्रीमती) लाई आत्मसन्तुष्टि प्राप्त भयो । यसैगरी २०३७ साल जेठ २२ गते माइली छोरी सङ्गीताको जन्म भयो । यसैगरी २०३९ सालमा साइली छोरी अनिताको जन्म भयो । २०४१ सालमा काइली छोरी नम्रताको जन्म भयो । २०४४ सालमा कान्छी छोरी गायत्रीको जन्म भयो । यसरी पाँच वटा छोरीहरू भए पनि छोराको चाहनाले गर्दा २०४६ सालमा छोराको जन्म भएपछि बल्ल सन्तानको बिट मारेको देखिन्छ ।[32]

कवि चेतकान्त चापागाईंकी ठूली छोरी बिन्दुको जन्म २०३४ सालमा भएको हो । उनले हिमालय माध्यमिक विद्यालय चम्पानगरबाट अध्ययन सुरु गरेर नारायणी माध्यमिक विद्यालय भरतपुरमा कक्षा दशमा अध्ययन गर्दै रहँदा भ.न.पा.८ गौरीगञ्जका देवीप्रसाद पौडेलका छोरा किशोर पौडेलसँग प्रेम विवाह भएकोले हाल उनी दुई छोरी र एक छोराकी माताको रूपमा गृहस्थ जीवन बिताउँदै छन् ।[33] कवि चेतकान्त चापागाईंकी माइली छोरी सङ्गीताको जन्म २०३७ सालमा

---

[28] शोधनायकबाट प्राप्त जानकारी ।
[29] पूर्ववत् ।
[30] पूर्ववत् ।
[31] पूर्ववत् ।
[32] पूर्ववत् ।
[33] शोधनायकका जेठान हरिकृष्ण कोइरालाबाट प्राप्त जानकारी ।

भएको हो । उनले इन्द्रपुरी प्रा.वि.बाट अध्ययन सुरु गरेर अरुणोदय मा.वि. गीतानगरमा कक्षा आठमा अध्ययन गर्दै रहँदा छिमेकी विष्णुप्रसाद अधिकारीका छोरा भानुप्रसाद अधिकारीसँग प्रेम विवाह भएकोले हाल उनी दुई छोरीकी माताका रूपमा गृहस्थ जीवन बिताउँदै छन् ।[34] कवि चेतकान्त चापागाईंकी साइली छोरी अनिताको जन्म २०३९ सालमा भएको हो । उनले इन्द्रपुरी प्रा.वि.बाट अध्ययन सुरु गरेर अरुणोदय मा.वि. गीतानगरमा कक्षा दशमा अध्ययन गर्दै रहँदा छिमेकी कृष्णबहादुर बस्नेतका छोरा किशोर बस्नेतसँग प्रेम विवाह भएकोले हाल उनी एक छोराकी माताको रूपमा गृहस्थ जीवन बिताउँदै छन् ।[35] यसैगरी चापागाईंकी काँइली छोरी नम्रताको जन्म २०४१ सालमा भएको हो । उनले इन्द्रपुरी प्रा.वि.बाट अध्ययन सुरु गरेर अरुणोदय मा.वि. गीतानगरमा कक्षा आठ अध्ययन गर्दै रहँदा यज्ञपुरी निवासी भुमिश्वर कँडेलका छोरा जनक कँडेलसँग मागी विवाह भएकोले हाल उनी दुईछोरी र एक छोराकी माताको रूपमा गृहस्थ जीवन बिताउँदै छन् ।[36]

कवि चेतकान्त चापागाईंकी कान्छी छोरी गायत्रीको जन्म २०४४ सालमा भएको हो । उनको शिक्षा प्रारम्भ इन्द्रपुरी प्रा.वि.बाट सुरु भई गीतानगर अरुणोदय माध्यमिक विद्यालयमा दश कक्षामा पढ्दा पढ्दै जीवन बिसाउन पुगिन् । किन जीवनप्रति त्यस्तो नैराश्य छायो सो कुरा कतै पनि खुलेन । न कुनै उनको हस्तलिखित चिनो भेट्टाइयो । उनले लेखेको डायरीमा पुरुष प्रधान समाजमा नारीप्रति गरिएका भेदभावलाई तिखो प्रहार गरी लेखिएका गीत, गजल थिए ।[37] उनको अन्तिम संस्कार २०६३ भाद्र कृष्ण अष्टमीका दिनमा भएको थियो, सो घटनालाई लिएर कवि चेतकान्त चापागाईंले **'आँसुको चिनो'** शीर्षक काव्य नै प्रकाशन गरिसकेका छन् ।

कवि चेतकान्त चापागाईंको अन्तिम सन्तान वा छोरोमा पहिलो सन्तान बाबु सूर्य किरण चापागाई (न्वारनको नाम षडानन्द चापागाईं) को जन्म २०४६ साल भदौ १७ गते हरितालिका तीजको अघिल्लो रातमा भएको थियो । कवि चेतकान्त चापागाईंले छोरालाई अक्षरारम्भ घरमै गराएका थिए । उनले हिमालय मा.वि. चम्पानगरबाट एस.एल.सी प्रथम श्रेणीमा पास गरी १०+२ को पढाइ शान्ति एकेडेमीबाट र हाल बालकुमारी क्याम्पस भरतपुरमा डिप्लोमा तहमा अध्ययनरत छन् ।[38]

## २.८ आर्थिक अवस्था र पेसा

निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मेका चेतकान्त चापागाईंको पेसा खेतीपाती बाहेक अन्य केही नभएको देखिन्छ । पुर्खाहरू पनि कृषि पेसाबाहेक व्यापार-व्यवसायमा संलग्न नभएको

[34] पूर्ववत् ।
[35] पूर्ववत् ।
[36] शोधनायकबाट प्राप्त जानकारी ।
[37] पूर्ववत् ।
[38] पूर्ववत् ।

जानकारी पाइन्छ ।[39] बालककालदेखि नै मातापितालाई घरायसी कामकाजमा सघाउँदै आएको जानकारी पाइन्छ ।[40] आफ्नो जन्मस्थलबाट बसाइँ सरेर चितवन झरेपछि नयाँ सिर्जना गर्ने क्रममा चापागाईं परिवारलाई जीवन धान्न धौ-धौ परेको थियो । त्यसै क्रममा २०२० सालमा बिफरको प्रकोप यिनै कविका परिवारमाथि खनिन पुग्यो । एक महिनाको अन्तरमा दुई भाइ, आमा र बहिनीलाई गुमाउन पुगे । यसरी दुःखमाथि दुःख खनिए पनि त्यसलाई आफ्नो थाप्लोमा राख्दै अगाडि बढेका थिए । पारिवारिक दबाब एवम् कलिलै उमेरमा विवाह बन्धनमा बाँधिन पुगेका चापागाईंको पहिलो विवाह असफल भएपछि २०२८ सालमा लक्ष्मी कोइरालसँग उनको दोस्रो विवाह सम्पन्न भयो । यसरी आर्थिक अवस्था कमजोर भएको समयमा दुःखका दिनहरू अरु थपिँदै गए । यसै क्रममा छोराको चाहना गर्दै जाँदा ६ सन्तानका बाबु बन्न पुगे ।

संयुक्त परिवारको आय-आर्जनबाट जीविका चलाएका चापागाईंलाई छुट्टिभिन्न भएपछि चौथाइ हिस्सामा जीवनयापन गर्न धौ-धौ परेको थियो । बालबच्चा साना हुर्काउनु, पढाउनु पर्ने र खेतीपाती पनि खास धेरै नहुँदा अर्काको अधिया गरी बाँच्नुको विकल्प बन्यो । गाईभैँसी पालेर दूध बेच्नु पनि अर्को सहयोगी मार्ग बन्यो । दुवैले अहोरात्र खटेर आर्थिक अवस्थालाई माथि उठाउँदै आफ्ना ४ वटा छोरीको विवाहबन्धन सम्पन्न गरे । कृषि पेसाबाहेक अन्य विकल्प नभएको छोराको अध्ययन कार्य जारी रहेकोले गर्दा अहिलेसम्म पनि निम्नमध्यम वर्गमा रहेर जीवन चलेको छ ।

## २.९ सामाजिक संस्थामा आबद्धता

कवि चेतकान्त चापागाईं सामाजिक संस्थामा आबद्ध छन् । खासगरी किसान आन्दोलन र महिलाहरूको जिल्ला स्तरीय कार्यक्रममा उनी छुट्दैनथे ।[41] समाजमा धनीले गरीबमाथि गरेको अन्याय, अत्याचार, महिला हिंसा, बलात्कार, राज्यबाट भएगरेका राम्रानराम्रा कामलाई विषयवस्तु बनाएर जनता समक्ष सबैले बुझ्न सक्ने खालको कविताको रचना गर्दथे । कवि चेतकान्त चापागाईं हालसम्म निम्नलिखित पाँच ओटा सामाजिक सङ्घसंस्थामा आबद्ध छन्[42]:

क. साहित्य सङ्गम चितवनको आजीवन सदस्य तथा सल्लाहकार ।

ख. अविरल साहित्यिक सङ्गठन गीतानगरको सल्लाहकार सदस्य ।

ग. जनसांस्कृतिक सङ्गठन चितवनको सदस्य ।

घ. अखिल नेपाल लेखक सङ्घको सदस्य ।

ङ. सिद्धेश्वर शिव मन्दिर गीतानगरको सदस्य ।

[39] शोधनायकबाट प्राप्त जानकारी ।
[40] पूर्ववत् ।
[41] पूर्ववत् ।
[42] पूर्ववत् ।

## २.१० साहित्यिक क्षेत्रमा संलग्नता

कवि चेतकान्त चापागाईंको साहित्यिक क्षेत्रमा प्रवेश स्कुले जीवनबाट सुरु भएको हो । स्कुले जीवनमा कविता कोर्नु पर्दछ भन्ने प्रेरणा केदार गुरूबाट भएको हो ।[43] अध्ययनको समयमा आफूले पढ्ने पुस्तकमा भएका कवितालाई कण्ठ गरेर सुनाउने बानीले गर्दा र आफूले कोरेको कविताबाट हौसला पाएको कारणले गर्दा उनलाई कविता लेखनतिर बढी आकर्षण बढेको थियो । स्कुले जीवनमा महाकवि लक्ष्मीप्रसाद देवकोटा र कविशिरोमणि लेखनाथ पौड्याल, कविवर माधवप्रसाद घिमिरेका फुटकर रचनाका अतिरिक्त **मुनामदन, ऋतुविचार, गौरी**जस्ता कृतिहरूको अध्ययन गर्न मन पराउँथे । यसैगरी भानुभक्त, भीमनिधि, सोमनाथ, हृदयचन्द्रसिंह, पारिजात, चिनियाँ लेखक लुसुन आदि साहित्यकारहरूको कृति अध्ययन गर्न मन पराउँथे ।[44]

उनको सानै उमेरदेखि पत्रात्मक कविता लेख्ने बानी थियो । २०३० सालदेखि २०४० सालसम्मको समय सिर्जना कार्यमा ज्यादै कम भएको बताएका छन् ।[45] कविता लेखनमा केही निरन्तरता भने २०४३ सालबाट भएको हो । जब भाइहरूबाट अलग भएर गीतानगर ७ मा बसोबास गरे, त्यसै समयमा कक्षा ८ मा पढ्दै गरेकी छात्रा गीता लामिछाने अकस्मात् घरबाट हराएपछि त्यस घटनाले कविको मन छोएकोले गर्दा तिनै महिलाको विषयलाई लिएर पहिलो अप्रकाशित खण्डकाव्य **'आँसुको गीत'** रचना गरे तर त्यो रचना जनताको अगाडि आउन पाएन । उनको प्रकाशित पहिलो कृति **दासढुङ्गाको व्यथागाथा** २०५०, दोस्रो कृति **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह २०५५, तेस्रो कृति **राता फूलहरू** २०६३ कवितासङ्ग्रह र चौथो कृति **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह २०६६ रहेका छन् ।

यिनका जति पनि कृतिहरू प्रकाशित भए, ती कृतिभित्र नेपाली समाजमा गरीब जनताले भोग्नु परेका पीडाबोध, हाम्रो समाजमा महिलाहरूमाथि गरिएको अन्याय-अत्याचार, राजनीतिक विषयवस्तु, मित्रजन, व्यक्तिगत तथा प्राकृतिक विषयवस्तु आदिलाई कविताको विषयवस्तु बनाएर कृति रचना गरेका छन् ।

## २.११ अविस्मरणीय घटना

मानिसको जीवनयापनको क्रममा कहिलेकाहीँ त्यस्ता घटना घट्दछन्, जुन घटनाले उसको मनस्थितिमा लामो समयसम्म प्रभाव पारिरहेको हुन्छ । कवि चेतकान्त चापागाईंका जीवनमा धेरै अविस्मरणीय घटनाहरूमध्ये केही घटनाहरू समावेश गरिएका छन् । वि.सं. २०१६ सालमा कवि चेतकान्त चापागाईंको परिवार जन्मस्थान कास्की जिल्ला अन्तर्गत तार्काङको कंदा भन्ने स्थानबाट चितवनको गीतानगर ३ पृथ्वीनगरमा बसोबास गरेका हुन् । वि.सं. २०२० सालमा बिफरको

[43] शोधनायकबाट प्राप्त जानकारी ।
[44] पूर्ववत्
[45] पूर्ववत् ।

प्रकोप यिनै कविका परिवारमाथि खनिन पुग्यो । एक महिनाको अन्तरालमा दुई भाइ, आमा र बहिनीलाई गुमाएर बस्नुपर्‍यो । बाँचेकालाई पनि जिन्दगी भरिको खोटी बनाएर छाड्यो ।[46] कवि चेतकान्त चापागाईं १० वर्षको उमेरमा जङ्गलमा गाईभैँसी र बाख्रा चराउन जान्थे । त्यसै क्रममा एक दिन बाख्रा चराउँदा बाख्रा हेर्न रुखमाथि चढ्न खोज्दा टेकेको हाँगो लाछिएर छङ्गाछुरे भीरमा धुर्सेलीको गाँजमा अड्किएर बाँचेका थिए ।[47] वि.सं. २०३६-०३७ सालतिर गाईभैँसी रापती पारी लगेर चराउने क्रममा कवि चेतकान्त चापागाईंलाई रापती नदीले बगाएर लगेको थियो । त्यस समयमा उनलाई देख्ने हरिनारायण पौडेलले बचाउन जाँदाखेरि आफूलाई पनि सँगै बगाउँछ भन्ने विचारले गर्दा कवि चेतकान्त चापागाईंलाई बचाउन गएनन् तर संयोग चापागाईंलाई नदीले बगाउँदै लैजाँदा खुट्टाले टेक्ने ठाउँ पाएर बाँचेको जीवन हो यो भन्दछन् ।[48]

## २.१२ भ्रमण

कवि चेतकान्त चापागाईंले पहिलो पटक मित्रराष्ट्र भारतको भ्रमण गर्ने मौका पाएका थिए । वि.सं. २०३३ सालमा कलकत्ताको न्युआलिपुर पुगेका थिए । दोस्रो पटक पनि चितवनबाट बर्दिया जाँदा बुटवलसम्म हिँडेरै र बुटवलबाट सुनौली, गोरखपुर, गोण्डा रुपैडीया हुँदै नेपालगञ्जसम्म रेलमा पुगे । नेपालगञ्जबाट बर्दिया पैदलै हिँडेका थिए । तेस्रो पटक स्वास्थ्योपचारको सिलसिलामा चापागाईं मित्रराष्ट्र भारतको राँची पुगेका छन् । त्यस समयमा बम्बै, राजस्थान, वाराणसी आदि ठाउँहरूको अवलोकन गर्ने मौका पाएका थिए ।[49]

यसैगरी साहित्यिक कार्यक्रमको सिलसिलामा कवि चापागाईंले दाङ्ग, कास्कीको पोखरा, तनहूँको दमौली, मकवानपुरको हेटौडा, छतिवन, पर्साको वीरगञ्ज, रौतहटको केशर पुस्तकालय बाराको कलैया, गोरखाको गोरखा बजार, तनहूँको बन्दीपुर, पूर्वमा धरान, इटहरी, विराटनगरको भ्रमण गरेका छन् ।[50]

## २.१३ रुचि

कवि चेतकान्त चापागाईंको बाल्यावस्थामा खेलकुदप्रति ज्यादा रुचि थियो । त्यस समयमा साथीहरूसँग गुडगुडे, सिन्कोलुकाइ (बालुवामा), रुमाल लुकाइ, डन्डीबियो, ठेलो र लुकामारी आदि खेलहरूमा उनी सरिक हुने गर्थे । यसैगरी मौसम अनुसारका जङ्गली फल दमागेडी, तिँदु, काफल, जामुन, अँगेरी आदि फल खान मन पराउँथे ।[51]

सादा जीवन, उच्च विचारमा विश्वास राख्ने चापागाईंले पहिरनमा सर्ट र पाइन्ट, जाडोमा कोट, ज्याकेट, रङ्गमा उज्यालो सेतो मन पराउँछन् । खानामा दालभात (सादा), गहुँको रोटी, मकै र

---

[46] शोधनायकबाट प्राप्त जानकारी ।
[47] पूर्ववत् ।
[48] पूर्ववत् ।
[49] पूर्ववत् ।
[50] पूर्ववत् ।
[51] शोधनायकबाट प्राप्त जानकारी ।

भटमास, मासु आदि मनपर्ने खाना हुन् ।[52] कलाकारहरूमा सन्तोष पन्त, मदनकृष्ण र हरिवंश आचार्य आदि मनपर्ने बताउँछन् । यसैगरी साहित्यकारहरूमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरे, गुरुप्रसाद मैनाली, लीलबहादुर क्षेत्री, हृदयचन्द्रसिंह प्रधान, पारिजात तथा विदेशी साहित्यकारहरूमा लियो टाल्स्टाय, मेक्सिम गोर्की, लुसुन आदि साहित्यकारहरूका कृतिको अध्ययन गर्न मन पराउँछन् ।[53]

## २.१४ जीवनचर्या

कुनै पनि व्यक्तिको प्रतिदिनको कार्यपद्धतिलाई जीवनचर्या भनिन्छ । कवि चेतकान्त चापागाईंको जीवनचर्या कृषि पेसासँगै साहित्य लेखनतिर अघि बढेको छ । स्कुले जीवनबाट साहित्यतर्फ बामे सरेका कवि चेतकान्त चापागाईंको प्रारम्भिक सृजनशीलता कविता विधाबाट सुरु भएको हो । हालसम्म उनका चारवटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । उनको कृतिभित्र पसेर अध्ययन गर्दा सामाजिक, राजनीतिक, व्यक्ति प्रशंसा, प्रकृतिप्रेम, सीमा अतिक्रमण आदि विषयवस्तुलाई समेटेर विविध छन्दहरूको प्रयोग गरेर कहीँ सोझो रूपमा र कहीँ व्यङ्ग्य रूपमा सबैले बुझ्न सक्ने खालको शब्द चयन गर्दै कविताको रचना गरेका छन् ।

कवि चेतकान्त चापागाईंको जीवन आधार कृषि पेसा भएकोले गर्दा त्यही पेसाबाट आफू गौरवान्वित भएको र त्यसबाट आएको आय आर्जनबाट आफ्नो जीविका चलेको बताएका छन् ।[54] सादा जीवन, उच्च विचार, सधैँ हँसिला, रसिला, फरासिला, मिजासिला व्यक्तित्व भएका चापागाईंले छलकपट, लप्पनछप्पन जान्दैनन्, स्पष्ट वक्ता हुन् । प्रगतिशील विचार धाराबाट प्रभावित कवि चापागाईंले सामाजिक कार्यहरूमा दिल खोलेर सहयोग गरेको बताएका छन् ।[55]

## २.१५ पुरस्कार र सम्मान

कुनै व्यक्तिको कार्यको मूल्याङ्कन गरी उत्कृष्टताको आधारमा उसलाई थप बल, प्रोत्साहन तथा प्रेरणा मिलोस् भन्ने उद्देश्यले दिइने भौतिक तथा भावनामूलक उपहार तथा सम्मान नै सामान्य अर्थमा पुरस्कार भन्ने गरिन्छ ।[56] कवि चेतकान्त चापागाईं पनि त्यस्तै साहित्यिक प्रतिभामध्येका एक हुन् । स्कुले जीवनदेखि साहित्य साधनतिर उन्मुख गराउने काम केदारगुरुबाट भएको हो । स्कुले जीवनमा त्यस्ता पत्रात्मक कविताहरू लेखेर सबैलाई आश्चर्य चकित पार्दथे । हुने बिरुवाको चिल्लो पात भनेझैँ सानै उमेरदेखि छन्दमा कविता लेख्न सक्ने क्षमता भएका कवि चेतकान्त चापागाईंका

---

[52] पूर्ववत् ।
[53] पूर्ववत् ।
[54] पूर्ववत् ।
[55] पूर्ववत् ।
[56] बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी, व्यक्तित्व र कृतित्वको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर, शोधपत्र, त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर, २०५६, पृ. १९ ।

चारवटा प्रकाशित पुस्तकाकार कृतिहरू र प्रकाशोन्मुख कृतिहरू त्यतिकै सङ्ख्यामा रहेका छन् । उनका कृतिहरू जनताको पक्षमा, न्यायको पक्षमा र शोषण, उत्पीडनको विरुद्धमा रचिएका छन् ।

प्रतियोगितात्मक साहित्यिक कार्यक्रमहरूमा पनि उनी पुरस्कृत भएको पाइन्छ । मिति २०५३/१/१ मा एक्टिभ युथ क्लब भरतपुर १३ चितवनमा नववर्ष २०५३ को उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा उनको रचनाले प्रथम स्थान तथा प्रमाणपत्र प्राप्त गरेको थियो । मिति २०५३/१०/५ मा प्रमुख अतिथि रमेश विकलको उपस्थितिमा चितवन साहित्य परिषद्द्वारा कवि शिरोमणि लेखनाथ पौड्यालको जन्म जयन्तीको उपलक्ष्यमा कृति समीक्षा एवम् छन्दोबद्ध कविता प्रतियोगितामा उनको रचनाले प्रथम पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेको थियो ।

राष्ट्रिय साहित्य सम्मेलन तनहूँमा २०५३ फागुन १,२ र ३ गते अतिथि व्रतराज आचार्यको प्रमुख आतिथ्यमा सम्पन्न बृहत् कवि गोष्ठीमा भाग लिई सम्मेलनको सफलतामा सहयोग गरेको भन्दै प्रशंसा पत्र प्राप्त गरेका थिए । मिति २०५४/१/१ मा नववर्षको उपलक्ष्यमा चितवन साहित्य समितिद्वारा आयोजित जिल्ला स्तरीय कविता प्रतियोगितामा उनको कविताले प्रथम स्थान तथा प्रमाणपत्र प्राप्त गरेको थियो । मिति २०५४/६/१९ मा नेपाल शिक्षक सङ्घ चितवनद्वारा विश्व शिक्षक दिवसको उपलक्ष्यमा जिल्ला स्तरीय खुल्ला कविता प्रतियोगितामा उनको कविताले प्रथम पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेको थियो । महाकवि लक्ष्मीप्रसाद देवकोटाको ८९ औँ जन्मजयन्तीको उपलक्ष्यमा चितवन साहित्य परिषद्द्वारा आयोजित प्रतियोगितात्मक कवि गोष्ठीमा उनको कविताले प्रथम पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेको थियो ।

मिति २०५५/७/२ मा विश्व ज्योति वाचनालय राधापुर चितवनद्वारा ९० औँ लक्ष्मी जयन्तीको उपलक्ष्यमा आयोजित कविता प्रतियोगितामा उनको कविताले प्रथम स्थान एवम् प्रमाणपत्र प्राप्त गरेको थियो । मिति २०५८/३/३० मा भानुजयन्तीको सन्दर्भमा मातृभूमि साहित्य समाज हेटौँडा, मकवानपुरद्वारा नारायणी अञ्चल स्तरीय कविता प्रतियोगितामा उनले प्रथम पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरेका थिए । प्रजातान्त्रिक राष्ट्रिय युवा सङ्घ नेपाल जिल्ला कमिटी कास्कीमा २०५८/१०/१६ को खुल्ला प्रतियोगितात्मक कवि सम्मेलनमा अध्यक्ष धनप्रसाद तामाङ्ग प्रमुख अतिथि तुलबहादुर गुरुङ्ग र संयोजक बेनबहादुर गुरुङ्गद्वारा सम्मान पत्र प्राप्त गरेका थिए । मिति २०५९/१०/१६ गते साहित्यकार हृदयचन्द्रसिंहको ८८ औँ जन्मजयन्तीको अवसरमा प्रगतिशील लेखक सङ्घ चितवनबाट कविता सिर्जनामा उल्लेख्य योगदान गरेको भन्दै उनलाई दोसल्ला ओढाई अभिनन्दन तथा सम्मान पत्र प्रदान गरिएको थियो ।

प्रगतिशील सांस्कृतिक सङ्गठनद्वारा घर दैलो साहित्यिक कार्यक्रमको छैठौ शृङ्खलामा उनको आफ्नो निवासमा २०६४/१०/१२ मा सम्पन्न गरिएको कार्यक्रममा सहयोग गरेको भन्दै ५० औँ स्वर्ण शृङ्खलाको अवसरमा उनलाई प्रशंसा तथा प्रमाणपत्रले सम्मान गरिएको थियो ।[57]

## २.१६ पुत्री वियोग

मनुष्य जीवन पाएपछि मृत्यु अवश्यभावी छ । ढिलो वा चाँडो मानिसले एकदिन आफ्नो पार्थिव शरीरलाई छोड्नै पर्ने हुन्छ । मानिसको निधनले समाज, परिवार, इष्टमित्र आदिमा उसको कर्मअनुसार प्रभाव पारेको हुन्छ ।

कवि चेतकान्त चापागाईंकी कान्छी छोरी गायत्रीको निधन २०६३ भाद्र कृष्ण अष्टमीका दिनमा भएको थियो । कवि चेतकान्त चापागाईंले छोराको चाहना गर्दै जाँदा पाँचौं सन्तानको रूपमा गायत्रीको जन्म भएको थियो । शुक्लपक्षको चन्द्रमा जस्तै गायत्री बढ्दै गइन् । उनको अध्ययन पनि निरन्तर चलिनै रह्यो । उनको पढाइ राम्रो थियो । उनीप्रति इष्टमित्र, परिवार, छरछिमेक आदि सबै खुसी थिए किनभने आफ्नो जन्मपछि भाइको जन्म हुनु तथा आफ्नो बाह्य व्यक्तित्वमा कसैले खोट लगाउन नसक्ने अवस्था, अध्ययनतिर राम्रो नतिजा आउनु आदि यसै क्रममा कक्षा दशमा पढ्दा पढ्दै जीवन बिसाउन पुगिन् । उनमा किन हो कुन्नि जीवनप्रति निराशा जागेछ । उनले विष सेवन गरेर देह त्यागेकी हुन् । उनले लेखेको डायरीमा पुरुष प्रधान समाजमा नारीप्रति गरिएका भेदभावलाई तिखो प्रहार गरी लेखिएका गीत, गजल थिए, विरोधका स्वरहरू थिए ।

## २.१७ निष्कर्ष

कुनै पनि व्यक्तिको जीवनयात्राका क्रममा घटेका घटनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै जीवनी हो । समाजमा रहेका अनुकरणीय व्यक्तिहरूले समाजलाई विभिन्न किसिमले योगदान दिइरहेका हुन्छन् । यसउसले कुनै पनि व्यक्तिको जीवनीको अध्ययन-अनुसन्धान गर्ने सिलसिलामा व्यक्तिका जीवनका विविध पाटाहरूलाई केलाउने काम गरिन्छ । यसै परिवेशमा रहेर कवि चेतकान्त चापागाईंको जन्मदेखि हालसम्मको सङ्क्षिप्त वृत्तान्त प्रस्तुत गरिएको छ ।

कवि चेतकान्त चापागाईंको जन्म २००५ साल वैशाख २५ गते शुक्रबार कास्की जिल्लाअन्गर्तग तार्काङको कम्दा भन्ने स्थानमा भएको हो । उनको बाल्यकाल आफ्ना पितामाताको माया-ममता र लालनपोषणका साथै त्यहाँको प्राकृतिक रमणीय वातावरणमा घुलमिल हुँदै बितेको थियो ।

आफ्ना कान्छा बुबा चुडामणि चापागाईंबाट बाह्रखरी अक्षर चिनाउने काम गराएका थिए । दस वर्षको उमेरमा उनले कपाली, भोगबन्धक, राजीनामा, तमसुक लेख्न सक्ने भएका थिए । यसै

[57] शोधनायकबाट प्राप्त जानकारी ।

क्रममा वि.सं. १०१६ सालमा कास्की जिल्ला अन्तर्गत तार्काङको कम्दाभन्ने स्थानलाई छाडी चितवनको गीतानगर-३ पृथ्वीनगरमा आफ्ना अभिभावकसँगै चापागाईंको बसाइँसराइ भएको हो । त्यसै समयमा चितवनको गीतानगरस्थित अरुणोदय मा.वि.बाट औपचारिक शिक्षाआर्जनका लागि कक्षा तीनमा भर्ना भएका थिए । वि.सं. २०२६ सालमा नेपाल राष्ट्रिय विद्यापीठ पोखरा उपकेन्द्रबाट उनले प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि औपचारिक शिक्षामा उनको पूर्णविराम लाग्यो ।

कवि चेतकान्त चापागाईंले २०२२ सालमा पटिहानी ब्रह्मपुरीका देवीप्रसाद ढुङ्गानाकी कान्छी छोरी सीता ढुङ्गानासँग पाणिग्रहण गर्न पुगेका थिए । सो विवाहबाट दाम्पत्य जीवन असफल भएपछि २०२८ सालमा गीतानगर-३, पृथ्वीनगरका दुर्गाप्रसाद कोइरालाकी माहिली छोरी लक्ष्मी कोइरालासँग पाणिग्रहण गरेका थिए । हाल उनका चार छोरी र एक छोरा रहेका छन् । निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मेका चेतकान्त चापागाईंको पेसा खेतीपाती र पशुपालन बाहेक अन्य केही नभएको देखिन्छ । सानो उमेरमा विशेषत: खेलकुदमा रुचि राख्ने चापागाईं सत्र वर्षपछि साहित्यप्रति अभिरुचि राख्दै कुशल स्रष्टा र निष्पक्ष द्रष्टाका रूपमा देखापरेका व्यक्ति हुन् ।

वि.सं. २०५० सालमा प्रकाशित **दासढुङ्गाको व्यथागाथा** शोक गीतिका झ्याउरेमा लेखिएको लघुकाव्यबाट सार्वजनिक रूपमा नेपाली साहित्यको क्षितिजमा उदाएका चेतकान्त चापागाईंको हालसम्म क्रमश: **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह (२०५५), **राता फूलहरू** कवितासङ्ग्रह (२०६३) र चेतनमनका गुञ्जनहरू कवितासङ्ग्रह (२०६६) गरी जम्मा चारवटा पुस्तकाकार कृतिहरू प्रकाशित छन् ।

नेपाली साहित्यको प्रशंसनीय सेवा गर्दै आएका कवि चेतकान्त चापागाईंले विभिन्न समयमा विभिन्न मान, सम्मान तथा पुरस्कारहरू पनि प्राप्त गरेको पाइन्छ । यसैगरी विभिन्न सङ्घ-संस्थाहरूमा आबद्ध रहेको देखिन्छ । सादा जीवन र उच्च विचारका धनी कवि चापागाईं वामपन्थी विचारधाराको निकटवर्ती व्यक्ति हुन् । मूर्ति पूजा होइन, मानव पूजा हुनुपर्छ भन्ने मान्यताका चेतकान्त मानवतावादी कवि हुन् । उनी नेपाली साहित्यको प्रगतिवादी कित्ताका साहित्यकार हुन् । समग्रमा भन्नुपर्दा कवि चेतकान्त चापागाईंको जीवन जटिल भए पनि त्यसलाई सरलतापूर्वक सञ्चालन गरी नेपाली साहित्य सृजनामा क्रियाशील रहेको पाइन्छ ।

# अध्याय : तीन

# कवि चेतकान्त चापागाईंको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

कुनै व्यक्तिमा हुने गुण वा विशेषतालाई व्यक्तित्व भनिन्छ ।[58] खास व्यक्तित्वमा हुने विशिष्टता वा शिक्षाले मान्छेको व्यक्तित्व विकास गर्न मद्दत गर्छ वा व्यक्तिको निजी विशेषतालाई व्यक्तित्व भनिन्छ ।[59] कुनै व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण, व्यक्ति विशेषमा निहित विशेषतालाई व्यक्तित्व भनिन्छ ।[60] व्यक्तिको कार्यक्षेत्र, क्षमता, प्रतिभा, लगनशीलता वा साधना, बौद्धिकता, अनुराग, विचार आदि विविध आधारमा व्यक्तित्वको निर्धारण हुन्छ ।[61]

यसकै आधारमा मानिसले सम्बन्धित क्षेत्रमा विशिष्टता प्राप्त गर्दछ, एउटै व्यक्ति साहित्यकार, कलाकार, वैज्ञानिक, समाजसेवी, प्रवक्ता, खेलाडी, दार्शनिक, राजनीतिज्ञ आदि धेरै हुन सक्छ । यी क्षेत्रहरू व्यक्तिका पाटाहरू हुन् भने मूल रूपमा व्यक्तिको रुचि, क्षेत्र, प्रतिभा, अनुराग, साधना, बौद्धिकता, विचार, इच्छा, कार्यक्षेत्र र निरन्तर लगनशीलता नै व्यक्तित्वका निर्धारक तत्त्वहरू मानिन्छन् ।

व्यक्तिको जन्मदेखि मृत्युसम्मको बीचको अवधिमा उसको पारिवारिक पृष्ठभूमि, सामाजिक, सांस्कृतिक, रुचि, पेसा, शिक्षा-दीक्षा आदिले अहम् भूमिका खेलेको हुन्छ । जुनसुकै व्यक्तिमा आन्तरिक र बाह्य गरी दुई किसिमका व्यक्तित्व हुन्छन् । यी दुवै व्यक्तित्व नै उसको मूलभूत व्यक्तित्व हो । आन्तरिक व्यक्तित्व उसको अन्तर्निहित गुण, प्रतिभा, क्षमताबाट निर्माण हुन्छ । यो नै उसको वास्तविक परिचय पनि हो । यस्तै विशिष्ट व्यक्तिहरूमध्येका एक हुन् कवि चेतकान्त चापागाईं । त्यसैले यहाँ उनको बाह्य र आन्तरिक दुवै व्यक्तित्वलाई विभिन्न कोणबाट हेरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक व्यक्तित्व हो, जो बाहिरबाट हेर्दा देख्न सकिन्छ । चापागाईंको बाह्य व्यक्तित्व अति नै आकर्षक देखिन्छ । ६१ वर्षको उमेर पाँच फिट उचाइ र लगभग ४३ कि.ग्रा. तौल, श्यामवर्ण, तिलचामले कपाल, फराकिलो ललाट, विशाल छाती, केही

[58] रामचन्द्र ढुङ्गाना, (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौं संस्करण, (ललितपुर : साझा प्रकाशन २०५७), पृ. १८५ ।

[59] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** द्वितीय संस्करण, (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६०) पृ. ९२९ ।

[60] गङ्गाकुमारी (सुवेदी) भट्टराई, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९), पृ. ३० ।

[61] बुद्धिनाथ अधिकारी, **रमेश गोर्खालीको जीवनी, व्यक्तित्व एवम् कृतित्वको विश्लेषण र मूल्याङ्कन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि. नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५६), पृ. ३० ।

खोजिरहेका जस्ता आँखा, चम्किला र सेता दाँत, फुर्तिलो शरीर र उनको परिवारका चार सदस्यहरूलाई लगेर निलेर पनि नअघाएर उनलाई समेत झम्टन आउने महामारी बिफरका अवशेषहरू रहेको अनुहार नै चेतकान्त चापागाईंको शारीरिक परिचयात्मक तत्त्वहरू हुन् । अरूसँग कुरा गर्दा ध्यान दिएर सुन्ने अनि आफ्ना कुराहरू पनि राखिहाल्ने हुनाले जोसुकै पनि चापागाईंसँग कुरा गर्दा हिच्किचाउनु पर्ने र सङ्कोच मान्नुपर्ने अवस्था देखिँदैन । अत्यन्त सोझो, सरल, शिष्ट, भलाद्मी स्पष्ट वक्ता देखेका कुरा प्वाक्क भनिहाल्ने बानीबेहोराले गर्दा चापागाईंको बाह्य व्यक्तित्वलाई अझ उचाइमा पुऱ्याएको छ ।

## ३.३ आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भनेको व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा, क्षमता भन्ने बुझिन्छ । समाजबाट नै व्यक्तिको व्यक्तित्व निर्माण हुने भएकाले उसले समाजमा देखेको, भोगेको, सुनेको र अनुभव गरेको कुरालाई उसको मस्तिष्कले जे गर्छ, त्यसैको सेरोफेरोमा उसको व्यक्तित्व निर्माण हुन्छ । यसै सन्दर्भमा चेतकान्त चापागाईंको आन्तरिक व्यक्तित्व बहुमुखी रहेको देखिन्छ । त्यसैले उनका व्यक्तित्वका पाटाहरूलाई साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व गरी दुई भागमा विभाजन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

काव्य शैलीमा लेखिएका ग्रन्थ वा मनमा निस्किएका भावलाई सुन्दर, सुचारु, रञ्जक भाषामा लेखिएको अभिव्यक्ति नै साहित्य हो । सर्वसाधारणसमेतलाई मुग्ध पार्ने अभिव्यक्ति पनि साहित्य हो ।[62] कवि चेतकान्त चापागाईंको साहित्य लेखन स्कुले जीवनबाट सुरु भएको हो । स्कुले जीवनमा उनले कविता रचेर साथीहरूलाई सुनाउने र कहिलेकाहीँ प्रतियोगितामा पनि भाग लिने गर्दथे । त्यस समयमा उनको पत्रात्मक कविता लेख्ने बानी बसेको थियो । त्यस्ता खालका कविताहरू सङ्ग्रह गर्नतर्फ लागेका थिएनन् । उनको कविता लेखनमा केही निरन्तरता भने २०४३ सालबाट भएको हो । सो लेखनकार्य अहिलेसम्म निरन्तर चलिरहेको छ । उनको पहिलो अप्रकाशित खण्डकाव्य **आँसुको गीत** १६ सर्गमा विभाजित थियो । प्रकाशनको हिसाबले पहिलो खण्डकाव्य **दासढुङ्गाको व्यथा गाथा** हो । उनका अहिलेसम्म ४ वटा पुस्तकाकार कृतिहरू प्रकाशित भइसकेको देखिन्छ ।

---

[62] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** छैटौं संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) पृ. १५ ।

#### ३.३.१.१ कवि व्यक्तित्व

चेतकान्त चापागाईंको व्यक्तित्व मूलत: कविको रूपमा स्थापित भएको पाइन्छ । कवि व्यक्तित्वका रूपमा यिनलाई चिनाउने प्रकाशित कृतिहरूमा **दासढुङ्गाको व्यथागाथा** लघुकाव्य (२०५०), **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह (२०५५), **राता फूलहरू** कवितासङ्ग्रह (२०६३) र **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह (२०६६) हुन् । उनको कविताले सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिलाई चिरफार गरेको छ । यसैगरी व्यक्तिप्रशंसा, प्राकृतिक, व्यक्तिगत आदि विषयवस्तुमा प्रवेश गरेर कविताको रचना गरेका छन् ।

विभिन्न प्रतियोगितात्मक कवि गोष्ठीमा भाग लिई उनले प्राप्त गरेका मान र सम्मानहरू तथा विभिन्न साहित्यिक कार्यक्रमहरूमा सक्रियताका साथ सहभागी भई आफ्नो भूमिका निर्वाह गर्ने उनको क्षमता र प्रतिभालाई हेर्दा एक प्रतिष्ठित दर्जाका कवि भन्ने प्रस्ट हुन्छ ।

### ३.३.२ साहित्येतर व्यक्तित्व

एउटै व्यक्तिभित्र पनि धेरै प्रकारका अभिरुचि, क्षमता, प्रतिभा, सीप र कौशलता रहेको हुन्छ, जसले गर्दा उसले अनेक कार्यक्षेत्रमा आफूलाई संलग्न गराउन सकेको हुन्छ । कवि चेतकान्त चापागाईंको पनि बहुआयामिक व्यक्तित्व छ । उनमा साहित्यिक र साहित्येतर दुवै खालको व्यक्तित्व पाइन्छ । जसमध्ये साहित्यिक व्यक्तित्वको चर्चा भइसकेको छ । यहाँ साहित्यबाहेक अन्य व्यक्तित्वका बारे अध्ययन गरिन्छ ।

#### ३.३.२.१ सामाजिक व्यक्तित्व

कवि चेतकान्त चापागाईंले कविताको माध्यमबाट होस् वा प्रत्यक्ष रूपमा समाजमा भए गरेका सामाजिक घटनाहरू, महिलामाथिको अत्याचार, जातीय भेदभाव, असमान शिक्षा, धनीले गरीबमाथि गर्ने दुर्व्यवहार आदिलाई समाधान गर्दै आएका छन् । यसैगरी आफू वडा अध्यक्ष भएको बेलामा अरुणोदय माध्यमिक विद्यालयलाई पृथ्वीनगरको धर्मभकारी सहयोगार्थ वागदान बोलेका थिए । त्यस समयमा भरखरै स्थापित हिमालय माध्यमिक विद्यालयमा स-साना विद्यार्थीहरूलाई सरस्वती पूजाको दिनमा आफ्नो पकेट खर्चबाट सबैलाई त्यो दिन हलुवा पकाएर बाँडेका थिए ।

कवि चेतकान्त चापागाईं हालसम्म पाँचओटा सामाजिक सङ्घ-संस्थामा आबद्ध छन् । उनी साहित्य सङ्गम चितवनको आजीवन सदस्य तथा सल्लाहाकार, अविरल साहित्यिक सङ्गठन गीतानगरको सल्लाहकार सदस्य, जनसांस्कृतिक सङ्गठन चितवनको सदस्य, अखिल नेपाल लेखक सङ्घको सदस्य, सिद्धेश्वर शिव मन्दिर गीतानगरको सदस्य आदि सङ्घ-संस्थामा आबद्ध रहेर अन्यायको विरोध गर्दै सबै ठाउँमा गरीब जनताले समान रूपले आफ्नो अधिकार पाउनु पर्दछ भन्ने भावना बोकेर हिँडेका छन् ।

### ३.३.२.२ कृषक व्यक्तित्व

निम्नमध्यम वर्गीय किसान परिवारमा जन्मेका चेतकान्त चापागाईंको पेसा खेतीपाती बाहेक अन्य केही नभएको देखिन्छ । आफ्नो अंशबाट जीवन धान्न कठिन भएर केही समय अधिया र ठेक्का गरी आफ्नो जीवन स्तर उकासेका थिए । पुरानै चलनचल्ती अनुसार खेतीपाती गर्ने बानीले गर्दा अहिलेसम्म पनि उनी कृषि पेसामा नै निर्भर रहेका छन् ।

### ३.३.२.३ सम्पादक व्यक्तित्व

साहित्य क्षेत्रमा रुचि राख्दै र कलम चलाउँदै आएको साढे दुई दशक भइसकेको भए तापनि कवि चापागाईंको साहित्यप्रति अनुराग भएको कारणले गर्दा समय र सन्दर्भ मिलाएर सम्पादन क्षेत्रमा पनि आफूलाई संलग्न गराएको देखिन्छ । स्रष्टा २०६१, हिमालय रजत स्मारिका २०६१ माघ १५ गते प्रकाशित गरिएको कृतिमा सम्पादक मण्डलमा रहेका छन् ।

## ३.४ निष्कर्ष

कुनै पनि व्यक्तिको परिचय नै उसको व्यक्तित्व हो । जीवनका विभिन्न पाटाहरू र समाजसँगको सम्बन्धका आधारमा व्यक्तिको व्यक्तित्व निर्माण हुन्छ । एक व्यक्तिमा पनि अनेक व्यक्तित्वहरू हुन सक्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्नुपर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको रूपमा अध्ययन गर्नु पर्ने हुन्छ । कवि चेतकान्त चापागाईंको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वको रूपमा हेर्दा पाँच फिट उचाइ, ४३ कि.ग्रा. तौल, शरीर सुहाउँदो फराकिलो ललाट, चम्किला सेता दाँत, भावपूर्ण आँखा र फुर्तिलो शरीर भएका व्यक्ति हुन् । सानैदेखि अन्याय अत्याचार पटक्कै नसहने त्यसको विरुद्धमा कविता लेखिहाल्ने, सत्य र न्यायको लागि जस्तोसुकै दु:खकष्ट पनि सहन सक्ने उनको क्षमता छ । बाहिरबाट हेर्दा विद्रोही स्वभावका भए पनि भित्री हृदयलाई छाम्दा उनी असाध्यै कोमल, सहयोगी र भावुक व्यक्तिका रूपमा प्रकट भइहाल्छन् ।

कवि चेतकान्त चापागाईंको जीवनको ६१ वर्षसम्मका प्राप्ति र उपलब्धिहरूलाई केलाउँदा उनका हालसम्म **दासढुङ्गाको व्यथागाथा** २०५० लघुकाव्य, **यात्रा मुक्ति शिखरको** (कवितासङ्ग्रह २०५५), **राता फूलहरू** (कवितासङ्ग्रह २०६३), **चेतनमनका गुञ्जनहरू** (कवितासङ्ग्रह २०६६) गरी चारओटा कृतिहरू प्रकाशित भएका पाइन्छन् भने **कवितामा चिल** संवाद (सह-लेखन) कवितासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा रहेको छ ।

विशेषगरी उनका काव्यहरू स्वच्छन्दतावादी, समाजसुधार, प्रकृतिकेन्द्री, राष्ट्रप्रेमी, मानवतावदी भावभूमिमा केन्द्रित रहेका पाइन्छन् । सामाजिक र राजनैतिक विकृति, विसङ्गति,

जीवन भोगाइका आरोह-अवरोह, प्रकृति चित्रण, व्यक्ति प्रशंसा आदिलाई आफ्ना रचनाका विषयवस्तु बनाएका छन् ।

आफ्ना कृतिहरूमा यिनले आफूले देखेका र भोगेका विविध घटना र असन्तुष्टिहरू, राष्ट्रका समस्याहरू, शासक वर्गको निरङ्कुश व्यवहारलाई व्यङ्ग्यको झटारो पनि हानेको पाइन्छ । यिनका कृतिहरू जे जति प्राप्त छन् ती सबै भाव, शैली र सौन्दर्यको दृष्टिकोणले ज्यादै उच्चकोटिका छन् । आफ्ना जीवनका अनुभव, भावना र विचारहरूलाई साहित्य र साहित्येतर दुवै क्षेत्रबाट योगदान दिने कवि चेतकान्त चापागाईंको व्यक्तित्व सफल, प्रतिष्ठित, उदाहरणीय र अनुकरणीय देखिन्छ ।

# अध्याय : चार

# कवि चेतकान्त चापागाईंका पुस्तकाकार कृतिको अध्ययन

## ४.१ नेपाली साहित्यमा चेतकान्त चापागाईंको आगमन र उनको साहित्ययात्रा

नेपाली साहित्यमा चेतकान्त चापागाईंको आगमन र साहित्ययात्राको विभिन्न शीर्षकमा अध्ययन गरिएको छ ।

### ४.१.१ नेपाली साहित्यमा चेतकान्त चापागाईंको आगमन

आधुनिक नेपाली कविताका उत्तरार्द्धको प्रथम चरणमा प्रयोगवादी धारा निकै चर्को हलचल र विवादका साथ देखापरेको परिप्रेक्ष्यमा त्यसका समानान्तर रूपमा २०१७-२०२९ का एक दशकभन्दा बढीका समयावधिमा परिष्कारवादी, स्वच्छन्दवादी र प्रगतिवादी धारामा सृजनारत कतिपय पुराना कविहरू आत्मश्विासपूर्वक सक्रिय रहेको र अनेक नव कविहरू पनि देखापर्दै रहेको पाइन्छ । प्रयोगवादी कविता लेखनका समानान्तरमा उल्लेख्य कविहरूमध्ये उलेख्य प्रगतिवादी कविहरू हुन् – आनन्ददेव भट्ट, जगतबहादुर जोशी, मोदनाथ प्रश्रित, गोविन्द भट्ट, जनकप्रसाद हुमागाई, देवीप्रसाद वनवासी, भवानी घिमिरे, पृथ्वी शेरचन, टी.आर. विश्वकर्मा, नारायणप्रसाद शर्मा, मेघराज मञ्जुल, रामचन्द्र भट्टराई, दिल साहनी, हरि गजुरेल आदि ।[63] आधुनिक नेपाली कविताकै पश्चवर्ती समसामयिक धाराको समयावधिमा गीतिकविताको क्षेत्रमा चाँदनी शाह, जी शाह, राजेन्द्र थापा, राजेन्द्र रिमाल, कृष्णहरि बराल, विश्वम्भर प्याकुरेल, भीम खरेल, प्रेमप्रकाश मल्ल, प्रह्लाद पोखरेल, शम्भुकुमार मिलन आदि उल्लेख्य छन् ।[64]

वि.सं. २०५० सालमा **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका झ्याउरेमा लेखिएको शोक लघुकाव्य हो । यस खण्डकाव्यलाई प्रकाशन गरी चापागाईं सार्वजनिक रूपमा नेपाली साहित्यमा प्रवेश गरेका हुन् । उनको लेखन कार्यको पृष्ठभूमिलाई हेर्ने हो भने विद्यार्थी उमेरदेखि नै साहित्य क्षेत्रमा उनको रुचि रहेको पाउन सकिन्छ । हालसम्म उनका ४ वटा पुस्तकाकार कृतिहरू प्रकाशन भइसकेका छन् । उनको कविताको विषय वर्तमान हो । वर्तमान विषयवस्तुभित्र प्रवेश गरेर कृतिको रचना गरेका छन् ।

---

[63] वासुदेव त्रिपाठी र अन्य (सम्पा.), **नेपाली कविता** (भाग-४), तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन २०५४), पृ. १२९-१३० ।

[64] ऐजन पृ. १३७ ।

### ४.१.२ लेखनका लागि प्रेरणा र प्रभाव

साहित्यकारलाई साहित्यतर्फ लाग्ने प्रेरणा र लेखनमा कसै न कसैको प्रभाव त परेकै हुन्छ, चाहे त्यो प्रत्यक्ष वा अप्रत्यक्ष नै किन नहोस्, सबैमा यो नियम लागु भएझैँ चापागाईंमा पनि लागु हुनु अस्वाभाविक मानिँदैन । कवि चेतकान्त चापागाईंमा रहेको साहित्य प्रतिभा विद्यालयीय अवस्थादेखि नै अङ्कुरण भएको हो । उनलाई साहित्यतर्फ लाग्ने प्रेरणा केदारनाथ रेग्मी र तीर्थराज कोइरालाबाट प्राप्त भएको हो । साहित्यतर्फ राष्ट्रियस्तरका मूर्धन्य साहित्यकारहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरेका रचनाहरूबाट प्रभावित भएको देखिन्छ । स-साना घटनाले पनि उनी द्रवीभूत हुन्छन्, आहत हुन्छन्, घायल हुन्छन् र करुणाले पग्लन्छन् । त्इसैले उनका कविता मस्तिष्कले भन्दा हृदयले पढिन्छन् । उनको कविताले सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिलाई चिरफार गरेका छन् । यसैगरी व्यक्ति प्रशंसा, पारिवारिक वियोगजन्य पीडा, सीमा अतिक्रमण आदि विषयवस्तुलाई कतै वर्णिक छन्दमा, कतै गीतिलयमा पनि कविता रचना गरेका छन् ।

उनको कविता सामान्य पाठकले पनि पढेर बुझ्न सक्ने खालको छ । सरल शब्द चयन, लयात्मक प्रस्तुति, विषयवस्तुको मार्मिक भावनात्मक अभिव्यक्ति कवि चापागाईंका मूल प्रवृत्ति हुन् । चापागाईंले समाज र राष्ट्रमा देखिएका कुसंस्कार अन्धविश्वास र रूढिवादी परम्पराको जरो उखेल्न उद्यत देखिन्छन् भने लेखसङ्ग्रहमार्फत समसामयिक देश विदेशका विकृति र विसङ्गति उपर ध्यानाकर्षण गराउँदै तिनमा नितान्त सुधारको खाँचो औल्याउँछन् ।

### ४.१.३ लेखन र प्रकाशनको थालनी

कवि चेतकान्त चापागाईंको लेखनयात्रा सत्र वर्षको उमेरदेखि सुरु भए तापनि उनका रचनाहरू प्रकाशन हुन २०५० सालसम्म पर्खिनु पऱ्यो । उनको स्कुले जीवनमा कविता रचना गर्ने बानी बसेको थियो । स्कुले जीवनमा उनले कविता रचेर साथीहरूलाई सुनाउने र कहिलेकाहीँ प्रतियोगितामा पनि भाग लिने गर्दथे । यसरी रचना गरेका कैयौं साना ठूला तथा अपूर्ण रचनाहरू लेखिए तापनि भविष्यका निमित्त तिनको जतन गर्नुपर्दछ भन्ने ज्ञानको अभावको कारणले गर्दा हाल अप्राप्त रहेको कविको गुनासो छ ।[65] उनको पहिलो कृति **दासढुङ्गाको व्यथा गाथा** (२०५०) बाट के बुझ्न सकिन्छ भने उनी जनताका भावनाहरूलाई आत्मसात् गर्न सक्ने कवि हुन् भन्न सकिन्छ । वर्तमान समय र सन्दर्भलाई उनी जसरी र जुन रूपमा भोग्दै जान्छन्, ती विषयवस्तुलाई कतै वर्णिक छन्द, कतै गीतिलयमा कविताको रचना गर्दछन् । स-साना घटना प्रसङ्गबाट पनि उनको अन्तर्मन प्रभावित भएको देखिन्छ । उनका हालसम्म प्रकाशित कृतिहरू निम्नानुसार छन् :

[65] शोधनायकबाट प्राप्त जानकारी ।

क. **दासढुङ्गाको व्यथा गाथा** (२०५०)

ख. **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह (२०५५)

ग. **राता फूलहरू** (२०६३)

घ. **चेतनमनका गुञ्जनहरू** (२०६६)

## ४.१.४ कवि चेतकान्त चापागाईंको साहित्ययात्रा

कुनै पनि साहित्यकारको साहित्ययात्रालाई विभाजन गर्ने केही न केही आधारहरू त हुन्छन् नै । साहित्यकारको साहित्यिक लेखनको इतिहासमा देखापरेका विभिन्न साहित्यिक रचनाका प्रवृत्तिगत परिवर्तन, रचनाहरूका परिमाण र गुणस्तर, धारगत प्रवृत्तिको अन्तर्विकास, साहित्यिक रचना अथवा कृतिगत प्रकाशन, चिन्तन पक्षको परिवर्तन इत्यादिजस्ता आधारहरूको जगमा उभिएर उसको साहित्ययात्राको कालविभाजन गर्ने गरिन्छ ।[66] वि.सं. २०५० मा **दासढुङ्गाको व्यथा गाथा** लघुकाव्य प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका कवि चेतकान्त चापागाईं हालसम्म पनि यस क्षेत्रमा क्रियाशील छन् । डेढ दशकको समयावधिको लेखनयात्रामा उनले चार वटा पुस्तकाकार कृति एवम् फुटकर रूपमा कविता लेखेर नेपाली साहित्य भण्डारलाई समृद्ध पार्ने कार्यमा योगदान दिइरहेको नै देखिन्छ ।

यसप्रकार यिनको डेढ दशकको लामो साहित्यिक यात्रालाई निम्नानुसार दुई चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

क) प्रथम चरण आरम्भदेखि २०४९ सम्म

ख) दोस्रो चरण वि.सं. २०५० देखि हालसम्म

### ४.१.४.१ प्रथम चरण आरम्भदेखि २०४९ सम्म

कवि चेतकान्त चापागाईंको आरम्भदेखि २०४९ सम्मको समयावधिलाई साहित्यिक यात्राको प्रथम चरणको रूपमा लिइएको छ । यस चरणमा साहित्य लेखनतिर कम समय दिनु र कृषि कर्मतिर बढी समय खर्चिनु त्यो बेलाको उनको बाध्यता वा विवशता थियो । उनको स्कुले जीवनमा कविता रचना गर्ने बानी बसेको थियो । स्कुले जीवनमा उनले कविता रचेर साथीहरूलाई सुनाउने र कहिलेकाहीँ प्रतियोगितामा पनि भाग लिने गर्दथे ।[67]

---

[66] मीनादेवी घिमिरे, **रविकिरण 'निर्जीव' को जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** अप्रकाशित स्नातकोत्तर शोधपत्र, (चितवन : त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस, २०५९) पृ. ३१ ।

[67] शोधनायकबाट प्राप्त जानकारी ।

रचनाहरूको प्रकाशन अगाडि साहित्य क्षेत्रमा जतिसुकै लगानी र देन भए तापनि त्यो नगण्य नै हुँदोरहेछ भन्ने चापागाईंको धारणा रहेको छ ।[68] यस चरणमा उनले पत्रात्मक कविताहरू धेरै लेखेर जनता समक्ष पुऱ्याएको पाइन्छ । यस चरणमा उनले पञ्चायती व्यवस्थाको विरोध गर्दै जनतालाई कविताको माध्यमबाट सचेत गराउँदै हिडेका थिए । त्यस कविताको पहिलो श्लोक- "पञ्चको सरकार यो मुलुकमा खपी नसक्नु भयो" यसैगरी 'आँसुको गीत' शीर्षक खण्डकाव्य आर्थिक अभावका कारणले गर्दा अप्रकाशित अवस्थामा नै धमिरा प्रवेश गरेर नाम निसाना मेटिदियो ।

'आँसुको गीत' खण्डकाव्यको मूल विषय कक्षा आठमा पढ्दै गरेकी छात्रा गीता लामिछाने अकस्मात् घरबाट हराइन् उनको खोजखबर चारैतिर भयो तर ज्यान र चिहान कुनै भेटिएन सो दु:खद घटनालाई लिएर 'आँसुको गीत' खण्डकाव्य रचना गरेका थिए । सङ्क्षेपमा भन्नुपर्दा यस चरणमा चापागाईंको कुनै पनि कृति प्रकाशित नभएकोले गर्दा त्यति महत्त्वपूर्ण, चर्चायोग्य र उपलब्धिपूर्ण नभएको देखिन्छ ।

### ४.१.४.२ दोस्रो चरण वि.सं. २०५० देखि हालसम्म

कवि चेतकान्त चापागाईंको **दासढुङ्गाको व्यथा गाथा** खण्डकाव्य (२०५०) प्रकाशित पुस्तकाकार कृति हो । यस कृतिको मूल भाव गरीब जनताको लागि केही गरौं भन्दै अगाडि बढेका मदन भण्डारी र जीवराज आश्रितलाई दासढुङ्गामा लगेर मारेको घटनालाई विषयवस्तु बनाएर कृतिको रचना गरिएको छ । यस्तै उनको दोस्रो कृति **यात्रा मुक्ति शिखरको** (कवितासङ्ग्रह २०५५) हो । सो कृतिको विषयवस्तु समाजमा गरीबमाथि धनीले गरेको अन्याय, अत्याचार, महिला हिंसा, विधवालाई समाजले हेर्ने दृष्टिकोण, छिमेकी देशले नेपालमाथि जमाएको आधिपत्य, व्यक्तिप्रशंसा, मित्रजन, प्राकृतिक विषयवस्तु आदि विषयवस्तुलाई लिएर विविध छन्दको प्रयोग गरेर कृतिको रचना गरेका छन् ।

उनको तेस्रो कृति **राता फूलहरू** (कवितासङ्ग्रह २०६३) हो । यस कृतिभित्र प्रथम खण्डमा राता फूलहरूमा विचार प्रधान कविताहरू परेका छन् । द्वितीय खण्डको *देश दुख्दा* शीर्षकमा विभिन्न मित्रहरूलाई लेखेका कवितात्मक पत्रहरूको सङ्कलन छ र तृतीय खण्डमा छोरीको आकस्मिक मृत्युमा विरह वेदनाले छटपटाउँदै लेखिएका कविताहरूको सङ्गालो **आँसुको चिनो** शोककाव्य पर्दछ । अन्त्यमा विभिन्न साहित्यिक मित्रहरूले छोरी गायत्रीको दु:खद निधनप्रति गहिरो समवेदना प्रकट गर्दै स्वयम् कवि चापागाईंलाई लेखेका कविताहरूको सङ्कलन परिशिष्टको रूपमा राखिएको छ । यस्तै उनको चौथो कृति **चेतनमनका गुञ्जन** (कवितासङ्ग्रह २०६६) हो । यस कृतिभित्र जति पनि कविताहरू रचना गरिएका छन्, ती सबै वि.सं. २०५८-२०६६ सम्मको

[68] शोधनायकबाट प्राप्त जानकारी ।

समयावधिमा रचना गरिएका हुन् । यस कृतिलाई खण्ड-खण्डमा विभाजन गर्न त्यति आवश्यक नभए पनि कविले खण्ड-१ (समसामयिक कविता), खण्ड-२ (स्मृति पत्रहरू), खण्ड-३ (गीति कविता) गरी तीन खण्डमा विभाजन गरेका छन् ।

खण्ड- १ समसामयिक सिर्जनामा १० वटा कविता छन् जसमा कविले समसामयिक राजनीतिक र सामाजिक क्षेत्रका विकृति, विसङ्गतिलाई चिरफार गरेका छन् । खण्ड-२ स्मृति पत्रहरू शीर्षकमा २१ वटा कविता समाविष्ट छन्, जसमा साहित्यिक स्रष्टाको सम्झनामा रचिएका कविता समाविष्ट छन्, साथै अल्पकालमा जीवन बिसाउन पुगेका छिमेकी दाजु बाबुराम पोखरेलको हत्या र आफ्नै भाइबुहारी सीताको असामयिक निधन हुँदा रचिएका कविता पनि समावेश गरिएको छ । खण्ड- ३ गीति कवितामा ११ वटा कविता समाविष्ट छन् । दुईवटा कविता लोकलयमा र ९ वटा कविता तीजको गीतिलयमा समाविष्ट छन्, जसमा सङ्कटकालमा नेपाली जनताहरूले भोग्नु परेको अवस्था, दरबार हत्याकाण्ड, दुनै कब्जा, गौरी हत्या आदि विषयवस्तुलाई समावेश गरेर कविताको रचना गरेका छन् ।

## ४.२ कवि चेतकान्त चापागाईंका पुस्तकाकार कृतिहरूको अध्ययन

कवि चेतकान्त चापागाईं चितवन जिल्लाका साहित्यिक प्रतिभा हुन् । उनी युग चेतनका भावुक स्रष्टा हुन् । उनको प्रकाशित जति पनि कृतिहरू छन्, ती कृतिहरूले देशपीडा, समाजपीडा, प्रकृतिपीडा, व्यक्तिपीडा र वैयक्तिक पीडाहरूलाई भावको माध्यमबाट देखाउन खोजेका छन् । उनको प्रकाशित चारवटा पुस्तकाकार कृतिहरूमध्ये यहाँ पहिलो कृतिको कविताका तत्त्वहरूको आधारमा विश्लेषण गरिएको छ ।

### ४.२.१ दासढुङ्गाको व्यथा गाथा शोक गीतिका लघुकाव्यको अध्ययन

**दासढुङ्गाको व्यथा गाथा शोक गीतिका** लघुकाव्यमा मदन भण्डारी र जीवराज आश्रितको घटनासँग सम्बन्धित छ । तिनकै दु:खद घटना स्मृतिमा लेखिएको शोककाव्य हो ।

#### ४.२.१.१ शीर्षक

शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक, सङ्केत वा उद्घाटकसमेत हुनुपर्छ ।[69] शीर्षकले विषयवस्तु, प्रस्तुति, भाव वा विचारको केन्द्रीय कथ्यप्रति सङ्केत गर्दछ । शीर्षक नै कविताको केन्द्रीय सारभूत वस्तु हो ।[70] **दासढुङ्गाको व्यथा गाथा**

[69] बासुदेव त्रिपाठी (समेत), **नेपाली कविता** (भाग-४), तृतीय संस्करण, (ललितपुर : साझा प्रकाशन २०५४), पृ. १७ ।
[70] कृष्णविलास पौडयाल, **आधुनिक नेपाली कविता,** काव्य, (भोटाहिटी : नवीन प्रकाशन, २०६६), पृ. ८ ।

साहित्यकार चेतकान्त चापागाईंको प्रथम पद्यात्मक पुस्तकाकार कृति हो । कमरेड मदन भण्डारी र सङ्गठन विभागका प्रमुख जीवराज आश्रितको षडयन्त्रपूर्ण हत्या भएको ठाउँ दासढुङ्गालाई शीर्षक बनाइएको छ । त्यस रहस्यमय घटनालाई झ्याउरे गाथाको रूपमा प्रस्तुत गरिएको छ । यस कृतिको मूलभाव समाजमा अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचारजस्ता कुरालाई निर्मूल गर्नुपर्दछ । भूमिसुधार लागु गर्नुपर्दछ । जनताले पाउने अधिकार धनी र गरीबको लागि समान हुनुपर्दछ भन्नेजस्ता नारालाई व्यवहारमा उतार्न र व्यापक समर्थन जुटाउनका निम्ति विभिन्न ठाउँमा पुगेका थिए । यसरी व्यापक समर्थन जुटाउने क्रममा पोखराको कार्यक्रम सकेर चितवन आउने क्रममा षड्यन्त्रकारीहरूले आफ्नो षड्यन्त्र कार्यान्वयन गर्न सफल भए । यस दुःखद घटना घटेको स्थानलाई शीर्षक बनाएका छन् ।

## ४.२.१.२ संरचना

कुनै वस्तुको बाहिरी ढाँचा, आकारप्रकार, आकृति, रूपाकृति प्रतिकृति आदिलाई संरचना भनिन्छ ।[71] विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण, जीवन र स्वनिष्ट अस्तित्व (सत्ता) नै संरचना हो ।[72] संरचना दुई प्रकारको हुन्छ- आन्तरिक र बाह्य । कविता कृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि देखापर्न सक्छ अनि महाकाव्यमा सर्गबन्ध/सर्गयोजना अपरिहार्य नै रहन्छ ।[73] **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका झ्याउरेमा लेखिएको शोक लघुकाव्य हो । वि.सं. २०५० साल मार्ग महिना रचनाकाल राखिएको छ । यस कृतिको प्रकाशक विष्णुप्रसाद सापकोटा हुन् । उनीद्वारा १००० प्रति प्रकाशित गरिएको छ । मूल्य रू.७- रहेको छ । सम्पादकीय भूमिकामा विष्णुप्रसाद सापकोटा नै रहेका छन् । **मुनामदन** झ्याउरे खण्डकाव्यलाई आधार बनाएर यस कृतिको रचना गरिएको छ ।

आन्तरिक संरचनाको दृष्टिले हेर्दा कविले सोझो कथानात्मक पद्धतिबाट विचारलाई लगालग पोख्दै सुसम्बद्ध पारेको देखिन्छ । कवितामा धेरैजसो अत्यानुप्रास मिलेको देखिन्छ । यस कृतिमा मदन भण्डारी र जीवराज आश्रितजस्ता व्यक्तिको खाँचो छ भन्दै सबैले बुझ्न सक्ने खालको शब्दहरूको प्रयोग गरेर कृतिको रचना गरेका छन् ।

## ४.२.१.३ विषयवस्तु

[71] हेमाङ्गराज अधिकारी र बद्री विशाल भट्टराई (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश,** दोस्रो संस्करण, (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६३) पृ. ९५२ ।

[72] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मकविश्लेषण,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।

[73] वासुदेव त्रिपाठीसहित, **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १७-१८ ।

कुनै वर्णन, छलफल, अध्ययन, लेख, रचना आदिका लागि निश्चित गरिएको कुरोलाई विषयवस्तु भनिन्छ ।[74] कुनै लेख आदिमा उपयोग हुने विचार, कथा आदि, वास्तविक कुरालाई विषयवस्तु भनिन्छ ।[75] कुनै ग्रन्थ, लेखादि रचनामा प्रतिपादन गरिने वा गरिएको विचार, कथानक आदिलाई विषयवस्तु भनिन्छ ।[76] कविताको केन्द्रीय तत्त्व विषयवस्तु हो, जसको आधारमा सर्जकको सृजनशील व्यक्तित्व केन्द्रित हुन्छ र त्यहाँका विषयवस्तुहरू जीवन भोगाइका प्रत्येक दु:खद, सुखद क्षणका अनुभूति तथा संस्मरणहरू सामाजिक घात-प्रतिघातमा आधारित भई अगाडि बढेका हुन्छन् ।[77] जीवन-जगतको समग्र विषयवस्तु र मानवचेतनाको यावत् अनुभवपुञ्ज कवितामा नअटाउनेचाहिँ होइन र पूरै प्रकृति, मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास, दर्शन र ज्ञान-विज्ञान आदिका साथै मानवमनको समस्त अनुभव-व्यापारको कथन कविताको विषयवस्तु भनिन्छ ।[78] कवि चेतकान्त चापागाईंद्वारा रचना गरिएको **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका झ्याउरेमा लेखिएको शोक लघुकाव्य हो । कमरेड मदन भण्डारी र सङ्गठन विभागका प्रमुख जीवनराज आश्रितको रहस्यमय जिप दुर्घटनालाई विषयवस्तु बनाइएको छ । कमरेड मदन भण्डारी एक सच्चा नेता हुन् । जसले जनताको भावनालाई आत्मसात् गर्दै अघि बढेका थिए । समाजमा अन्याय, अत्याचार, शोषण, दमन भ्रष्टाचारजस्ता कुरालाई निर्मूल गर्नुपर्दछ, भूमि सुधार लागु गर्नुपर्दछ, धार्मिक स्वतन्त्रता जस्ता कुराहरूलाई अघि सार्दै जनताको मन जित्न सफल भएका थिए । यसैगरी जनताको बहुदलीय जनवादलाई व्यवहारमा उतार्न र व्यापक समर्थन जुटाउनका निम्ति मदनले अथक मिहिनेत गर्नुभयो । देशका विभिन्न भागमा पुगेर कमरेड मदन भण्डारीले विशाल जनसमुदाय माझ यसबारे प्रकाश पार्नुभयो । मदन भण्डारीले नेतृत्व गर्नुभएको नेपाल कम्युनिष्ट पार्टीको लोकप्रियताबाट देशीविदेशी प्रतिक्रियावादीहरू अत्तालिएका थिए । षड्यन्त्रकारीहरूले मदन भण्डारीको ज्यान लिने षड्यन्त्र रचेका थिए । आखिर २०५० जेठ ३ गतेका दिन षड्यन्त्रकारीहरू आफ्नो षड्यन्त्र कार्यान्वयन गर्न सफल भए ।

त्यस दिन कमरेड मदन भण्डारी र जीवराज आश्रित पोखराको कार्यक्रम सकेर चितवनमा हुने अखिल नेपाल महिला सङ्घको कार्यक्रममा भाग लिन प्रस्थान गरेका थिए । कमरेडद्वय चितवन आउने खबरले कार्यकर्ताहरू उनीहरूको प्रतीक्षामा फूल माला लिएर बसेका थिए । केही समयपछि गाडी दुर्घटना भयो भन्ने खबरले सबैमा चिन्ता बढ्दै गयो । मन विचलित हुन थाल्यो । यसलाई कविताको माध्यमबाट यसरी व्यक्त गरिएको छ :

तिर्सना मीठो लिएर त्यहाँ प्रतीक्षा गरेको

---

[74] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई (सम्पा.) **प्रयोगात्मक नेपाली शब्दकोश,** पूर्ववत्, पृ. ९२२ ।
[75] रामचन्द्र ढुङ्गाना, **सङ्क्षिप्त नेपाली कोश,** पूर्ववत्, पृ. ४८६ ।
[76] सूर्यविक्रम ज्ञवाली (प्र.सम्पा.) **नेपाली सङ्क्षिप्त शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०४०), पृ. ६९६ ।
[77] मीनादेवी घिमिरे, **रविकिरण निर्जीवको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** पूर्ववत्, पृ. ३८ ।
[78] वासुदेव त्रिपाठीसहित, (सम्पा.) **नेपाली कविता** (भाग-४), पूर्ववत्, पृ. १७-१८ ।

चितौन बासीहरूको मन आशाले भरेको

हातमा घडी हेरेर कुरी बसेको ठाउँमा

धागोले बाँधी आएछ चिठ्ठी गरीब गाउँमा । पृ. २

जिप दासढुङ्गा भन्ने स्थानमा दुर्घटना भएको, चालक अमर लामा जीवितै रहेको तथा अमर लामाले पैसामा बिकेर आफ्नो साथीद्वय मदन र जीवराजलाई मार्न पछि परेन भन्ने कल्पित भाव प्रकट भएको छ । यसरी मार्दाखेरि उनको मनमा दयाको बीउ कतै छैन भन्दै कविताको माध्यमबाट यसरी व्यक्त गरिएको छ :

निष्ठुर कस्तो रहेछ दिल मानिस हैन कि ?

दयाको बीउ मनको छेउ कुनामा छैन कि ?

ठानेको मित्र रहेछ विष घोलेको पानी नै

छाँगोमा झार्‍यो ठहरै पार्‍यो आँखाको नानी नै । पृ. ३

यसरी जनताका लोकप्रिय नेताको रूपमा देखापरेका कमरेडद्वयको मृत्युले नेपाली जनता मात्र नभएर विदेशीको पनि आँखाबाट आँसु खसेको थियो । यस घटनाले जनताका आस्थाका केन्द्रबिन्दु मुटुका धड्कन, राष्ट्रका चम्किला ताराको रहस्यमय मृत्युले गाउँ नगर सिङ्गो राष्ट्र शोकाकूल बनेको छ । हिमाल रोइरहेको छ । चालक अमर लामाको मन मुटु कति कठोर रहेछ आफू बाँचेर कमरेडहरूलाई नदीमा फ्याँकिदिएको छ ।

आज गरीब जनताको पक्षमा रहेर वकालत गर्दा अकालमा ज्यान गुमाउनु परेको छ । यो देशमा कसैले असल काम गर्छु भनेर हिड्यो भने मदन र जीवराजको जस्तै अकालमै मृत्युवरण हुन पुग्दछ । उसको काम अघि बढ्न सक्दैन । यसरी यो देशमा जनताले कहिलेसम्म अन्याय, अत्याचार, शोषण, दमन सहेर बस्नु पर्ने हो । सधैँभरि धनीको अगाडि शिर निहुराएर बस्नु पर्ने हो । के प्रजातन्त्र गरीबको नभएर धनीको मात्र हो । के गरीबले आफ्नो हक-अधिकार पाउन पर्ने होइन भन्दै कविले यो देशमा लाखौँ लाख मदन र जीवराज जस्ता व्यक्तिको खाँचो छ । सामन्तवादी संस्कारलाई अत्य गर्नुपर्दछ । सबैले समान रूपमा आफ्नो हक अधिकार पाउन र प्रयोग गर्न पाउनु पर्ने भाव अभिव्यक्त गरेका छन् ।

### ४.२.१.४ भावविधान

आत्मालापी, कवि कथानात्मक, आख्यानीकृत वा नाटकीकृत जुन रूपमा जीवन जगत्को कथन गरिए पनि त्यसको चुरो स्वरूप केन्द्रीय कथ्य वा विषयवस्तुचाहिँ कुनै न कुनै भावविधान या भावविचार हुन्छ र परिणममा चाहिँ कवितामा त्यो अनुभव वा सूक्ष्म विचार भावमय-रागमय रूपमा कलात्मक रूपान्तरण हुनुपर्ने हुन्छ ।[79] मानवीय जीवन-जगत्कासमग्र विषयवस्तुलाई र मानव-

[79] वासुदेव त्रिपाठी र अन्यसहित, **नेपाली कविता,** (भाग-४), पूर्ववत्, पृ. २० ।

चेतनाका यावत् अनुभव र अनुभूतिलाई समेटेर कविताको रचना गरिएको हुन्छ । यसमा प्रकृति, मानवीय समाज, संस्कार र संस्कृति, ज्ञान-विज्ञान, इतिहास, धर्म र दर्शनका साथै मानव मनका समस्या अनुभवको अभिव्यक्ति हुन्छ ।[80] दासढुङ्गाको व्यथा गाथामा कमरेड मदन भण्डारी र सङ्गठन विभागका प्रमुख जीवराज आश्रितजस्ता व्यक्तिको यो देशमा खाँचो छ, जसले गरीब जनताको पक्षमा वकालत गर्दै हिँडेका थिए । शोषण, दमन, अन्याय, अत्याचार सधैँको लागि हटाउनु पर्दछ, धनी र गरीब बीचको भेदभावलाई हटाउनुपर्दछ, खाली जमिनमा भोका, नाङ्गा, गरीबहरूले खेती गरेर खान पाउनु पर्दछ र धार्मिक स्वतन्त्रता हुनुपर्दछ भन्दै आवाज उठाएका थिए । यिनका यी नाराहरूले सामन्तवादी तथा देशीविदेशी षड्यन्त्रकारीहरूलाई फलामको चिउरा चबाएको जस्तै भएको थियो ।

षड्यन्त्रकारीहरूले मदन भण्डारीलाई मार्ने षड्यन्त्र रची पैसाको खेलमा फसेर एउटै थालमा खाना खाएको साथीलाई विश्वास घात गरेको कारणले गर्दा आज कमरेड मदन र जीवराजको हत्या भएको छ, जसको मृत्युले गर्दा देश शोकाकुल बनेको छ । गरीब जनताको लागि आशाको दीप निभेको छ । यो देशमा अन्याय, अत्याचार, शोषण, दमन हटाउनको लागि लाखौँ मदन र जीवराज जस्ता व्यक्तिको खाँचो छ ।

### ४.२.१.५ भाषाशैली

भाषाका माध्यमबाट गरिने अभिव्यक्तिको प्रकारलाई भाषाशैली भनिन्छ । भाव वा विचारको अभिव्यक्तिका लागि कविताको अति महत्त्वपूर्ण तत्त्व भाषाशैली हो । भाषाशैलीविना कविताको परिकल्पना गर्नु सम्भव हुँदैन ।[81] भाषाकै सामर्थ्य वा शक्तिद्वारा कविता सृजना हुन्छ र कविताको गौरव पनि त्यसमा प्रयुक्त भाषामै अन्तर्निहित हुन्छ । भाषा परिवर्तनशील वस्तु भएकाले भाषाबाट निर्मित कविता पनि स्थिर नभई परिवर्तनशील नै हुनजान्छ । कवितालाइ साकार र मूर्त तुल्याउने साधन भाषा हो र यसको प्रयोगगत विविधताका आधारमा विधागत विभेद जन्मन्छ । अन्य गद्यविधाका तुलनामा कविताको भाषा लयात्मक, रागात्मक, ध्वन्यात्मक, सौन्दर्यमूलक, आलङ्कारिक, भावोपयोगी, विचलनयुक्त, सुगठित, गतिशील हुनुका साथै अधिकांशत: उच्च प्रयुक्ति र अंशत: मध्यम प्रयुक्तिमा आधारित हुन्छ । प्रयुक्ति विषयवस्तु वा प्रयोक्तामा निर्भर भए पनि कवितामा मुख्यतया उच्च प्रयुक्तिकै प्राधान्य रहन्छ । यस उसले यसैबाट कविताको स्तरीयताको मापन निर्धारण गर्ने गरिन्छ ।[82] चेतकान्त चापागाईंका कृतिहरू मध्ये **दासढुङ्गाको व्यथा गाथा** कृति पनि नेपाली जनताले पढ्दा खेरि सबै जनताले सजिलो बुझ्न सक्ने खालको छ । सहज शैलीमा अति

---

[80] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता-काव्य,** पूर्ववत्, पृ. ११ ।
[81] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता-काव्य,** पूर्ववत्, पृ. १२ ।
[82] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण,** पूर्ववत्, पृ. २४६ ।

सरल शब्दहरूको प्रयोग गरिएको छ । कठिन शब्दावलीको त्यति धेरै प्रयोग भएको पाइँदैन । भाव र विषयवस्तुको गहन प्रस्तुतिमा व्याकरणगत गडबढी कतैकतै भेटिए तापनि झ्याउरे छन्दमा रचना गरिएकोले गर्दा पाठकको मन जित्न सफल भएको छ । अत्यानुप्रास धेरै ठाउँमा मिलेको पाउन सकिन्छ ।

### ४.२.१.६ दृष्टिबिन्दु

कवितामा कविका भाव, विचार, अनुभूति, वस्तु आदिलाई पाठक सामु उपस्थित गर्ने तरिका नै दृष्टिबिन्दु हो ।[83] दृष्टिबिन्दु मुख्यत: प्रथम पुरुषात्मक र तृतीय पुरुषात्मक हुन्छ । **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका लघुकाव्यमा दुवै पुरुषात्मक शैलीमा लेखिएको कृति हो । किनभने यसमा कवि स्वयम्ले मदन भण्डारी र जीवराज आश्रितको षड्यन्त्रपूर्ण हत्याकाण्डलाई विषयवस्तु बनाएर त्यसैको बारेमा आफूले जानेको कुरालाई एकोहोरो किसिमले काव्यभरि आफ्ना विचार लगातार प्रस्तुत गर्दै गएको पाइन्छ ।

### ४.२.१.७ छन्द, रस र अलङ्कार

यस **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका लघुकाव्यमा कवि चेतकान्त चापागाईंले छन्द, रस र अलङ्कारको प्रयोग गरेर कृतिलाई अझ गहन र पठनीय बनाएका छन् ।

#### ४.२.१.७.१ छन्द

छन्द शब्दको व्युत्पादन संस्कृतको ‘छद्’ धातुमा ‘घञ्’ प्रत्यय लागेर भएको हो । ‘छद्’ को अर्थ हुन्छ- आच्छादन गर्नु, रक्षा गर्नु, बाँध्नु वा प्रसन्न पार्नु । यसप्रकार व्युत्पत्तिमूलक वा शाब्दिक अर्थलाई हेर्दा जुन वस्तु वा उपकरणका कारण कविता-काव्य हृदयस्पर्शी हुनाका साथै कविता-काव्यको भाव निश्चित घेरामा बाँधिई संरक्षित हुन्छ र त्यसलाई नै छन्द भनिन्छ ।[84] **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका झ्याउरे लयमा लेखिएको शोक लघुकाव्य हो ।

#### ४.२.१.७.२ रस

सहृदयका मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेको रत्यादि स्थायीभाव रूपी त्यस्तो आनन्दात्मक चित्तवृत्तिलाई रस भनिन्छ ।[85] **दासढुङ्गाको व्यथा गाथा**मा धेरै कविताहरूमा करुण रस छ भने केही कविताहरूमा विभिन्न रस पाउन सकिन्छ ।

**क. करुण रस**

मानवीय जीवन सुखभन्दा पनि बढी दु:खद भएकोले दु:ख वा करुणाको अनुभव भावुक एवम् कोमल हृदय भएको व्यक्तिले मात्र नभएर चोर, हत्याराजस्ता कठो-पाषाण-हृदय भएको व्यक्तिले

---

[83] खगेन्द्रप्रसाद लुइटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत्, पृ. २३७ ।
[84] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली**, तेस्रो संस्करण (संशोधित), (ललितपुर : साझा प्रकाशन, २०५८) पृ. ५९ ।
[85] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. ९१ ।

समेत गर्ने भएकाले करुणरसलाई अत्यन्त व्यापक, लोकप्रिय एवम् मर्मस्पर्शी मानिएको करुणरसको स्थायीभाव शोक हो । यही शोक स्थायीभाव विभावादिका कारण परिपुष्ट अवस्थामा पुगेर करुण रसका रूपमा अभिव्यक्त हुन्छ ।[86] यो शोककाव्य भएकै कारणले पनि यसमा करुण रसको बाहुल्य रहेको देखिन्छ । जस्तै :

अ) निष्ठुर कस्तो रहेछ दिल मानिस हैन कि ?
दयाको बीउ मनको छेउ कुनामा छैन कि ?
ठानेको मित्र रहेछ विष घोलेको पानी नै
छाँगोमा झार्‍यो ठहरै पार्‍यो आँखाको नानी नै । पृ. ३

आ) आमाले छाती पिटेर रोइन् विह्वल भएर
बुबाको गाँठो मुटुमा पर्‍यो काम्दथ्यो पएर
कङ्काल शब्द निकाली रोए भाइ र बैनीले
आँखामा आँसु भरेर रोए साथी र संगीले । पृ. ७

यहाँ मदन भण्डारी र जीवराज आश्रितको दुर्घटनाको खबरले आफन्त मात्र नभई सबै साथी र संगीहरूको कोमल हृदय रोइरहेको छ । सबैको आँखाबाट आँसु झरेको छ । त्यसैले यही दु:खद घटनाले गर्दा करुण रसको भाव प्रकट भएको छ ।

**ख. भयानक रस**

भय स्थायीभावबाट भयानक रसको निष्पत्ति हुन्छ । कुनै डरलाग्दो दृश्य, घटना, वस्तु, प्राणी वा अन्य त्यस्तै कुरा देख्दा अथवा त्यस्ता कुराहरूका बारेमा सुन्दा, पढ्दा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको भाव वा मनोविकारलाई भय स्थायीभाव भनिन्छ ।[87]

अ) गोमन सरी हे अपराधी ! क्या पाप लुकाइस्
अतिथि घरै डाकेर टोक्ने कुकुर फुकाइस्
व्यहोर्नु पर्ला अवश्य तैले धर्तीको सराप
सबैले मिली खन्ने छन् तेरो चिहान धराप । पृ. ३

गोमन सर्प र टोक्ने कुकुर देखेर सबैजना डराउँछन्, तर आज मान्छेसँग मान्छे डराउनु पर्ने अवस्था आएको छ । पैसाको लोभमा होस् वा पदको लोभमा मान्छेले मान्छेलाई मार्न पछि हटेनन्, त्यसैले यहाँ अमर लामालाई विश्वास गर्दा आफ्ना साथीहरूको निधन हुन पुगेको छ । त्यसैले यहाँ भयानक रसको भाव प्रकट भएको छ ।

---

[86] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १११ ।
[87] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. ११४ ।

## ग. शान्त रस

निर्वेद शान्तरसको स्थायीभाव हो, जसको अर्थ हुन्छ सांसारिक विषय वासना, भौतिक सुख-दु:ख, धन-सम्पत्ति, माया-मोह, मान-सम्मान आदिबाट पृथक् भई आन्तरिक वा आध्यात्मिक परमानन्दमा लीन हुनुका निम्ति परर्माथितर्फ उन्मुख हुँदा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको वैराग्यात्मक चित्तवृत्ति शान्तरस हो ।[88]

अ) सर्वदा यही प्रेरणा गर्छ सहीद बोलीले
छातीको गोली शीतल हुन्छ चिन्दछ भोलीले
सागरबाट पानीको थोपा ल्याएको साथले
आँसुको मूल बगाइ लेख्यो गरीब हातले । पृ. १६

अन्याय, अत्याचार, शोषण, दमनको लागि आफ्नो ज्यानको कुनै प्रवाह नराखीकन गोली खान तयार हुन्छन् । त्यस्तो बेलामा उनीहरूको ज्यान गए पनि यदि देशमा सबैतिरबाट शान्ति, सद्भाव कायम भयो भने ती सहिदहरूको उद्देश्य साकार हुन्छ भन्ने भाव प्रकट गर्दै आध्यामिक परमानन्दमा लीन हुनुपर्दछ भन्ने भावलाई प्रकट गरिएको छ ।

## ४.२.१.७.३ अलङ्कार

शब्द र अर्थका माध्यमबाट काव्यमा विशेष सौन्दर्य, शोभा र चमत्कार उत्पन्न गर्ने वा काव्यको आन्तरिक तथा बाह्य सौन्दर्य बढाउने साधन-उपकरणलाई अलङ्कार भनिन्छ ।[89] **दासढुङ्गाको व्यथा गाथा**मा पनि अलङ्कारहरूको प्रयोग राम्रैसँग भएको पाइन्छ ।

---

[88] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. ११७ ।
[89] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १३३ ।

**(क) अन्त्यानुप्रास अलङ्कार**

पाउको अन्तमा अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ ।

यो पीरो आँसु बगेर माटो भिजेको कहानी
बुनेको खस्रो हातको चिनु नजानी नजानी
त्यो न्यानो माया पाउने भोको मनको चरा छ
दु:खीयासँग के हुन्छ अरु आँसुको धारा छ । पृ. १

रेखाङ्कित पदहरूमा पहिलो पाउको अन्तिम अक्षर र दोस्रो पाउको अन्तिम अक्षर समान भएकाले अत्यानुप्रास अलङ्कार भएको हो ।

### ४.२.१.८ निष्कर्ष

कवि चेतकान्त चापागाईंको पुस्तकाकार कृतिमध्ये वि.सं. २०५० सालमा प्रकाशित **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका झ्याउरेमा लेखिएको प्रथम लघुकाव्य कृति हो । दासढुङ्गा भन्ने स्थानमा कमरेड मदन भण्डारी र जीवराज आश्रितको रहस्यमय घटनालाई झ्याउरे गाथाको रूपमा प्रस्तुत गरिएको छ । समाजमा धनी र गरीब बीचको भेदभावलाई अन्त्य गर्नु पर्दछ । भूमि सुधार लागु गर्नु पर्दछ । धार्मिक स्वतन्त्रता कायम राख्नु पर्दछ । समाजमा रहेको रुढिवाद, अन्धविश्वास, कुरीति, विकृति, विसङ्गति, शोषण, दमन र भ्रष्टाचारको तीव्र विरोध गर्दै समानता, सामाजिकता स्वतन्त्रता, राष्ट्रियता र मानवताको पक्षमा बुलन्द आवाज उठाउँदै हिडेको थिए । यसरी गरीब जनताको पक्षमा वकालत गरेको कारणले गर्दा षड्यन्त्रकारीहरूले मदन र जीवराजको ज्यान लिएका छन् । यो देशमा लाखौं लाख मदन र जीवराज जस्ता व्यक्तिको खाँचो छ भन्ने भाव कविले झ्याउरे छन्दका माध्यमबाट प्रस्तुत गरेका छन् । यस काव्यमा करुण रसको बाहुल्य बढी रहेको पाउन सकिन्छ । त्यसैगरी विभिन्न अलङ्कारहरूको प्रयोग गरिएको छ । काव्यमा तत्सम, तद्भव आदि शब्दको अधिक प्रयोग देखिन्छ । अत्यानुप्रास मिलेको देखिन्छ । सरल भाषामा भएकाले सामान्य पाठकहरूले पनि सजिलैसित अर्थ लगाउन सक्छन् ।

### ४.२.२ यात्रा मुक्ति शिखरको कवितासङ्ग्रहको अध्ययन

कवि चेतकान्त चापागाईंको पुस्तकाकार कृतिमध्ये वि.सं. २०५५ सालमा प्रकाशित यात्रा मुक्ति शिखरको कवितासङ्ग्रह उनको दोस्रो कवितात्मक कृति हो । यस सङ्ग्रहभित्र राजनैतिक, सामाजिक, व्यक्तिप्रशंसा, प्राकृतिक र व्यक्तिगत आदि विषयवस्तुभित्र देखापरेको विकृति-विसङ्गति, अन्याय-अत्याचार, शोषण, दमन आदिका बारेमा लेखिएका कविताहरू सङ्ग्रहित छन् ।

### ४.२.२.१ भूमिका

कविता अनुभूतिको अन्तरङ्गको स्वत: स्फूर्त भावलहरी हो, जो उन्मेष वा आह्लादको क्षणमा प्रस्फुटन हुन्छ । कविता भावनाको कोमल अभिव्यक्ति भएकोले कविता जीवनगत भोगाइका अनुभूतिलाई भाषाका माध्यमबाट सुन्दर ढङ्गले प्रस्तुत गरिने कलात्मक अभिव्यक्ति भएको हुँदा कवितामा सहृदयी पाठक रसानुभूतिको अनुभव गरी आह्लादित हुन्छन् ।[90] केही चीजलाई आफ्नो दृष्टिकोणमा जीवन र जगत्लाई हेरी आएको अमूर्त रूपलाई केही माध्यमद्वारा बाहिर प्रकट हुन्छ भन्ने त्यो नै कविता हो ।[91] कवितामा पनि लयगत स्वच्छन्दताका गद्यकवितात्मक (परम्परागत रूपमा गद्य र कविताको साँधको) बिन्दुमा समेत लयको अन्तर्यात्रा गतिशील नै रहन्छ र अन्तर्गीतिको सूक्ष्म र प्रवाह कविताभर अविच्छिन्न रूपमा नै बग्दछ तापनि भाव पक्षका प्राधान्यमा गीतिचेत गतिशील रहेको भाषिक कला नै वस्तुत: कविता हो ।[92] कवि चेतकान्त चापागाईं दोस्रो प्रकाशित कृति **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह उत्कृष्ट कृतिको रूपमा देखापरेको छ । यस कृतिभित्र समाजिक, राजनैतिक, व्यक्तिप्रशंसा, प्राकृतिक र व्यक्तिगत विषयवस्तुलाई समेटेर विविध छन्दहरूको प्रयोग गरेर रचना गरिएको कृति हो ।

समाजमा भएको अन्याय, अत्याचार, शोषण, दमन तथा धनी र गरीब बीचको भेदभाव, महिला हिंसा, बलात्कार, विधवा महिलालाई समाजले हेर्ने दृष्टिकोण आदिलाई समावेश गरिएको छ । त्यसैगरी २०४६ सालपछिको अवस्था, राष्ट्रघाती कार्यप्रति तीव्र असन्तोष, मानवताको खोजी, राष्ट्रियताप्रतिको सद्भाव, जीवनका दु:खद घटनाहरूको प्रकटीकरणजस्ता विषयवस्तुलाई समेटिएको छ ।

### ४.२.२.२ शीर्षक

शीर्षक कविताकृतिको नामाकरण मात्र नभई कृतिका सारभूत भाव विचारको सूचक, सङ्केत वा उद्घाटकसमेत हुनुपर्छ ।[93] यस कवितासङ्ग्रहको नाम **यात्रा मुक्ति शिखरको** राखिएको छ । यही नाम नै यस कवितासङ्ग्रहको शीर्षक पनि हो । यस सङ्ग्रहमा प्रकाशित ६७ वटा कविताहरू समावेश गरिएको छ । यस कृतिको जुन शीर्षक छ, त्यस शीर्षकले सिङ्गो कृतिलाई समेट्न सफल भएको छ । किनभने यस कृतिभित्र जति पनि कविताहरू समावेश गरिएको छ । ती कविताहरूले सामाजिक, राजनैतिक, व्यक्तिप्रशंसा, प्राकृतिक र व्यक्तिगत आदि विषयवस्तुभित्र देखिएका अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचार, महिला हिंसा, बलात्कार, विधवालाई समाजले

---

[90] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता-काव्य,** (भोटाहिटी : नवीन प्रकाशन, २०६६), पृ. ७ ।

[91] केशवप्रसाद उपाध्याय, **साहित्य प्रकाश,** छैंटौ संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५९) पृ. १४ ।

[92] बासुदेव त्रिपाठीसमेत, **नेपाली कविता,** (भाग-४), तृतीय संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५४), पृ. २५ ।

[93] बासुदेव त्रिपाठीसमेत, पूर्ववत्, पृ. १७ ।

हेर्ने दृष्टिकोण आदिलाई कसरी अन्त्य गर्न सकिन्छ र त्यसबाट कसरी मुक्ति मिल्दछ भन्दै सम्पूर्ण नेपाली जनतालाई सचेत गराएका छन् ।

### ४.२.२.३ संरचना

**यात्रा मुक्ति शिखरको** (कवितासङ्ग्रह) वार्णिक छन्द, गीतिलय गरी ६७ वटा कविताहरू समाविष्ट भएको फुटकर कविताहरूको सङ्ग्रह हो । कमल, तुलसी, प्रकाश चापागाईंद्वारा प्रकाशित उक्त काव्यको आवरण पृष्ठ, प्रकाशकीय, समर्पण, शुभेच्छा सुमन, शुभकामना, मेरो भन्नु, भूमिका खण्ड र कविताक्रम बाहेक ११६ पृष्ठमा संरचित छ । बाह्य आवरण हेर्दा एउटा पर्वत देखिन्छ । त्यसको फेदीमा दुईजना मानिसहरू उकालो चढ्दै गरेको दृश्य अवलोकन गर्न सकिन्छ । वि.सं. २०५५ जेष्ठ १० गते भ्रातात्रय कमल, तुलसी र प्रकाश चापागाईंद्वारा प्रकाशित गरेका छन् । मूल्य रू. ३० रहेको छ । त्यसपछि अगाडिको भागमा २०५२ सालदेखि यो कृति प्रकाशनमा आउँदाका दिनसम्म जनयुद्धका महान् अभियानमा अमरता पाउने वीर शहीदहरूप्रति समर्पण गरिएको छ । *शुभेच्छा सुमनमा* गोविन्दराज विनोदीको पद्यात्मक लेख छ, पी.आर. पौडेलको पनि लेख यहाँ समावेश गरिएको छ । प्रकाश चापागाईंले आफ्नो दाजुलाई *शुभकामना,* भाइ त्रय कमल, तुलसी, प्रकाश चापागाईंको *प्रकाशकीय* लेख छ । यसैगरी कवि चेतकान्तका कविता वाटिकामा चहार्दा उपशीर्षक राखी भूमिका खण्डमा ताराकान्त पाण्डेयले कृतिले भन्न खोजेको कुरालाई देखाउन खोजेका छन् । दुई शब्दमा लेखक स्वयम्ले कृतिको बारेमा छोटो मीठो भनाइ प्रस्तुत गरेका छन् ।

आन्तरिक संरचनाको दृष्टिले हेर्दा विविध छन्दहरूको प्रयोग गरिएको छ । कवितामा अन्त्यानुप्रासको अधिक प्रयोग गरिएको छ । वि.सं. २०४६ सालको प्रजातन्त्रको पुनर्बहाली पछि यो देशमा भएको अन्याय, अत्याचार, शोषण, दमन, विकृति र विसङ्गतिलाई कविताको माध्यमबाट देखाउन खोजिएको छ । समाजमा महिलामाथि गरिएको अन्याय, अत्याचार, शोषण आदिलाई कविताको माध्यमबाट देखाउन खोजिएको छ । यसैगरी व्यक्तिप्रशंसा, प्राकृतिक, व्यक्तिगत आदि विषयवस्तुलाई कवितामा समावेश गरिएको छ ।

### ४.२.२.४ यात्रा मुक्ति शिखरको अध्ययन

यस कवितासङ्ग्रहमा सामाजिक, राजनैतिक, व्यक्तिप्रशंसा, प्राकृतिक र जीवनगत पीडा आदिलाई भावविधानका आधारमा प्रस्तुत गरिएको छ ।

#### ४.२.२.४.१ सामाजिक भाव

कवि चेतकान्त चापागाईंको यस कृतिभित्र सामाजिक विषयवस्तुलाई लिएर विभिन्न शीर्षकका कविताहरू सृजना गरिएका छन् । यी शीर्षकहरूभित्र नेपाली समाजमा गरीब जनताले

ठूलाबडाको काम गरेर पनि उनीहरू सधैँभरि भोकै बस्नुपर्ने, खुल्ला आकाशमा सुत्नुपर्ने, कपडा लगाउन नपाउनेजस्ता समस्याहरू भोग्नु परेको यसरी देखाइएको छ :

उनै ढुङ्गा फोर्छन् चउर पनि जोत्ने बल गरी
उनै ढाका बुन्छन् तर हर उदाङ्गा जुनिभरी
भकारी भर्दिन्छन् करबल अरूकै मन पुरा
उनै भोकै सुत्छन् सहनु कसरी लौ भन कुरा ?

सहनु कसरी लौ भन कुरा ? पृ. २८

यसैगरी समाजमा महिलाले दाइजो नल्याउँदा भोग्नु परेको पीडा तथा पति विनाको विधवा जीवन कष्टमय हुन्छ । त्यसैगरी पति, छोराछोरी सबैलाई छोडेर यौनको चाहनामा हिँडेका महिलाले समाजमा कस्तो अवस्था भोग्नु पर्ने रहेछ भन्ने भावलाई कविताको माध्यमबाट यसरी देखाइएको छ :

एक्लो जीवन नाउ त्यो अब कहाँ उत्रिन्छ पानी भरी ।
अल्पियो गहिराइको सतहमा चुर्लुम्म भित्रै परी ॥
बिर्सी बिर्सिसकिन्न त्यो सिँदुरको टीका भयो बर्जित ।
सेतो बस्त्र लपेटिएर बिचरी गंगा थिइन् मूर्च्छित ॥

गंगा थिइन् मूर्च्छित । पृ. १२

तिम्ले जानु थियो अगाडि नहुँदै यी लालबालाहरू
हुन्थ्यौं आँट लिई फरार पहिले थिएन बाधा बरु
ऐले भल्भल यी रुवाइ घरमा जञ्जाल छोडी कता
टाढा लम्कनु यो कुसाइत भयो आश्चर्य मान्छु मता

घर छोडी जानेलाई ..... पृ. ३७

मैना बित्न नपाउँदै ती दुईको सम्बन्ध टुट्ने कुरो
तेर्सियो कसरी र थाम्थुम भयो खुल्दैन भित्री चुरो
फेरी खेल बढ्यो हराउन गयो कुपुत्र हाम्रो भनी
थालीदैछ यहाँ रुवाउन चरी षड्यन्त्र जालो बुनी

सुक्तैछ हा प्याउली । पृ. ७५

हाम्रो समाजमा धनी र गरीब बीचको भेदभाव, महिलालाई समाजले हेर्ने दृष्टिकोण, दाइजो नल्याउँदा भोग्नुपरेको अवस्था, विधवा जीवन आदि भावलाई देखाउन खोजिएको छ ।

### ४.२.२.४.२ राजनैतिक भाव

कवि चेतकान्त चापागाईंको यस कृतिभित्र राजनैतिक विषयवस्तुलाई लिएर विभिन्न शीर्षकका कविताहरू सृजना गरिएका छन् । वि.सं. २०४६ सालमा जनताले पञ्चायत व्यवस्थालाई फालेर बहुदलीय प्रजातन्त्रको स्थापना गरे पनि नेतृत्व वर्गले आफ्नो स्वार्थी प्रवृत्तिलाई त्याग्न

सकेनन् । आफ्नो कुर्ची टिकाउने मात्र काम गरे । देशका बहुमूल्य प्राकृतिक सम्पदाहरूलाई छिमेकी देश भारतलाई सुँम्पदै गए । गरीब जनताको आँखामा छारो हाल्ने मात्र काम गरेको यसरी बयान गरिएको छ :

घुम्थे ती पहिले गरीबहरूका छाप्रा नियाल्दै रुँदै
स्वप्नाका सुख बाँड्दथे लहडका पोका गरुङ्गा फुँदै
यौटा भोट पनि भयो भुवनमा पाहाड भन्दा ठूलो
कुर्सीमा कपटी पुगेपछि यता बल्दैन क्यारे चुलो

पीडाबोध पृ. ५५

कोशी पूर्व सगुन सरि त्यो दिल्लीमा गै चढाए
मेची साख्खै गुरु सकुनिका हातमा थम्थमाए
सुस्ता खाए मरु सरि बने गण्डकीका किनार
आमा ! रुन्छिन् टनकपुरमा तड्पँदै बार बार ।

अस्मिता गुम्न लाग्यो । पृ. ५८

लुटेरा घरकै मिलेर धनको खोलो बगाई सके
सानो झोपडी त्यो पनि कपुतले आगो लगाई सके
ठूलो इज्जत मान गौरव कठै पानी बनाई सके
'हल्लातन्त्र' सुनेर देश जनता सारै घिनाई सके

हल्लातन्त्र पृ. ९१

वि.सं २०४६ सालको प्रजातन्त्रबाट देशमा कुनै परिवर्तन नभएकोले र जनताले आफ्नो हक र अधिकार नपाएकाले नौलो जनवादी राज्यको परिकल्पना गरेका छन् र त्यो व्यवस्था कहिले आउँछ भनेर कवि यसरी प्रतीक्षामा रहेका छन् :

आमा बालककी ढलिन् जमिनमा यै धर्तीका खातिर
हत्या बालकको सुनी हृदय यो चर्केन कस्को तर
युवा जोश अझै छयालिस तिरै तानेर ब्यूँझाउँछ
आमाको सपना हिमालय हुँदै कैलें यहाँ आउँछ ?

आमाको सपना पृ. २९

लागौं आजै कठिन पथमा युद्ध नै छेड्नु पर्छ
यौद्धा होऊँ कुशल पहिले जाल यो तोड्नु पर्छ
हेपाहाका नजरहरूमा क्रान्तिको दीप बाली
धाबा बोलौ युवकहरू हे ! लालझन्डा उचाली

लालझन्डा उचाली पृ. २१

पटक-पटक र ठाउँ ठाउँमा हुँदै आएको नेपाली भूभागमाथिको भारतीय अतिक्रमण र हस्तक्षेपको घटनालाई कविताको मुख्य विषयवस्तु बनाएर उनले यसरी कविताको रचना गरेका छन् :

कोशी, गण्डकले पुगेनछ महाकाली धकेल्ने बल
गर्दै छन् दिन रात चिन्तन उनै सत्ता छिनेका हुल
गाड्दैछन् मुटुमा किला जननीको गिर्दै गयो हालत
नेपाली धरती, अजिङ्गर बनी निल्दैछ रे भारत

निल्दैछ रे भारत पृ. ५३

वि.सं. २०४६ सालमा जनताले पञ्चायत व्यवस्थालाई फालेर बहुदलीय प्रजातन्त्रको स्थापना गरे पनि नेतृत्व वर्गले आफ्नो स्वार्थी प्रवृत्तिलाई त्याग्न सकेनन् । त्यस परिणामबाट नेपाली जनताले स्वतन्त्रता, स्वाधीनता प्राप्त गर्न सकेनन् । देशमा अन्याय, अत्याचार बढ्न थाल्यो । नेताहरूले आफ्नो कुर्ची टिकाउनको लागि छिमेकी देश भारतलाई नेपालका बहुमूल्य प्राकृतिक सम्पदाहरू सुम्पदै गए जसको कारणले अहिले विभिन्न भू-भाग डुबानमा परेको छ, नेपाली जनताले लोडसेडिङ वा अन्धकारमा बस्न विवश भएका छन् भन्ने भावलाई देखाउन खोजिएको छ ।

## ४.२.२.४.३ व्यक्ति प्रतिभाको भाव

कवि चेतकान्त चापागाईंको यस कृतिभित्र व्यक्ति प्रतिभालाई विषयवस्तु बनाएर विभिन्न कविताहरू सृजना गरिएका छन् । यी विभिन्न कविताहरूभित्र के पाउन सकिन्छ भन्ने एक चोटि भेटघाट गरेपछि त्यसलाई निरन्तरता दिनुपर्दछ । साथी-साथीमा भएगरेका उन्नति र प्रगतिलाई सधैँभरि कायम राख्दै अगाडि बढ्नुपर्दछ । एउटाको गल्ती अर्काले केलाउँदै उसलाई फेरि गल्ती दोहोरिन नपाओस् भन्दै सतर्क गर्नु पर्दछ । मित्रता कायम राख्दै सधैं भेटघाट तथा पत्राचार गर्नु पर्दछ । आफूले आफैलाई ठूलो भन्ने प्रवृत्तिलाई हटाएर अरुले आफूलाई ठूलो मान्छे भन्ने प्रवृत्तिलाई जोड दिनुपर्दछ । कतिपय कविताहरू पूर्ववर्ती कवि विशेषसँग पनि सम्बन्धित छन् भन्ने भावका कविताहरू यसमा रहेका छन् :

लक्ष्मी यो देशमा सच्चा योग्य आदर्श पुत्र हौ
साहित्याकासमा बल्ने उज्याला चन्द्र सूर्य हौ

श्रद्धासुमन पृ. ३२

सखा आमोदीको कलम अब विश्राम नगरोस्
म भन्छू यै माटो कुशल कविको आर्जन बनोस्
म खेतीपातीमा जनमभर भुल्नै विवश छु
यहाँ घोट्दा घोट्दै शरीर दिनहूँ दुर्बल म छु

उद्गार कवि आमोदीप्रति । पृ. १०६

एकचोटि भेटघाट गरेपछि त्यसलाई निरन्तरता दिनुपर्दछ । साथी-साथीमा भए गरेका उन्नति र प्रगतिलाई सधैँभरि कायम राख्दै अगाडि बढ्नु पर्छ भन्ने भावलाई देखाइएको छ ।

### ४.२.२.४.४ प्राकृतिक भाव

कवि चेतकान्त चापागाईंका केही कविताहरू स्वच्छन्दतावादीतिर झुल्केको पाउन सकिन्छ । प्रकृतिलाई विषयवस्तु बनाएर मानव जातिले प्रकृतिबाट पाएका सुख र दु:खको अवस्था र प्रकृतिबाट मानिस टाढा रहन नसक्ने अवस्थालाई कविताको माध्यमबाट प्रस्तुत गरेका छन् । मानिस जहाँ गए पनि आफ्नो जन्मभूमि र आफू जन्मेको ठाउँको सधैँ सम्झना रहिरहन्छ भन्दै कविताको माध्यमबाट यसरी भाव व्यक्त गरेका छन् :

धरालाई घुम्टो हरित रङको च्यादर झिकी ।
दिई वासन्तीले वदन पनि ढाकीवरि सकी ॥
उता ताकी हेरी गगन तिर पारी खलबली ।
गरी हल्का वर्षा कुसुम पिपिरामा अलि अली ॥

वसन्त महिमा पृ. ९

सेती लुक्दै घरिघरि कहीँ देखिदै बग्छ धार
चिम्ली आँखा हिंडि विरह वा लाजले के विचार
गाना मीठो विजयपुरको सुन्न टाढा भयौ कि ?
रुपारानी शयन कविजी ! पोखरा बिर्सियौ कि ?

पोखरा बिर्सियौ कि ? पृ. ८६

मावन जातिले प्रकृतिबाट पाएका सुख र दु:खको अवस्था र प्रकृतिबाट मानिस अलग रहन नसक्ने अवस्थालाई देखाउन खोजिएको छ । प्रकृति र मानिसको सम्बन्ध नङ र मासुको जस्तै निकट छ भन्ने भावलाई देखाउन खोजिएको छ ।

### ४.२.२.४.५ जीवनगत पीडा

कवि चेतकान्त चापागाईंका केही कविताहरू व्यक्तिगत शीर्षकमा पनि रचना गरेका छन् । आफूले जीवनमा पाएको सुख र दु:खका क्षणको भावलाई कविताको माध्यमबाट यसरी व्यक्त गरेका छन् :

सङ्घर्ष गर्दै वैरीको साथ जीवन चलाई
पातको साँगु कुल्चेर पारी तर्नु छ मलाई

रोगी शैय्याबाट पृ. ४३

यत्ती खानु हवस् अली बल गरी, बस्दै सिरानी निर
पिल्पिल् आँसु भरी दुवै नजरमा लक्ष्मी यहाँ आखिर
स्याहार्ली कसरी र गृह उसको चल्नेछ कस्को भर ?
यस्तै तर्क वितर्क चल्छ मनको भित्री किनारातिर

अन्त्यको झझल्को पृ. ४६

आफूले जीवनमा पाएको सुख र दु:खका क्षणको भावलाई कविताको माध्यमबाट यसरी व्यक्त गरेका छन् ।

### ४.२.२.५ भाषाशैली

चेतकान्त चापागाईंका कृतिहरूमध्ये **यात्रा मुक्ति शिखरको** कृति पनि नेपाली जनताले पढ्दा खेरि सबै जनताले सजिलै बुझ्न सक्ने खालको छ । उनको कविताको विषय वर्तमान हो । वर्तमान समयमा आफूले देखेको र भोगेको विषयवस्तुलाई टपक्क टिपेर प्रचलित तत्सम शब्द जस्तै जननी, स्नेह दुग्धधारा, आशा, किरण, रजनी, कविता, कल्पना, बाग, फूल, सखी, प्रीति आदि शब्दहरूको धेरैभन्दा धेरै प्रयोग गरेर कविताको निर्माण गरेका छन् । त्यसैगरी झर्रा र आगन्तुक शब्दको कम प्रयोग उनको कवितामा पाउन सकिन्छ । कवि चेतकान्त चापागाईंको यस कृतिमा धेरै प्रचलित र सबैले मन पराउने छन्दको प्रयोग गरिएको छ ।

### ४.२.२.६ छन्द, रस र अलङ्कार

यस कवितासङ्ग्रहभित्र भएका विविध विषयवस्तुहरूलाई छन्द, रस र अलङ्कारको प्रयोगले कृतिलाई अझ गहन र मिठासपूर्ण बनाएको छ ।

### ४.२.२.६.१ छन्द

कविता-काव्यका पाउ-पाउमा वर्णहरूको मात्राको निश्चित क्रम र सङ्ख्या, गणको क्रम, वर्ण वा मात्राको गणना, यति-गति विधान आदिसँग सम्बद्ध सुनिश्चित नियमहरूका आधारमा

पद्यात्मक रचना गरिने विशिष्ट प्रक्रिया विशेषलाई नै छन्द भनिन्छ ।[94] **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रहमा प्रचलित विविध छन्दहरूको प्रयोग गरिएको छ ।

## क) अनुष्टुप् छन्द

अनुष्टुप् छन्द प्रत्येक पाउमा ८-८ वर्ण वा अक्षरहरू हुन्छन् । अन्य वर्णिक छन्दका तुलनामा यो छन्द अलि भिन्न प्रकारको हुन्छ । यस छन्दको प्रत्येक पाउको पाँचौ वर्ण लघु र छैटौं वर्ण गुरु हुन्छ तथा दोस्रो र चौथो पाउका सातौं वर्णहरू लघु हुन्छन् ।[95] यस कवितासङ्ग्रहमा अनुष्टुप छन्दको चार श्लोकका एउटा कविता, आठ श्लोकका एउटा कविता, नौ श्लोकका एउटा कविता, दश श्लोकका एउटा कविता र बीस श्लोकका एउटा कविता गरी जम्मा पाँचवटा कविताहरू सङ्ग्रहित छन् । यहाँ कवि चेतकान्त चापागाईंद्वारा रचित अनुष्टुप् छन्दका केही नमुना प्रस्तुत गरिएका छन् :

कविता महको पोला लिन्छु मुख रसाउछु ।
कविता स्वाद जिभ्रोमा खेलाएर रमाउँछु ॥
कविता आराधना पृ. १

होनाहार गुमे हाम्रा विष्णु होऊन् अजम्बरी
फिजियोस् उनको गाथा नेपाली धरती भरी
श्रद्धाञ्जली स्व.क. विष्णु दवाडीप्रति पृ. १७

अस्तायो शारदी मूल्य मान्यता त्यो मनोरम
हेमन्त कालको पास बल्भिएछ 'प्रशासन'
हेमन्त महिमा पृ. ६९

जसरी मौरीको मह मीठो हुन्छ, त्यसैगरी छन्द, रस, अलङ्कार, बिम्ब र प्रतीकको प्रयोगले कविता पढौ पढौ लाग्छ । यसैगरी प्रजातन्त्रको पुनर्बहाली पछि पनि देशमा अन्याय, अत्याचार, शोषण, दमन मौलाउन थाल्यो, जसले गर्दा गरीब जनताले आफ्नो हक, अधिकार पाउन सकेनन् । आफ्नो अधिकार सबै सरह पाउनु पर्दछ भन्दै हिँड्दाखेरि त्यस्ता व्यक्तिलाई आतङ्ककारीको संज्ञा दिँदै उनीहरूको ज्यान लिएका छन् भन्ने भावलाई व्यक्त गरिएको छ ।

## ख) शार्दूलविक्रीडित छन्द

---

[94] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** तेस्रो संस्करण (संशोधित), (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ६० ।
[95] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. ६६ ।

शार्दूलविक्रीडित छन्दको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू हुन्छन् । यस कवितासङ्ग्रहमा चार श्लोकका कविता सातवटा, पाँच श्लोकका कविता तीनवटा, छ श्लोकका चारवटा, सात श्लोकका दुईवटा, आठ श्लोकको एउटा, तेह्र श्लोकको एउटा, बीस श्लोकको एउटा गरी जम्मा उन्नाइसवटा कविताहरू सङ्ग्रहित छन् । यस छन्दका केही नमुना प्रस्तुत गरिएको छ :-

भोका छन् असमान यो मुलुकमा लाला र बालाहरू ।
नाङ्गा छन् हर ढाक्नलाई नसकी छाती जलेकाहरू ॥
छाप्रोसम्म नभै चाहर्दछ कुनै पाटी र पौवा अहो !
आमाको मुटुम चसक्क बिझ्ने कस्तो प्रजातन्त्र यो ? ॥

कस्तो प्रजातन्त्र यो ? पृ. ६

इच्छा यो सुमधुर प्रेम वरमा फैलेर झाङ्गी रहोस्
आशा यो अब माइती तरफमा पीयूस भाषा बहोस्
बन्धु-माधविको पवित्र दिलमा यौटै सदिच्छा फुलोस्
लामो जीवन मार्गमा चहकिलो कीर्ती सुनौला खुलोस्

छोरीको बिदाइमा पृ. २७

धनी र गरीब बीचको भेदभावलाई हटाउनु पर्दछ । गरीबले पनि धनी सरह बाँच्न पाउनु पर्दछ भन्ने भाव व्यक्त गरिएको छ । यसैगरी विवाहित श्रीमान् र श्रीमती बीचको सम्बन्ध प्रगाढ बन्दै जाओस् भन्ने भावलाई प्रस्तुत गरिएको छ ।

### ग) **शिखरिणी छन्द**

शिखरिणी छन्दको प्रत्येक पाउमा पनि १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् । यस कवितासङ्ग्रहमा तीन श्लोकका कविता दुईवटा, चार श्लोकका कविता सातवटा, पाँच श्लोकका कविता एउटा, छ श्लोकका कविता एउटा, दस श्लोकको कविता एउटा, सोह्र श्लोकको कविता एउटा गरी जम्मा तेह्रवटा कविताहरू सङ्ग्रहित छन् । यस छन्दका केही नमुना प्रस्तुत गरिएको छ :

हट्यो सारा मैलो शिशिर ऋतुको नीरसपना ।
उदायो वासन्ती रमझम पलाए सब मुना ॥
पुराना मैलेका वसनहरू फाली पर पर ।
मुजुराए नाङ्गा तरुवर कलीला फरफर ॥

वसन्त महिमा पृ. ८

यहाँ नौलो तारा गगनतिर अर्को उदय भो
बल्यो ज्वाला रातो अमर पथमा बिम्बित भयो

दरौदी खोलाको बगरनिर छाँया मुनि लुकी
कसाईका टोली जलि-जलि बसेछन् पथ ढुकी
स्मृति पत्र पृ. ५९

यहाँ युवतीप्रति कुदृष्टि राख्ने व्यक्तिलाई व्यङ्ग्य गर्न खोजिएको छ । पुरुष प्रधान समाजमा महिलामाथि हुने दुर्व्यवहारलाई यस कविताले व्यङ्ग्य गरेको छ ।

**घ) मन्दाक्रान्ता छन्द**

मन्दाक्रान्ता छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् । यस कवितासङ्ग्रहमा चार श्लोकका कविता एघारवटा, पाँच श्लोकका कविता दुईवटा, छ श्लोकका कविता दुईवटा, सात श्लोकको कविता एउटा, आठ श्लोकका कविता दुईवटा गरी जम्मा अठारवटा कविताहरू सङ्ग्रहित छन् । यस छन्दका केही नमुना प्रस्तुत गरिएको छ :

छाती थापी सडकहरूमा वीरताको उज्यालो
ज्योति बाल्दै मुलुक भरमा पंचको जीर्णजालो
फाल्यौं श्रद्धा सुमनहरूको रक्त पोखी बगाई
गोली हान्नेसँग मिलन भो, लाज लाग्यो मलाई ।
'लाज लाग्यो मलाई' पृ. १९

तातो रातो रगत पसिना सिंचिएको धरामा
रोपौं नौला कुसुम कलिला बोट हाम्रा गरामा
चासो राखौ छलफल गरौं, चेतना दीप बाली
धावा बोलौं युवकहरू हे ! लाल भ्ण्डा उचाली ।
'लालभ्ण्डा उचाली' पृ. २१ ।

पञ्चायती व्यवस्थाको समर्थन गर्ने व्यक्ति र विरोधी व्यक्तिसँग मिलन हुँदाको अवस्थालाई व्यङ्ग्य गरिएको छ । यसैगरी प्रजातन्त्रको पुनर्बहाली पछि पनि देशमा अन्याय, अत्याचार, शोषण, दमन नहटेपछि नौलो जनवादी राज्यको परिकल्पना गरिएको छ ।

**ङ) स्रग्धरा छन्द**

स्रग्धरा छन्दको प्रत्येक पाउमा २१-२१ वर्ण वा अक्षरहरू हुन्छन् । यस कवितासङ्ग्रहमा चार श्लोकको एउटा कविता, छ श्लोकको एउटा कविता गरी जम्मा दुईवटा कविताहरू सङ्ग्रहित छन् । यस छन्दका केही नमुना प्रस्तुत गरिएको छ :

छोटा छोटा सिढींको पथ बिच बिचमा बालुवा पोखिएको
रातो चिल्लो चलेको फरफर कलिलो आँकुरा पाखुरीको
गोपीको बाँस अग्लो, लहलह बिरुवा सुन्तलाको बढेको

वारीपारी अरुको टलटल टिनको स्वेत छाना जडेको ।

मामाघर पृ. ५

पोखी आँसु थियो यो कविसँग मनको मर्म पोख्ने मुराद
पोको जम्मै फुकाई फरफर अनिदो देशको अतिनाद
मेरो आशा सुधा के ? तपतप कवित्री हातमा पर्छ होल ?
या उल्टै लिन्छ हावा गति अनि अवला कोपिला झर्छ होला ?

अनुरोध पृ. ९३

कविले पोखराको प्राकृतिक वातावरणलाई चिनाउन खोजेका छन् । यसैगरी देशमा भएको अन्याय, अत्याचार, शोषण, दमनलाई कविताको माध्यमबाट स्रष्टाले कुन रूपले हेरेका छन् भन्ने भावलाई व्यक्त गरिएको छ ।

**च) वसन्ततिलका छन्द**

यस कवितासङ्ग्रहमा वसन्ततिलका छन्दमा छ श्लोकको एउटा कविता सङ्ग्रहित गरिएको छ । यस छन्दको नमुना यसप्रकार प्रस्तुत गरिएको छ :

मौलाउँदै कुन छ यो घर शून्य पारी ?
नेताजीका भजन मण्डली विघ्नकारी ।
संपूज्यका रगतको बलिदान केभो ?
सम्पूर्ण भारत मुखी भई बाँच्नु यै भो ।

प्रश्नोत्तर पृ. ४

कुर्ची मोहको कारणले गर्दा आफ्नो देशको बहुमूल्य वस्तु छिमेकी देश भारतलाई सुम्पदै जाने हो भने यो देशमा अब के कुरा बाँकी नै रह्यो भन्ने व्यङ्ग्यात्मक भाव प्रकट गरेका छन् ।

**छ) उपजाति**

इन्द्रवज्रा र उपेन्द्रवज्रा यी दुई छन्दहरूको सम्मिलित रूप हो अर्थात्  इन्द्रवज्रा र उपेन्द्रवज्रा छन्दलाई सँगसँगै प्रयोग गर्दा जुन तेस्रो प्रकारको छन्द देखापर्छ, त्यसलाई उपजाति छन्द भनिन्छ ।

पानी भए जीवन अर्थ हुन्छ
पानी विना जीउन व्यर्थ बन्छ
पानी हुँदा यो रचना चलेको
रहेछ संसार फुले फलेको

पानी पृ. ८३

पानी विना कुनै पनि सजीव प्राणी र वनस्पति बाँच्न नसक्ने अवस्थाको चित्रण गरिएको छ ।

**ज) लोक छन्द (झ्याउरे)**

लोक छन्दमा अन्त्यानुप्रास तोडिनु हुन्न । लय सल्ल बग्ने खालको हुनुपर्दछ । यस कवितासङ्ग्रहमा पाँच श्लोकका दुईवटा कविता, छ श्लोकको एउटा कविता, पन्ध्र श्लोकको एउटा कविता गरी जम्मा चारवटा कविताहरू सङ्ग्रहित छन् । यस छन्दका केही नमुना प्रस्तुत गरिएको छ :

सङ्घर्ष गर्दै वैरीको साथ जीवन चलाई
पातको साँगु कुल्चेर पारी तर्नु छ मलाई

रोगी शैय्याबाट पृ. ४३

यस कवितामा कवि चेतकान्त चापागाईंलाई जन्डिस र क्षयरोग दुवैले एकै साथ आक्रमण गर्दा जीवनप्रति नैरश्यताको भाव व्यक्त गरेका छन् ।

## ४.२.२.६.२ रस

सहृदयका मनमा वासना वा संस्कारका रूपमा सुषुप्त अवस्थामा रहेको रत्यादि स्थायी भावरूपी त्यस्तो आनन्दात्मक चित्तवृत्तिलाई रस भनिन्छ ।[96] यस कवितासङ्ग्रहमा विभिन्न रसहरू समावेश गरेको पाइन्छ । जसले यस कवितासङ्ग्रहलाई सुन्दर र कलात्मक बनाएको छ । यस काव्यमा करुण, भयानक, शान्त, वीभत्स, वीर, हास्य रसहरू समावेश गरिएको छ ।

### क) करुण रस

पुत्र-कलत्र आदि प्रियजनसितको वियोग वा तिनको विपत्ति वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनाश देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ ।[97] यस रसका केही नमुना यसरी प्रस्तुत गरिएका छन् :

एक्लो जीवन नाउ त्यो अब कहाँ उत्रिन्छ पानी भरी ।
अल्पियो गहिराइको सतहमा चुर्लुम्म भित्रै परी ॥
बिर्सी बिर्सिसकिन्न त्यो सिदुरको टीका भयो बर्जित ।
सेतो बस्त्र लपेटिएर बिचरी गंगा थिइन् मुर्च्छित ॥

गंगा थिइन् मुर्च्छित पृ. १२

होनहार गमे हाम्रा विष्णु होउन् अजम्बरी
फिजियोस् उनको गाथा नेपाली धरती भरी

श्रद्धाञ्जली स्व.क. विष्णु दवाडीप्रति पृ. १७

---

[96] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत् पृ. ९१ ।
[97] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** चौथो संस्करण (संशोधित), (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. ५९ ।

पतिको वियोगबाट चिन्तित भएकी गंगाको शोकाकुल अवस्थाको चित्रण गरिएका छ । यसैगरी एक राजनीतिक होनाहार व्यक्तित्वको असामयिक निधनले गर्दा सम्पूर्ण नेपालीहरूको आँखामा आँसु छचल्किएको अवस्थाको वर्णनमा करुण भाव प्रकट भएको छ ।

**ख) भयानक रस**

भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयात्मक चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानकरसको अभिव्यक्ति हुन्छ ।[98] यस रसका केही नमुना यसरी प्रस्तुत गरिएका छन् :

दारा नङ्गा निकालेर खोरभित्रै कोचारियो ।
हतियार फुकालेर थान्को मान्को लगाइयो ॥
उद्घोषक थिए लट्ठै प्रजातन्त्र दिएछ रे ।
भेडाको हुलमा ब्वाँसो सुरक्षित अफैछ रे ॥

संवैधानिक राज्य रे । पृ. १४

कानुनले अपराधीलाई दण्ड दिनुपर्ने हुन्छ, तर अपराध विना नै मानिसले मानिसलाई कीरा सरह मारेको छ के संवैधानिक राज्यमा यस्तै हुन्छ भन्ने भाव प्रकट गरिएको छ ।

**ग) वीर रस**

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ, त्यसैबाट वीर रसको उत्पत्ति हुन्छ । यस रसका केही नमुना यसरी प्रस्तुत गरिएका छन् :

लागौं आजै कठिन पथमा युद्ध नै छेड्नु पर्छ
योद्धा होऊँ कुशल पहिले जाल यो तोड्नु पर्छ
हेपाहाका नजरहरूमा क्रान्तिको दीप-बाली
धावा बोलौ युवकहरू हो ! लालझन्डा उचाली

लालझन्डा उचाली । पृ. २१

हो तिन्कै अपराधको फल बुझौ जो युद्ध चर्की सक्यो
होला वार कि पार गर्जन गरी पहाड गर्जी सक्यो
हत्केला नउठाउ सूर्य अब के छेकेर छेकिन्छ र ?
तिम्रो बन्दुकको घमण्ड सहजै तोडिन्छ हेर्दै गर ।

यै हो प्रजातन्त्र के ? पृ. १०४

---

[98] केशवप्रसाद उपाध्याय, पूर्ववत् पृ. ६१

यस कवितामा युद्धमा आफूले जित्नका लागि आफ्ना पक्षकालाई अगाडि बढ्न आह्वान गर्दा उत्साहभाव प्रकट भएको छ ।

**घ) वीभत्स रस**

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्तवृत्ति वीभत्स रस हो । यस रसका केही नमुना प्रस्तुत गरिएको छ :

छाती थापी सडकहरूमा वीरताको उज्यालो
ज्योति बाल्दै मुलुक भरमा पंचको जीर्ण जालो
फाल्यौं श्रद्धा सुमनहरूको रक्त पोखी बगाई
गोली हान्नेसँग मिलन भो 'लाज लाग्यो मलाई'

'लाज लाग्यो मलाई' पृ. १९

कसोरी फालेको सुमन सरिको जीवन थिची
कसोरी पारेको शरीर कमलाको किचिमिची
सुनी वैरो लाग्यो सकल जनमा सन्सनि बढ्यो
सबै गुन्गुन् गर्थे बहुदल अहो ! के विधि सड्यो ?

स्मृति पत्र, पृ. ६०

यस कवितामा मान्छेको सग्लो शरीरलाई किचिमिची पारेर फालेको र विचार-चिन्तन सडेर गन्हाएको वर्णन गरिएकोले विभत्स रस प्रकट भएको छ ।

**ङ) शान्त रस**

संसारको अनित्यता र नि:सारताको बोधबाट उत्पन्न हुने वैराग्यात्मक चित्रवृत्ति शान्त रस हो । यस रसका केही नमुना प्रस्तुत गरिएको छ :

झर्छन् छाँगा छरर चुलिका, दौडदै काँठ काँठै
बग्छिन् गंगा सलल सुनका थालमा फाँट फाँटै
आमा तिम्रो रूपसँग सँगै गाम बेसी घुमेर
जाउँ जाऊ उदय गिरिमा हुन्छ इच्छा उडेर ।

राष्ट्रप्रेम पृ. १८

यस कविताले प्राकृतिक नेपालको सुन्दर र शान्त भू-बनोटको चित्रण गरेको छ भन्ने भाव प्रकट भएको छ ।

### ४.२.२.६.३ अलङ्कार

शब्द-अर्थका माध्यमबाट काव्यमा विशेष सौन्दर्य, शोभा वा चमत्कार उत्पन्न गर्ने वा काव्यको आन्तरिक तथा बाह्य सौन्दर्य बढाउने साधन-उपकरणलाई अलङ्कार भनिन्छ ।[99] मूलत: शब्दालङ्कार र अर्थालङ्कार गरी अलङ्कारका दुई भेद छन् ।

काव्यमा शब्दको विशेष प्रयोगद्वारा उत्पन्न हुने सौन्दर्य शोभालाई शब्दालङ्कार भनिन्छ । यसमा अनुप्रास, यमक र श्लेष आदि पर्दछन् । शब्दको विशेष प्रयोगमाथि नभएर अर्थमाथि आश्रित हुने अलङ्कारलाई अर्थालङ्कार भनिन्छ । यसमा उपमा, रुपक, दृष्टान्त, उत्प्रेक्षा, समासोक्ति आदि पर्दछन् । **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रहमा अलङ्कारको प्रयोग राम्रोसँग भएको पाइन्छ । अलङ्कारको प्रयोगले कविताको भावमाथि अतिक्रमण गरेको छैन । भावको सहायक बनेको छ । लयलाई सम्बद्ध पारेको देखिन्छ । केही उदाहरण हेरौ :

**क) अन्त्यानुप्रास अलङ्कार**

पाउको आधा वा पाउको अन्तमा अन्तिम अक्षर पूर्ण रूपले मिलेमा अन्त्यानुप्रास हुन्छ ।

इच्छा यो सुमधुर प्रेम वरमा फैलेर झाङ्गी रहोस्
आशा यो अब माइती तरफमा पीयूस भाषा बहोस्
बन्धू-माधविको पवित्र दिलमा यौटै सदिच्छा फुलोस्
लामो जीवन मार्गमा चहकिलो कीर्ती सुनौला खुलोस् । पृ. २७

यहाँ एक पाउको अन्तिम अक्षर अर्का पाउको अन्तिम अक्षरका साथ ठ्याम्मै मिलेको देखिन्छ ।

**ख) प्रश्नालङ्कार**

प्रश्नको प्रयोग भएमा प्रश्नालङ्कार हुन्छ । यस कवितासङ्ग्रहमा प्रश्नालङ्कारको अधिक प्रयोग भएको पाइन्छ ।

खै ती मेरी जनम जननी स्नेहकी दुग्धधार ?
खै आशाकी किरण रजनी साथकी दिव्य तारा ?
खै पाखाकी झलमल उषा फाँटकी स्वर्णआशा ?
खै फक्रेकी कुसुम कलिली मालती सुनगाभा ?
खै ती ....... ? पृ. ६५

उल्लिखित श्लोकहरूमा प्रश्न भाव प्रकट भएकोले प्रश्नालङ्कारको प्रयोग भएको पाइन्छ ।

[99] ईश्वरकुमार श्रेष्ठ, पूर्ववत्, पृ. १२६ ।

### ग) स्वभावोक्ति अलङ्कार

कुनै वस्तु, व्यक्ति वा दृश्य आदिको यथार्थपरक चित्रात्मक वर्णन गरिएमा स्वभावोक्ति अलङ्कार हुन्छ ।

बाँधेको छ पुलुक्क हेर्छ मुखमा भैँसी दिने घाँस को ?
कूँडो पानी मिलाइ दिन्छ कसले दूहुन्छ सम्भेर को ?
ठेकीको दही खल्बल्याइ क्षणमै घार्घुर को गर्छ खै ?
नौनी हात लिँदै उठेर प्रतिमा लौ लेउ को भन्छ खै ?

घर छोडी जानेलाई .... पृ. ३९

यहाँ घरको यथार्थ चित्र उतारिएकोले स्वभावोक्ति अलङ्कार रहेको देखिन्छ ।

### घ) दृष्टान्त अलङ्कार

समान धर्म भएका विभिन्न वस्तुहरूको बिम्ब-प्रतिबिम्ब भाव व्यक्त गरिएमा दृष्टान्त अलङ्कार हुन्छ ।

नुहेका छन् हाँगा फल अधिक भै थाम्न नसकी ।
दयाले पग्लेका नरम दिलका बान्धव सरी ॥
उता कैले चढ्दै घरिघरि ती गर्दै विचरण ।
निकुञ्जैमा रम्छन् हरिणमृगका दौँतरी गण ॥ पृ. ९

फलेर नुहेका वृक्षका हाँगाका माध्यमबाट दयाले पग्लेको नरम हृदयको उदाहरण दिइएकोले दृष्टान्त अलङ्कार देखिन्छ ।

## ४.२.२.७ निष्कर्ष

कवि चेतकान्त चापागाईंको पुस्तकाकार कृतिमध्ये वि.सं. २०५५ सालमा प्रकाशित **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह दोस्रो कृति हो । यस कवितासङ्ग्रहमा सामाजिक, राजनैतिक, व्यक्तिप्रशंसा, प्राकृतिक, व्यक्तिगत आदि विषयवस्तुलाई लिएर विविध छन्द, रस, अलङ्कारको प्रयोग गरेर कविताको रचना गरेका छन् । देशका विभिन्न ठाउँ चहार्दा उनले देखे भोगेका अनुभव गरेका विषयवस्तुलाई कविताको माध्यमबाट कतै आलोचनात्मक कतै व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् ।

समाजमा हुने गरेका अन्याय अत्याचार, शोषण, दमन, पुरातनवादी संस्कार आदिलाई आलोचनात्मक रूपमा प्रस्तुत गरेका छन् । यसैगरी राजनैतिक विषयवस्तुलाई व्यङ्ग्यात्मक रूपमा प्रस्तुत गरेका छन् । उनका जति पनि कविताहरू छन् ती सबै पूर्णभावमय छन् । कृतिमा तत्सम, तद्भवादि शब्दको अधिक प्रयोग देखिन्छ । व्याकरणिक अशुद्धता भने यत्रतत्र फिँजिरहेको पाइन्छ ।

कतै-कतै छन्दभङ्ग भएको देखिन्छ । धेरै ठाउँमा अन्त्यानुप्रास मिलेको पाउन सकिन्छ । कृति सरल भाषामा भएकाले सामान्य पाठकहरूले पनि सजिलैसित भाव ग्रहण गर्न सक्ने देखिन्छ ।

### ४.२.३ राता फूलहरू २०६३ (कवितासङ्ग्रह)

#### ४.२.३.१ शीर्षक

कवि चेतकान्त चापागाईंको साहित्ययात्राको दोस्रो चरणमा प्रकाशित **राता फूलहरू** २०६३ कवितासङ्ग्रह तेस्रो कृति हो । यो सङ्ग्रह विभिन्न स्वरूप र संरचनामा आबद्ध भई जम्मा चार खण्डमा विभाजित छ । यो सङ्ग्रहको नाम र प्रथम खण्डको नाम एउटै छ । प्रथम खण्डभित्र **राता फूलहरू** शीर्षकको एउटा महत्त्वपूर्ण कविता पनि रहेको छ । यही फुटकर कविताको नाममा सिङ्गो कृतिलाई भावगत, विचारगत, चिन्तनगत रूपमा समेटेको छ । यो कविता सङ्ग्रहको प्रथम खण्डमा विचार प्रधान कविताहरू परेका छन् । यसमा पृ. १३-६० सम्म जम्मा ४७ पृष्ठमा ३९ शीर्षकमा विभिन्न मितिमा लेखिएका विविध छन्दका कविताहरू सङ्कलित छन् ।

दोस्रो खण्डलाई कविले देश दुख्दा भन्ने शीर्षक दिएर कोष्ठमा समसामयिक पत्र सङ्कलन भनेका छन् । पृ. ६१-११४ सम्म जम्मा ५३ पृष्ठमा ३९ शीर्षकमा विभिन्न व्यक्तिलाई सम्बोधन गरेर रचिएका पत्रात्मक शैलीका कविताहरू सङ्कलित छन् । यी कविता पनि छन्दोबद्ध ढाँचामा तयार गरिएका छन् । यो खण्डभित्र प्रवेश गर्दा के पाउन सकिन्छ भने साथी-साथीमा रहेको मित्रतालाई कायम राख्दै पद्यात्मक शैलीमा विभिन्न साहित्यिक मित्रहरूलाई देशकाल परिस्थिति अनुसारको घटनालाई कविताको माध्यमबाट प्रस्तुत गरेका छन् ।

तेस्रो खण्डलाई आँसुको चिनो भन्ने शीर्षक दिएर कोष्ठमा शोककाव्य राखिएको छ । पृ. ११५-१३८ सम्म जम्मा २३ पृष्ठमा विविध छन्द, रस, अलङ्कारको प्रयोग गरेर कविताको रचना गरेका छन् । यो खण्डमा कवि चापागाईंले आफ्नी छोरीको असामयिक निधनमा शोक व्यक्त गरेका छन् । चौथो खण्डलाई कविले परिशिष्ट खण्ड भन्ने शीर्षक दिएर कोष्ठमा समवेदना सङ्कलन भनेका छन् । पृ. १३९-१५९ सम्म जम्मा २० पृष्ठमा नौ जना कवि मित्रहरूले शोक सन्तप्त कवि चापागाईंलाई समवेदनाका कवितात्मक पत्रहरू समेटिएका छन् ।

#### ४.२.३.२ संरचना

राता फूलहरू कवितासङ्ग्रह २०६३ कवि चेतकान्त चापागाईंको तेस्रो कृतिको रूपमा देखा परेको छ । यो सङ्ग्रह चार खण्डमा विभाजित गरिएको छ । प्रथम खण्ड, द्वितीय खण्ड, तृतीय खण्ड र परिशिष्ट गरी जम्मा १३५ पृष्ठमा १०१ वटा कविताहरू सङ्कलित गरिएका छन् । अनुक्रमणिका सम्मका १४ पृष्ठ समावेश गर्दा १४९ पृष्ठ यसको वास्तविक आकार हो । कविद्वारा लिखित समर्पण,

इन्द्रप्रसाद रेग्मीद्वारा लिखित शुभकामना निर्मोही व्यासद्वारा मन्तव्य, रचनाकार स्वयम्‌को छन्दमै मेरो कलम कवितात्मक, सङ्गीता अधिकारीद्वारा प्रकाशकीय लेख ।

*राता फूलहरू परिक्रमा गर्दा* समालोचक पोषराज पौडेलको समीक्षा लेख यसभित्रका गद्यात्मक प्रस्तुति हुन् । यी प्रस्तुतिलाई यस कृतिभित्र सङ्ग्रह गरिएका कविताको वैचारिकता र कविको लेखकीय धर्मप्रतिका आँखी-झ्याल हुन् । बाह्यावरण हेर्दा एउटा रातो फूलको बिरुवा देखापर्दछ । आन्तरिक संरचनाको दृष्टिले हेर्दा २०५२ सालदेखि यो कृति प्रकाशन भएको मितिसम्मको यो एक दशकभन्दा बढी समय अवधिमा देशमा भएको अन्याय, अत्याचार, शोषण, दमन, हत्या, आतङ्क, बेपत्ताजस्ता गैरजिम्मेवार कार्यलाई देखाइएको छ । यसैगरी स्रष्टाले व्यक्तिगत रूपमा आफ्नी कान्छी छोरी गायत्री चापागाईंको असामयिक निधनमा शोक व्यक्त गरेका छन् ।

## ४.२.३.३ विषयवस्तु

**राता फूलहरू** विषयगत विविधतायुक्त कवितासङ्ग्रह हो । यस सङ्ग्रहका प्रत्येक कविताहरू अलग-अलग विषयवस्तुमा बाँधिएका छन् । यस कवितासङ्ग्रहले २०५२ सालदेखि यो कृति प्रकाशन हुँदासम्मको अवधिमा देशमा भएको अन्याय, अत्याचार, शोषण, दमन, हत्या, आतङ्क नेपाली दाजु-भाइ बीच एक आपसमा काटमार आदि विषयवस्तुलाई देखाउन खोजेको छ । यसैगरी विभिन्न समयमा विभिन्न साहित्यिक मित्रहरूलाई देशकाल परिस्थितिको चित्रण, साहित्यिक कार्यक्रममा आफू आउन नपाएका बाध्यता, विवशतालाई देखाउन खोजिएको छ । यसैगरी आफ्नी छोरी गायत्रीको आकस्मिक निधनले आफू, इष्टमित्र र समाजलाई पारेको असरलाई देखाउन खोजिएको छ ।

### ४.२.३.३.१ सामाजिक-राजनीतिक स्थितिप्रति व्यङ्ग्य-विद्रोह

वि.सं. २०४६ सालमा प्रजातन्त्रको पुनर्बहाली भएपछि नेपाली जनताले आफ्नो हक, अधिकार सजिलैसँग पाउन सकिन्छ भन्ने आशा लिएका थिए तर नेपाली जनताले सोचेजस्तो नभएर देशमा हत्या, आतङ्क, शोषण, दमनले जरो गाड्यो । नेतृत्व वर्गले आफ्नो स्वार्थी प्रवृत्तिलाई त्याग्न सकेनन् । शोषक वर्गले नेपाली जनताले पाउने हक-अधिकारलाई वञ्चित गरेका छन् । पीडित नेपाली जनताहरूले मुक्तिको लागि सत्याग्रह गर्नुपर्छ । शान्ति, समानता र न्यायको लागि सम्पूर्ण बन्धन र परतन्त्रको विरुद्धमा डटेर लागिरहन कविले कविताको माध्यमबाट यसरी आह्वान गरेका छन् :

क) तिम्रो कानुनमा गरीब मुखले पाउन्न बोल्नै कसो ?
तिम्रो ज्यादतिमा उठेर दुःख यो पाइन्न खोल्नै कसो ?
लेख्यौ के सुरले विधान सब ती खोस्टा भए क्या अब
आस्था रोज्न नपाइने भन यहाँ कस्तो प्रजातन्त्र छ ।

राता फूलहरू पृ. २१

ख) गएकी धारामा करुण रस पानी लिन भनी

दिएनन् साथीकासँग कुशल हा, फर्कन पनि
धुजा पारे छाती अनि रगत धारा खुब पिए
निमोठेको देख्ने घर चउर पाखा वन थिए

बदला रगतको पृ. २२

नेतृत्व वर्गले आफ्नो कुर्ची टिकाउनको लागि छिमेकी देश भारतसँग हातेमालो गर्दै नेपालका बहुमूल्य प्राकृतिक सम्पदा भारतलाई सुम्पँदै नेपाली जनता र देशलाई कङ्गाल बनाएकाले आफ्नो देश र जनताको माया र ममता नभएका नेताहरूलाई यसरी व्यङ्ग्य गरिएको छ :

धेरै ज्यान सकिन्छ के तरहले निर्मूल पार्ने भनी
चालू आर्थिक वर्षको मुख चल्यो सत्ता बिषे सन्सनी
घोडा भारतको पुग्यो शरणमा गोडा समाई रुन
जो त्यै कट्टुसिहार्न मुश्किल परी लाग्दैछ भौंतारिन

भोका र नाङ्गा जुटे पृ. ३९

प्राकृतिक तथा राजनैतिक विषयवस्तुलाई समेटेर पनि कविताको रचना गरिएको छ । जसरी नव वर्षले जताततै हरियाली छाउँछ, त्यसै गरी यो देशमा पनि अन्याय, अत्याचार, शोषण-दमन, हत्या, आतङ्क पनि हट्दै जाओस् । सबैमा शान्ति, सद्भाव, माया, प्रेम, आत्मीयता बढ्दै जाओस् भन्ने भाव कविताबाट प्रकट भएको छ :

जाडो मौसमको दुराशय हटोस् निष्कर्ष नौला मिलून्
शिक्षा स्वास्थ्य विकासका गहकिला ढोका थुनेका खुलून्
एकैफेर बनेर उत्रन सकून् विश्वास जित्नेहरू
लागून् झट्ट किनार कौरब बनी यो देश लुट्नेहरू

नववर्ष पृ. २५

पुरुष प्रधान नेपाली समाजमा महिलाहरूलाई विभिन्न प्रलोभन देखाउँदै उससँग विवाह, बन्धनमा बाँधिन पुग्दछन् । केही समयपछि त्यस महिलालाई विभिन्न आरोप, प्रत्यारोप लगाउँदै कि त उससँग छोडपत्र गर्न पुग्दछन्, कि त उसलाई छोडेर अर्की विवाह बन्धनमा बाँधिन पुग्दछन् । यस्तो अवस्थालाई कविताको माध्यमबाट यसरी देखाउन खोजिएको छ :

खाने ती मुख तीन ली अतिथि छौं यो माइती द्वारमा
टिक्ने हो कसरी विना रस जिई निष्ठूर संसारमा
नानी पाँच हुँदैछ न्वारन गरी जूँगा विपत्ता भए
ऐले जीवन भो धराप सपना "आँसु बनी पोखिए"

यो शाही कालमा भएको हत्या, आतङ्क, लुटपाटप्रति लक्षित गरेर लेखिएको कविता हो । यस कविताले त्यस बेलाको राज्य व्यवस्थालाई यसरी धम्की दिएको छ :

आँसी नाम्लो लिइ वनवनै दाउरा घाँस गर्न
निस्केका ती सरल जनता सक्तछन् के बिगार्न ?
छाया देखेपछि असुरले शब्द यौटै नबोली
ताकी ताकी सरल मनका ज्यानमा दाग्छ गोली

बीष ज्यादा न छर्क, पृ. २६

घाँस, दाउरा गर्न वनतिर गएका व्यक्तिहरूलाई पनि गोली हानेर मारेको अवस्थालाई देखाउन खोजिएको छ ।

### ४.२.३.३.२ व्यक्तिप्रशंसा

कवि चेतकान्त चापागाईंले व्यक्तिप्रशंसालाई लिएर एउटा सङ्ग्रह नै तयार पारेका छन् । यस सङ्ग्रहमा ३९ वटा शीर्षकमा विभिन्न साहित्यिक मित्रहरूलाई कतै आयोजित कार्यक्रममा समावेश नभएको प्रसङ्गलाई समावेश गरेका छन्, कतै आफू कार्यक्रममा समावेश हुन नसकेको अवस्थालाई कविताको माध्यमबाट प्रस्तुत गरेका छन्, कतै देशकाल परिस्थितिको चित्रण गर्दै कविता रचना गरेका छन् । एक पटक कुनै साहित्यिक मित्रसँग भेटघाट हुने बित्तिकै निजप्रति प्रभावित भइहाल्ने र कवितात्मक सम्बन्ध कायम गरिहाल्ने चापागाईंको विशेषता नै हो । उनी साहित्यिक मित्रहरूलाई चिठ्ठी लेख्दै आफ्ना मनका भाव यसरी व्यक्त गर्छन् ।

संझ्यौ साथी चितवन खुला प्रेमको पुष्प पाएँ
जाने आजै छतिवन भनी गर्वले मुस्कुराएँ
जप्ता जप्तै मिति मनमनै गोधुलीमा बसेर
छाती मेरो अविरल भिज्यो नेत्र-गङ्गा खसेर

फूल नौलो सजाऊँ, पृ. ६६

आफ्ना सहोदर भाइ समुद्र पारिको देशमा रोजगारको निमित्त गएको अवस्थामा विदेशबाट फर्की आधा पेट खाएर पनि सन्तोष मान्नुपर्दछ भन्दै कविले आफ्नै भाइ जस्तै सम्पूर्ण नेपालीहरूलाई विदेशबाट फर्कन आह्वान गरेका छन् । यस कवितामा राष्ट्र र राष्ट्रभक्तिको गन्ध यसरी व्यक्त भएको पाइन्छ :

आधा पेट भए नि हुन्छ नभए सन्तोष यस्मै गरी

तिम्रो चित्त बुझाउने प्रण गरी हेर्दैछु बाटो कुरी
गोडा आँगनमा बिसाइ पहिले कस्लाई बोलाउला
जाने सात समुद्र पार कहिले फर्केर त्यो आउला ?

फर्केर त्यो  आउला ? पृ. ७७

स्वयम् स्रष्टा भूमिगत जीवन बिताउँदा बिरामी परी पोखरा मणिपाल अस्पतालमा भर्ना भई उपचार गराइरहेको अवस्थामा आफू एक्लो भएको महसुस गर्दै यी कविता रचना गरेका छन् :

वैली बस्छु कुरेर यो सिट सधै आँखा छ बाटोतिर
पस्छन् मानिस ती घुमेर दिनहूँ कोठा अरूकैनिर
मैले पाइन दु:खको समयमा बोली कसैको पनि
साँचेको छु सिलाउँदै मुटु यहाँ गोली निलेको जुनी

बत्ती म सल्काउँला पृ. ८१

पूर्वी चितवनको रत्ननगरमा आयोजित साहित्यिक कार्यक्रममा उपस्थिति हुन नपाउँदाको अवस्थालाई कविताको माध्यमबाट यसरी व्यक्त गरेका छन् :

खेती नै सब थोक भो बुझ सखे ! स्थाई बन्यो जागिर
सङ्लो आर्जन यो चटक्क कसरी छोडी हिडौं बाहिर
यो पाला परियो गयेल पछि मै झुल्कन्छु बाँची रहे
यै विश्वास सखे ! लिएर जिउँदो सम्पर्क साँची रहे

बिन्तीपत्र, पृ. ९९

साहित्यिक मित्र धनराज गिरीका बुबा परलोक हुँदा आफू शोकाकुल बन्दै साथी धनराजलाई धैर्यधारण गर्ने शक्ति मिलोस् भन्ने आशा यसरी गरेका छन् :

अकस्मात् बाबाको निधन म सुनौं आज कसरी ?
छु गोली लागे झैँ हृदय छ चिरेको चरचरी
कुनै आत्मालाई यति नगिच पिर्ला सहजमा
न देखें स्वप्नमा झलक पनि आलो शयनमा

श्रद्धाञ्जली पृ. ११३

कुनै पनि व्यक्तिको निधनले उसको परिवारमा, इष्टमित्र र छरछिमेकलाई शोकाकुल बनाउँछ भन्ने भावलाई देखाउन खोजिएको छ ।

### ४.२.३.३.३ पारिवारिक वियोगजन्य पीडाको अभिव्यक्ति

यसै गरी पारिवारिक वियोगजन्य पीडा नि:स्सारताबोध जस्ता विषयवस्तु पनि यस सङ्ग्रहभित्र आएका छन् । अन्त्यमा विभिन्न साहित्यिक मित्रहरूले छोरी गायत्रीको दु:खद निधनप्रति गहिरो समवेदना प्रकट गर्दै स्वयम् कवि चापागाईंलाई लेखेका कविताहरूको सङ्कलन पनि समावेश गरिएको छ । यस शोक काव्यमा कवि आफू जङ्गलमा घाँस, दाउरा गर्न गएको बेलामा घरमा लुसुक्क काल पसेर विषको बहाना बनाई आफ्नी प्राणभन्दा प्यारी छोरीलाई लिएर गएको करुण कहानी यसरी व्यक्त गरेका छन् :

घुम्दै जङ्गलमा भएँ म गुँडमा राखेर सानी चरी
चारा टिप्न थिएँ म व्यस्त शिरमा थापेर वर्षे झरी
त्यै बेला गुँडमा पसिस् तँ कसरी हे काल ! कालो मन
बेली फूल चुडेर यो अदनमा काफी बजारिस् धन

आँसु छ यत्ति चिनु पृ. ११७

छोरीको बानी व्यहोराको स्मरण गर्दै कवि अत्यन्त मार्मिक ढङ्गले मनको व्यथा यसरी व्यक्त गर्छन् :

भन्थे टोल छिमेकका सब जना हक्की छ यो आँकुरा
बोल्ने केवल यो खुलस्त दिलले तौलेर खाँटी कुरा
आफ्नालाई हँसाउने सिप थियो ठट्टा गरेकी भनी
अल्पिन् हाय ! उजाडियो घर कहाँ विश्राम गर्छिन् तिनी ?

आँसु छ यति चिनु पृ. ११९

छोरी गायत्री जन्मेपछि भाइ जन्मेको र घरमा खुसी छाएको सबैको नजरमा उनी लच्छिनको भएको, परिवार तथा इष्टमित्रले उनलाई माया गरेको, उनको स्वभाव अत्यन्त हंसमुख र स्पष्टवादी भएको, बा-आमालाई धेरै माया गर्ने, विद्यालयमा पनि गुरुहरूसँग अत्यन्त निर्भिक र निश्छल ढङ्गले प्रस्तुत हुने, अत्यन्त सहयोगी भावना भएकी छोरीले किन यसरी जीवनमा निराशा जागेर मृत्यु वरण गरिन्, यस दु:खद घटनाले कविलाई दसैं-तिहार जस्ता चाडपर्व पनि नआए हुने जस्तो लाग्न थाल्यो भन्ने भावलाई यसरी व्यक्त गरेका छन् :

घुम्दै आँगनसम्म पर्वहरु यी पालो गरी आउँछन्
खाटो बस्छ कहाँ र घाउ गहिरो पारेर उस्काउँछन्
यौटै हैन रगत् र पुज्न कसरी जान्छौ तिमी कालिका ?
थाप्छौ हो र विकासले लगन झैं टीका दसैंको फिका ?

टीका दसैंको फिका, पृ. १२३

चाडपर्व आएपछि आफ्ना हराएका र अकालमा मृत्यु भएका सन्तानको सम्झनाले गर्दा बुबाआमालाई दुखित बनाउँछ भन्ने भावलाई देखाउन खोजिएको छ ।

### ४.२.३.४ भावविधान

विविध विषयवस्तुमा उनिएको यो **राता फूलहरू** (कवितासङ्ग्रह) विविध भाव वा विचार भएको कवितासङ्ग्रह हो । सामाजिक, राजनैतिक विकृति र विसङ्गतिको चित्रण तथा पुरातनवादी संस्कार नारीमाथि हुने गरेका जघन्य आपराधिक कार्य, सत्ताको लोलुपता, व्यक्तिप्रंशसा, जीवनबोधका पीडाहरूलाई विषयवस्तु बनाएर प्रस्तुत गरिएका यस सङ्ग्रहका कविताहरूको यहाँ भाव वा विचारका आधारमा अध्ययन गरिएको छ ।

### ४.२.३.४.१ देशप्रेमका कविताहरू

यस कवितासङ्ग्रहभित्रका कविताहरूमा देशप्रेमका भावनाहरू मुखरित भएका छन् । नेपालीहरूले आफ्नो देशप्रति आफूले गर्नुपर्ने कर्तव्यहरू बिर्सिएका छन् । चाँडै धनी बन्ने सपना बोकेर विदेशतिर लागेका छन् । अर्कीको अधीनमा बसेर काम गरेका छन् । यसरी पैसाको लोभमा फसेर विदेशिएका नेपालीहरूलाई आफ्नै देशमा आधा पेट खाएर भए पनि सन्तोष गर्नुपर्दछ भन्दै राष्ट्र, राष्ट्रियता, राष्ट्रभक्तिप्रति समर्पित हुनुपर्दछ भन्दै कविताको माध्यमबाट मीठो भाव यसरी व्यक्त गरेका छन् :

क) भोकै पर्दछ बाँच्न त्यै रित रहे यै काखमा बाँच्दछु
सारा रक्त सुकाउँदै वदनको माटो म सम्याउँछु
बस्ने छैन पराइका अधिनमा न्यूरेर कैल्यै पनि
फर्केको छु विदेशबाट जननी तिम्रै छहारी मुनि

तिम्रै छहारीमुनि पृ. १७

(ख) आधा पेट भए नि हुन्छ नभए सन्तोष यस्मै गरी
तिम्रो चित्त बुझाउने प्रण गरी हेर्दैछु बाटो कुरी
गोडा आँगनमा बिसाइ पहिले कस्लाई बोलाउला
जाने सात समुद्र पार कहिले फर्केर त्यो आउला ?

फर्केर त्यो आउला ? पृ. ७७

आफ्नो देशमा काम गर्ने वातावरण नभएको अवस्था र अर्कोतिर सुख र शान्तिको लोभले विदेशतिर गएका नेपालीहरूलाई आफ्नै देशमा पसिना बगाउनु पर्दछ भन्दै विदेशिएका नेपालीहरूलाई फर्कन आग्रह गरिएको छ ।

### ४.२.३.४.२ राजनीतिक चेतनाका कविताहरू

वि.सं. २०४६ देखि २०६३ सम्मको करिब १७ वर्षको अवधिमा राजनीतिक परिवेशमा देखापरेको विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । सत्तामा पुगेपछि नेताहरूले देशप्रति र जनताप्रति गर्नुपर्ने कर्तव्य सबै भुलेर कुर्सी मोहमा लिप्त भएका छन् । जनता-जनता बीच हत्या, हिंसा बढेको छ । भौतिक संरचना ध्वस्त भएका छन् । सोझा सिधा जनताहरू सधैँभरि भयभीत हुँदै बाँच्न विवश भएका छन् भन्ने भाव यसरी व्यक्त भएको छ :

क) गऱ्यौ चेली हत्या तर अब कहाँ भुल्छ दुनिया
हिमाली काखै छन् गहन धन सन्तप्त बलिया
लुछेको देखौला कुकुरहरू हो मासु हरिको
कहाँ त्यस्सै छोड्छन् नलिइ "बदला त्यो रगतको"

बदला रगतको पृ. २३

ख) आँसी नाम्लो लिइ वनवनै दाउरा घाँस गर्न
निस्केका ती सरल जनता सक्तछन् के बिगार्न ?
छाया देखेपछि असुरले शब्द यौटै नबोली
ताकी ताकी सरल मनका ज्यानमा दाग्छ गोली

विष ज्यादा न छर्क पृ. २६

ग) सोझा मानिस काम गर्न जब ती जान्छन् सबै खेतमा
बोल्छन् झूट सरासरी छ सुनिँदै गोली चल्यो भेटमा
मान्छेकै अनिकाल पर्छ कि सरी हत्या हुँदै गो यहाँ
यो अन्याय सहेर चुप्प घरमा बस्ला चनाखो कहाँ ?

नेपाल हाम्रो अब पृ. ३४

वि.सं. २०५८ सालमा देशमा भएको राजनीतिक अवस्थालाई व्यङ्ग्यात्मक रूपमा देखाउन खोजिएको छ । त्यस समयमा सरकारको नेतृत्व गर्ने नेताहरूले सोझा सिधा नेपाली जनताहरूलाई माओवादी भनेर उनीहरूको हत्या र हिंसा गरेका छन् । त्रासपूर्ण वातावरणमा बाँच्न विवश भएका छन् । यसरी देशभित्र चलेको राजनीतिक द्वन्द्व, षड्यन्त्र, मनपरीतन्त्र, कुर्सीमोह, छलकपट आदिलाई कविताको माध्यमबाट देखाउन खोजेको पाइन्छ ।

### ४.२.३.४.३ सामाजिक चेतनाका कविताहरू

यस कविता सङ्ग्रहभित्रका कतिपय कविताहरू समाजमा धनीले गरीबमाथि गरेको अन्याय, अत्याचार, शोषण, दमन, आर्थिक असमानता, महिलामाथि हुने दुर्व्यवहार, जातीय हिंसा, पुरातनवादी संस्कार आदिलाई कविताको माध्यमबाट मीठो भाव यसरी व्यक्त गरेका छन् :

क) पालेथ्यो परिवारलाई उसले नाम्लो र दाम्लो गरी
टारेथ्यो सुख-दु:ख निम्न घरको पर्दा असर्दी हरी
माटोमा पसिना बगाइ धरती पार्दै थियो सुन्दर
घुम्थ्यो मानिसका उपार्जन बिषे गर्दै ठूलो आदर

देख्छु सपना पृ. ३३

ख) जाँगर थियो उसको आफ्नै अरुको छोएन
ऊ भोको पेट लिएर ढोका चहार्न गएन
दु:खीको गीत गाएर नाँच्यो ऊ आफ्नै पाखामा
कसरी काँडो भएर बिझ्यो 'शङ्कालु आँखामा'

शङ्कालु आँखामा पृ. ४५

ग) जमै छोरी आए दुखद क्षणमा सामिल हुन
कठै, लागेका छन् धुरुधुरु कुनामा बसि रुन
टुटायो व्याधाले प्रिय वचन सुन्ने दिन गयो
छुटायो आमा, ती कति समय यो नाजुक रह्यो

श्रद्धाञ्जली आमा रेवतीप्रति पृ. ५०

समाजमा धनी र गरीब बीचको भेदभावलाई हटाउनु पर्दछ । बाह्य कृत्रिम तडक-भडक र फोस्रो आडम्बरभन्दा वास्तविक जीवनको खोजी गर्नुपर्दछ भन्ने भावलाई देखाउन खोजेका छन् ।

### ४.२.३.५ भाषाशैली

कवि चेतकान्त चापागाईंको यस सङ्ग्रहका कविताहरूको भाषाशैली सरल, सुमधुर र सुबोध्य छ । छन्दोबद्ध कविता र गीति कविताहरू अन्त्यानुप्रासयुक्त छन् । राष्ट्रका विभिन्न ठाउँ चहार्दा उनले देखे, भोगेका र अनुभव गरेका विषयवस्तुहरूलाई छन्दोबद्ध कविता र गीति कविताहरूमा ढालेर प्रचलित तत्सम शब्दहरूको बढी प्रयोग गर्दै कविता रचेका छन् । त्यसैगरी झर्रा र आगन्तुक शब्दको कम प्रयोग उनको कवितामा पाउन सकिन्छ । कविता वाचनको क्रममा कतै सोझो भनाइ पाउन सकिन्छ भने कतै व्यङ्ग्यात्मक भनाइ पाउन सकिन्छ ।

### ४.२.३.६ छन्द, रस र अलङ्कार

कवि चेतकान्त चापागाईंको साहित्ययात्राको तेस्रो चरणमा प्रकाशित **राता फूलहरू** २०६३ कवितासङ्ग्रह तेस्रो कृति हो । यस कवितासङ्ग्रहभित्र छन्द, रस र अलङ्कारको प्रयोग गरेर कृतिलाई अझ गहकिलो बनाइएको छ ।

### ४.२.३.६.१ छन्द

**राता फूलहरू** कवितासङ्ग्रहमा गणितीय हिसाबले शार्दूलविक्रीडित छन्दका श्लोकहरूको सङ्ख्या अधिक छ । सङ्ख्या अधिकको दोस्रो क्रममा शिखरिणी छन्द रहेको छ । यसैगरी गणितीय दृष्टिले हेर्दा शार्दूलविक्रीडित छन्दका ३३२ श्लोक, शिखरिणी छन्दका ९२ श्लोक, झ्याउरे छन्दका ६२ श्लोक, भुजङगप्रयात छन्दका ३९ श्लोक, अनुष्टुप छन्दका ३१ श्लोक, सग्विणी छन्दका २५ श्लोक, मन्दाक्रान्ता छन्दका २२ श्लोक, वसन्ततिलका छन्दका १० श्लोक, इन्द्रवज्रा छन्दका ९ श्लोक, इन्द्रवंशा छन्दका ९ श्लोक, स्वागता छन्दका ७ श्लोक, सग्धरा छन्दका ६ श्लोक, मालिनी छन्दका ५ श्लोक, उपेन्द्रबज्रा छन्दका ५ श्लोक संख्या संयोजित भएको पाइन्छ । यसरी यस सङ्ग्रहमा जम्मा ६५५ श्लोक सङ्कलित भएको देखिन्छ । यसरी सबैभन्दा बढी शार्दूलविक्रीडित छन्दमा ३३२ श्लोक र सबैभन्दा कम मालिनी छन्द र उपेन्द्रवज्रा छन्दका ५/५ श्लोक रहेको देखिन्छ । यस खण्डकाव्यमा जम्मा १४ वटा छन्दको प्रयोग भएको र सबै प्रचलित छन्द रहेको देखिन्छ ।

**क. शार्दूलविक्रीडित छन्द**

यस कवितासङ्ग्रहमा सबैभन्दा बढी प्रयोग गरेको छन्द शार्दूलविक्रीडित हो । यस छन्दको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू हुन्छन् । जस्तै :

**गणको नाम :** म स ज स त त गु
**गणसंकेत** ऽऽऽ ॥ऽ ।ऽ। ॥ऽ ऽऽ। ऽऽ। ऽ
**विश्राम - १२/७ अक्षरमा**

अ) अर्काको घर त्यो नसम्झ तनये, आफै पवित्रा जब
रोज्यौं मित्र अनन्य आज बलियो सम्बन्ध राखौं अब
दाइजोसँग तौलिदैन कलिलो संसारमा जीवन
छोरी अंश नलाउने असजिलो तोडिन्छ त्यो बन्धन

छोरीको विदाइमा पृ. २७

आ)    ढोका प्वाल पऱ्यो मकाइ पहिले डाँडा र भाटा गले
भोको पेट सधैँ थिचेर यसमै पुर्खा दुखेरै चले
खाँमोमा धमिरो पसेर धुलियो धूरी छ बाँकी कहाँ ?
आटीका दलिनै मकाइ सकिए चिन्ता छ बढ्दै यहाँ

निर्माण नौलो गरौं पृ. ४४

इ)    आधा पेट भए नि हुन्छ नभए सन्तोष यस्मै गरी
तिम्रो चित्त बुझाउने प्रण गरी हेर्दैछु बाटो कुरी
गोडा आँगनमा बिसाइ पहिले कस्लाई बोलाउला
जाने सात समुद्र पार कहिले फर्केर त्यो आउला ?

फर्केर त्यो आउला ? पृ. ७७

ई)    रोटी बेल तिमी छिटै म कपडा धोएर ती भ्याउँछु
छोरो रुन्छ उठेर गर्छ झगडा यो कर्म सिध्याउँछु
भ्याई काम यता उता पनि दुवै नाँचेर भान्सातिर
खोलौंला टि.भि. यो नराख अनिता सङ्कल्प छातीनिर

सानू ! बिलायौ चरी पृ. १२१

कवि चेतकान्त चापागाईंको सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेको विकृति विसङ्गतिलाई शार्दूलविक्रीडित छन्दको प्रयोग गरेर कविताको रचना गरेका छन् ।

## ख.    शिखारिणी छन्द

शिखरिणी छन्दको प्रत्येक पाउमा १७–१७ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम :  य  म  न  स  भ  ल  गु
गणसंकेत      ISS  SSS  III  IIS  SII  I  S

अ)    खडेरीले तात्यो जमिन जलको वृष्टि नुहँदा
यहाँ हाम्रो तात्यो रगत मनको सृष्टि नहुँदा
मरेका छन् सारा सरल जनता सोत्तर परी
हिडेका छन् व्याधा फगत पथमा कागज छरी

प्रतीक्षा पृ. १५

आ)  लिपी रातो माटो सब झलल मामाघर हुने
किनाराका शोभा वन अटुट न्यानो पर दिने
फुलेका थे कान्लातिर कुसुम राता मखमली
म त्यै फोटो टाँसी चितवन बसेको छु नभुली

मामा घर पृ. ८९

इ)  खुला चौडा छाती अति नरम नौनीसरि थियौ
यहाँ नानी खस्दा कवि हृदय त्यो चर्रचिरियौ
'झुवानी' हे मेरो अब विरहको घाउ न दुख
तिरे बाँकी कर्जा गम मलम लौ लाऊ न दु:ख

मलम कविता पृ. १३२

कवि चेतकान्त चापागाईंको कान्छी छारी गायत्रीको निधनले कविको कोमल हृदयमा चोट पुगेको छ भन्ने भावलाई देखाउन खोजिएको छ ।

## ग. झ्याउरे छन्द

ग्रामीण नेपाली जनजीवनसँग सम्बद्ध झ्याउरे छन्दलाई लोकछन्द पनि भन्ने गरिन्छ । नेपाली लोकगीतका फाँटमा यसको प्रयोग व्यापाक रूपमा हुने गरेको पाइने भएकाले यसलाई लोकगीतको एउटा प्रकारका रूपमा पनि लिने गरिन्छ । यस कवितासङ्ग्रहभित्र केही कविताहरू झ्याउरे छन्दमा रहेका छन् । यो छन्दमा अन्त्यानुप्रास तोडिनु हुन्न ।

अ)  घरमा छैनन् आधार बाबा छोरा र छोरीको
कामना पूरा भएको होला जोरी र पारीको
घरमा उस्की जहान होलिन् हृदय टालेकी
कम्मर थिची थुचुक्क बसी गोबर फालेकी

एक पथिक पृ. ४३

आ)  गर्दै गर सिर्जना मायालु सिरानीमा रूपाको बसेर
हेर्न पाऊँ चित्रमा दुरुस्तै झोपडीका छिद्रामा पसेर
मादी नदी बगेर सलल सेती गङ्गा साथमा मिलेछ
मोहरिया पसेको सुनेर पचभैया रिसले फुलेछ

रापतीको भन्दिए सलाम, पृ. ७१

भूमिगत जीवनयापन गरिरहेको एक नेपाली युवकले भूमिगत जीवनमा भोग्नुपरेका अप्ठेराहरूको वर्णन यस कवितामा गरिएको छ ।

**घ. भुजङ्गप्रयात छन्द**

भुजङ्गप्रयात छन्दको प्रत्येक पाउमा १२-१२ वर्ण या अक्षरहरू हुन्छन् ।

गणको नाम : य य य य

गणसंकेत ISS ISS ISS ISS

अ) थियो मस्त निद्रा थियो रात औंसी
हिलो पोखरीमा न गोरु न भैंसी
बसेको थियो रीसले नेत्र बाली
म झस्केर जागेँ कराएँ अताली

मेरो तिलानी दिनु, पृ. १५३

मस्त निद्रामा निदाएको बेला देखेको सपनाले कतै विघ्न पर्छ कि भन्ने भाव प्रकट भएको छ ।

**ङ. अनुष्टुप**

अनुष्टुप छन्दको प्रत्येक पाउमा ८-८ वर्ण या अक्षरहरू हुन्छन् । अन्य वर्णिक छन्दका तुलनामा यो छन्द अलि भिन्न प्रकारको हुन्छ । यस छन्दको प्रत्येक पाउको पाँचौ वर्ण लघु र छैटौं वर्ण गुरु हुन्छ तथा दोस्रो र चौथो पाउका सातौ वर्णहरू लघु हुन्छन् ।

अ) पर्दा सञ्चारको यन्त्र खोल्दा हुन्छ बिसर्जन
सत्य बोल्दैन त्यो घारो अल्पिदा पनि जीवन
समाचार छुटे पढ्ने छापा बन्द गरीसके
लाली गुराँसका शोभा तुषारोले मरीसके

हाम्रो वर्तमान, पृ. ५३

आ) किरण नौलो झुल्केर कालो बादल फारियोस्
शोषित गाथा लेखेर तिम्रो कलम खारियोस्
चाहेको कुरा गर्नु छ पूरा मिठो छ सपनी ?
लामो छ बाटो दु:खमा साटो दिनेछु म पनि

स्नेहले मलाई पृ. ७०

यस कवितामा कविले समाजमा देखापरेको अन्याय, अत्याचार, शोषण-दमनलाई कुनै स्रष्टाले कविताको माध्यमबाट प्रस्तुत गरेका थिए, त्यसमा म पनि सहयोग गर्दछु भन्ने भाव प्रकट गरेका छन् ।

**च. स्रग्विणी छन्द**

स्रग्विणी छन्दको प्रत्येक पाउमा १२-१२ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : र र र र

गणसंकेत ऽ।ऽ ऽ।ऽ ऽ।ऽ ऽ।ऽ

अ) कल्पना चन्द्रमा चाँदनी फैलियो
स्नेहमा शब्दले शिष्टता मौलियो
भावना पोख्दियौ पत्रमा निर्मल
द्वन्द्वको राप क्या पार्दियौ शीतल

मिलापत्र, पृ. ९७

आ) छैन यो बागमा फूलको कोपिला
पीर छन् साथमा सम्झना चोटिला
धर्तीमा ढाकियो मित्र हे कूइरो
वक्षको माझमै गाडियो सूइरो

भूकम्प पृ. १३४

शोक परेको अवस्थामा इष्टमित्रहरूको आगमन र उनीहरूको सरसल्लाहबाट मन बुझाउन सकिन्छ भन्ने भाव प्रकट गरेका छन् ।

**छ. मन्दाक्रान्ता छन्द**

मदक्रान्ताको छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : म भ न त त गु गु

गणको चिह्न: ऽऽऽ ऽ।। ।।। ऽऽ। ऽऽ। ऽ ऽ

अ) आँसी नाम्लो लिइ वनवनै दाउरा घाँस गर्न
निस्केका ती सरला जनता सक्तछन् के बिगार्न ?
छाया देखेपछि असुरले शब्द यौटै नबोली
ताकी ताकी सरल मनका ज्यानमा दाग्छ गोली

वीष ज्यादा नछर्क, पृ. २६

आ)	तिम्रो प्यारो कलम दिलको फ्रेमभित्रै सजाएँ
तिम्रो मेरो लगन कसिलो खेतमा गुन्गुनाएँ
पाई नौनी सरह रचना दु:ख बिर्सी रमाएँ
मन्दाक्रान्ता मह कति मिठो छन्द जो प्यूँन पाएँ

कवि भुवनलाई पत्र, पृ. ६९

मदाक्रान्त छन्दमा रचना गरिएको कविताको भावले कविको मनमा प्रभाव पारेको अवस्थालाई कविता मार्फत व्यक्त गर्न खोजेका छन् ।

**ज. वसन्ततिलका छन्द**

वसन्ततिलका छन्दको प्रत्येक पाउमा १४-१४ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : त भ ज ज गु गु
गणको चिह्न: ऽऽ। ऽ।। ।ऽ। ।ऽ। ऽ ऽ

अ)	प्यारो गरी भुवनले कविता दिएको
लामै भयो समय त्यो धनले लिएको
स्वीकार त्यो पनि गऱ्यौ सबका अगाडि
खेल्छौ नि रोल किन निष्ठुर भै पछाडि

नालिस, पृ. १०७

हास्यव्यङ्ग्य तरिकाबाट रचना गरिएको यस कवितामा स्रष्टाहरू बीच कविता आदान-प्रदान गरेको अवस्थालाई कविताको माध्यमबाट देखाइएको छ ।

**झ. इन्द्रवज्रा छन्द**

प्रत्येक पाउमा ११-११ वर्ण या अक्षरहरू हुन्छन् ।

गणको नाम : त त ज गु गु
गणको चिह्न: ऽऽ। ऽऽ। ।ऽ। ऽ ऽ

अ)	हे मित्र मेरा प्रिय चेतकान्त
विपत्ति बस्यौं र बन्यौ अशान्त
देखेर तिम्रो अनुहार खिन्न
त्यो शब्दमा व्यक्तन नै सकिन्न

पुरिन्छ घाउ उपचार पाए, पृ. १४३

यस कवितामा कवि पोषराज पौडेलले शोक अवस्थामा रहेका आत्मीय मित्र कवि चेतकान्त चापागाईंलाई भेट्न गएको अवस्थाको चित्रण गरेका छन् ।

**ञ.	इन्द्रवंशा**

इन्द्रवंशा छन्दको प्रत्येक पाउमा १२-१२ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : त त ज र

गणको चिह्न: ऽऽ। ऽऽ। ।ऽ। ऽ।ऽ

अ)	घोटी सबै चन्दन हाड भै सके
पुर्खी गले ढाडनुही ढली सके
आशा अझै यो मनमा पलाउँछ
साथी ! भनौं त्यो कहिले उदाउँछ ?

कहिले उदाउँछ ? पृ. १८

नयाँ राज्य व्यवस्थाको कल्पनामा डुब्दा-डुब्दै आफ्नो हाड घोटिएर चन्दन भइसक्दा पनि सुखका दिनहरू नआएको भावलाई व्यक्त गर्न खोजेका छन् ।

**ट.	स्वागता छन्द**

स्वागता छन्दको प्रत्येक पाउमा ११-११ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : र न भ गु गु

गणको चिह्न: ऽ।ऽ ।।। ऽ।। ऽ ऽ

अ)	भाव शून्य किन यो परिवेश
फिल्दछे समय बादलकेश
फेर्छ मानिस किसास खलाती ?
क्रूर बर्बर छ यो युग घाती

विषाद अभिव्यञ्जना, पृ. १४१

यस कवितामा मानिसले काललाई जित्न नसकेको अवस्थालाई चित्रण गर्न खोजिएको छ ।

**ठ.	स्रग्धरा छन्द**

स्रग्धरा छन्दको प्रत्येक पाउमा २१-२१ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : म र भ न य य य

गणको चिह्न: ऽऽऽ ऽ।ऽ ऽऽ। ।।। ।ऽऽ ।ऽऽ ।ऽऽ

अ)	मीठो आतिथ्य गर्दै ग्रहण जब बसे पाहुना मेचमाथि
छाती खोलेर हाम्रो परिचय सुरुभो मञ्चमा हेर साथी
हाम्रा साथै थिए ती गुरुवर मनका श्यामशर्मा उज्याला
बाँडी पैले सकेका खरखर सबका हातमा ज्ञानमाला

कोशी गङ्गा सुसायौ, पृ. १०१

स्रष्टाहरू बीचको आत्मीय सम्बन्धलाई सधैँभरि प्रगाढ रूपमा अगाडि बढ्नको लागि बेला मौकामा साहित्यिक कार्यक्रम हुनुपर्दछ भन्ने भाव प्रकट गरेका छन् ।

**ङ. मालिनी**

मालिनी छन्दको प्रत्येक पाउमा १५-१५ वर्ण या अक्षरहरू हुन्छन् ।

गणको नाम : न न म य य य

गणको चिह्न: ||| ||| SSS ISS ISS ISS

अ) कलम अब गलेको जीर्ण ढोका कुरेर
फुसफुस अझ गन्धी स्वास मात्रै फुकेर
नविनतिर अटेरी चालके गर्न लाइस ?
तलतल सरि हर्दम् लक्षलाई गुमाइस् ?

कलमसँग पृ. १६

स्रष्टा, लेखक र पत्रकार आदिलाई सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेको विकृति विसङ्गतिलाई कलमको माध्यमबाट हटाउनु पर्छ भन्ने भावलाई देखाउन खोजेका छन् ।

**ढ. उपेन्द्रवज्रा**

उपेन्द्रवज्रा छन्दको प्रत्येक पाउमा ११-११ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : ज त ज गु गु

गणको चिह्न: ISI SSI ISI S S

अ) आदर्श जोडी सब भन्न पाए
दाम्पत्यमा सुन्दरता सुहाए
पाङ्ग्रा दुवै भै रथका दुरुस्तै
आत्मा मिलाए नङ मासु जस्तै

आशीर्वचन पृ. २९

विवाह वन्धनमा बाँधिएका आदर्श जोडीहरूको जीवन सधैँभरि नङ र मासजस्तै भइदियोस् भनेर सबैले वर वधुलाई आर्शीवाद दिन्छन् भन्ने भाव प्रकट भएको छ ।

### ४.२.३.६.२ रस

**राता फूलहरू** (कवितासङ्ग्रह) मा प्राय जसो सबै रसहरूको प्रयोग भएको पाइन्छ । संख्याको हिसाबले करुण रसको प्रयोग अधिक छ । अरु रसहरूको पनि सङ्क्षिप्त चर्चा यहाँ प्रस्तुत गरिएको छ ।

## क. करुण सर

पुत्र-कलत्र आदि प्रियजनसितको वियोग वा तिनको विपत्ति वा मरण देखेर वा सुनेर अथवा प्रिय वस्तुको विनाश देखेर वा सुनेर मनमा उत्पन्न हुने विकलताबाट करुण रस उत्पन्न हुन्छ ।[100] यस कवितासङ्ग्रह कवितामा करुण रसको प्रयोग भएको छ । जस्तै :

अ) जमै छोरी आए दुखद क्षणमा शामिल हुन
कठै लागेका छन् धुरु-धुरु कुनामा बसि रुन
टुटायो व्याधाले प्रिय वचन सुन्ने दिन गयो
छुटायो आमा ती कति समय यो नाजुक रह्यो

श्रद्धाञ्जली आमा रेवतीप्रति पृ. ५०

आ) मेरी अंश कठै नि कोमलकली नारायणी काखमा
जल्दै भष्म बनिन् म फुल्दिन गमिन् सर्लक्क वैशाखमा
रित्तो बास कुरेर अड्नु कसरी आधार के पो छ र ?
मैले चित्त बुझाउने समय झन् बन्दै गयो निष्ठुर

कवि चेतकान्त चापागाईं कान्छी छोरी गायत्रीको निधनले यति धेरै शोकमा डुबेका छन् कि अरु कुराको सम्झनै छैन भन्ने करुण भाव व्यक्त भएको छ ।

## ख. वियोग शृङ्गाररस

वियोग शृङ्गाररसको अभिव्यक्ति भएको रचनामा नायक-नायिकाका बीच वैयक्तिक, सामाजिक वा अन्य कुनै बाधा-बन्देजका कारण प्रेम सम्बन्ध कायम हुन नसकेको अथवा पूर्वस्थापित प्रेम-सम्बन्ध बीचैमा पूर्णतः वा अंशतः टुट्न गई नायक-नायिकाका बीच बिछोड-वियोग भएको स्थितिको वर्णन पाइन्छ ।[101] चापागाईंका कवितामा वियोग शृङ्गार रसको प्रयोग यसरी भएको छ :

अ) सँगै मर्ने, बाँच्ने मधुरस सङ्गाली मनभरि
कुरेको धेरै भो पथ नयनले सिन्चित गरी
घुमेका छौ कस्का वरपर विनोदी फनफन
कता हेरौँ साथी हविगत छ मेरो असरण

मधुरस, पृ. १३३

[100] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** चौथो संस्करण (संशोधित), (ललितपुर : साझा प्रकाशन, २०६१), पृ. ५९ ।
[101] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८), पृ. ११० ।

मित्र-मित्रबीचको आत्मीय सम्बन्धलाई सधैंभरि कायम राख्नु पर्दछ भन्ने विचार बोकेर हिँडेका चापागाईंले छोरीको निधन भएको त्यो दु:खद समयमा साहित्यिक मित्रहरू सामेल नभएको अवस्थालाई देखाउन खोजेका छन् ।

## ग. वीररस

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने हुन उत्साह मनमा जाग्दछ त्यसैबाट वीररसको उत्पत्ति हुन्छ ।[102] यस कवितासङ्ग्रहमा पनि केही वीररसको कविताहरू हेरौँ । जस्तै :

अ) हारै हुन्न कदापि सम्भन सके यो न्यायको युद्ध हो
लामै हुन्छ लडाइँ शत्रुसँगको विज्ञानले सिद्ध यो
छिन्ने छन् अधिकार हेर जनता ज्वालामुखी भै यहाँ
ढिक्को एक बनेर घाउ खनिए दुम्सी छिरौला कहाँ ?

उठेका शिर, पृ. ३२

आ) विद्रोही जति सिद्धिए अब यहाँ मुठ्ठीभरी छन् कुनै
लौ धेरै परिमाण भेटिन गयो बारुद भन्छन् उनै
मैले पाइन भेउ यो तरहले खेल्दैछ को नाटक ?
भुङ्ग्रोमा मन पिल्सिए पछि सखे, खुल्ला र त्यो फारक ?

यो चोट थानकोटमा, पृ. ९१

नयाँ व्यवस्थाको सिर्जना गर्नुपर्दछ भन्दै युद्ध गर्न तयार भएका विद्रोही पक्ष र सुरक्षा फौज बीचको लडाइँलाई चित्रण गर्न खोजिएको छ ।

## घ. हास्यरस

हास्यरसको स्थायीभाव हाँसो हो, जसको अर्थ हुन्छ- अनौठो, विकृत वा विकारयुक्त वाणी सुन्दा वा त्यस किसिमको रूप-रङ्ग देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको सुखद वा मनोरञ्जनात्मक-विनोदात्मक भाव ।[103] यस कवितासङ्ग्रहमा हास्यरसको कम प्रयोग भएको पाइन्छ । जस्तै :

---

[102] केशवप्रसाद उपाध्याय, पूर्वीय साहित्य सिद्धान्त, पूर्ववत्, पृ. ६० ।

[103] ईश्वरकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** पूर्ववत्, पृ. ११३ ।

अ) दाना लागि सक्यो फनक्क दिनहूँ घुम्छिन् मकैमा सुगा
साथी यो क्षणमा मिलाई हरमा पाइन्न उन्नै लुगा
बोल्छिन् यी घरकी जहान मतिरै औंला ठड्याइकन
छोडाएर मकै सबै नसकि यो पाइन्न रे उम्कन

हात्ती कता लाउने ? पृ. ९४

यस कवितामा श्रीमान्लाई श्रीमतीले औंलो ठड्याउँदै सबै मकै छोडाएर नसकेसम्म कतै पनि जान मिल्दैन भन्ने कुरा हास्य भावमा देखाउन खोजिएको छ ।

## ङ. रौद्ररस

रौद्ररसको स्थायीभाव क्रोध हो । आफ्नो स्वत्व वा अहम्मा कसैले आघात पुऱ्याउँदा वा कसैले आफ्नो अपमान गर्दा, कसैसँग तर्कविहीन विवाद गर्दा, कसैले आफ्नो जनधनको असाधारण रूपले क्षति पुऱ्याउँदा आदिजस्ता अवस्थामा मानवीय अन्तर्मनमा उत्पन्न हुने एक किसिमको प्रतिशोधात्मक एवम् उत्तेजनापूर्ण मनोविकारलाई नै क्रोध स्थायीभाव भनिन्छ ।[104] जस्तै :

अ) घुम्दै जङ्गलमा भएँ म गुँडमा राखेर सानी चरी
चारा टिप्न थिएँ म व्यस्त शिरमा थापेर वर्षे झरी
त्यै बेला गुँडमा पसिस् तँ कसरी हे काल ! कालो मन
बेली फूल चुडेर यो अदनमा काफी बजारिस् घन

आँसु छ यत्ति चिनु, पृ. ११७

आफ्नो सन्तानलाई घरमा राखेर घाँस, दाउरा गर्न वनतिर गएको बेलामा घरम लुसुक्क काल पसेर विषको बहाना बनाई आफ्नो प्राणभन्दा प्यारो सन्तानलाई कालले लिएर गएको समाचार सुनेपछि बाबुलाई क्रोध उठेको छ भन्ने भाव प्रकट गरिएको छ ।

## च. भयानकरस

भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयात्मक चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानकरसको अभिव्यक्ति हुन्छ ।[105] यस कवितासङ्ग्रहमा भयानक रसका कविताहरू पाउन सकिन्छ । जस्तै :

अ) डुकाएर फनक्क घुम्छ सिंङमा माटो लिई हिंड्दछ
निर्धा सन्ततिलाई पेल्छ उसले उस्तै परे निल्दछ
लामाछन् सिंङ ती अरु चउरमा देख्नै नसक्ने भयो
टोलैका सब होशियार बन है सन्काहा साँडे छ यो

सन्काह साँडे, पृ. ४६

[104] ईश्वकुमार श्रेष्ठ, **पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,** पूर्ववत्, पृ. ११४ ।
[105] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त,** पूर्ववत्, पृ. ६१ ।

आ)  होलेरी चुनवाङ जे बुझ तिमी बस्ती छ आतङ्कित
बन्दै भो चलखेल गर्न जनता क्वै छैन ढुक्कैसित
फाली बारुद गन्ध गाउँघरमा आर्मी छ हावी पुरा
गोली ताक्छ निधारमा र उसले सुन्दैन हाम्रा कुरा

खुला अक्षर, पृ. ७२

नयाँ राज्य व्यवस्थाका लागि सशस्त्र एवम् शान्तिपूर्ण रूपले आन्दोलनमा सहभागि भएकालाई सत्ताको बागडोर समाउनेले यसरी डरलाग्दो तवरले हिंस्रक पशुजस्तो बनेर आक्रमण गरेको थियो भन्ने भाव प्रकट गरिएको छ ।

## छ. अद्भुतरस

अलौकिक अथवा विचित्र वस्तु, दृश्य वा घटनालाई देखी-सुनी उत्पन्न हुने विस्मयात्मक चित्तवृत्ति अद्भुतरस हो ।[106] यस कवितासङ्ग्रहमा अद्भुतरसका कविताहरू पाउन सकिन्छ । जस्तै :

अ)  सखे, मेघौलीको वरपर ठूलो भूक्षय भयो
पस्यो मान्छे बोकी जगतपुरमा भेल बलियो
यता डल्लाकोटी सहचर उता पोल्ट्रि फमम
चढ्यो बाढी मुस्लो सिरिखुरि गरायो निमिषमा

तिर्सनाको कोशेली, पृ. ७९

बाढीपहिरो नआउने ठाउँमा अचानक बाढी पस्यो भन्ने समाचार पाएकोले आश्चर्य चकित भएको अनौठो भावलाई देखाउन खोजिएको हो ।

## ज. वीभत्सरस

घृणास्पद पात्र, वस्तु, दृश्य आदि देख्दा वा त्यस्ता कुरा सुन्दा पढ्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको घृणा-भावलाई वीभत्सरस भनिन्छ । जस्तै :

अ)  गएकी धारामा करुण रस पानी लिन भनी
दिएनन् साथीकासँग कुशल हा, फर्कन पनि
धुजा पारे छाती अनि रगत धारा खुब पिए
निमोठेको देख्ने घर चउर पाखा वन थिए

बदला रगतको, पृ. २२

[106] केशवप्रसाद उपाध्याय, **पूर्वीय साहित्य सिद्धान्त**, पूर्ववत्, पृ. ६२ ।

नौलो जनवादी राज्य व्यवस्थालाई समर्थन गर्दै हिँडेकी चेली हरिकला पौडेललाई सुरक्षा फौजले वीभत्स तरिकाले मारेको घटनाप्रति लक्षित छ यो कविता ।

### ४.२.३.७ निष्कर्ष

**राता फूलहरू** कवितासङ्ग्रह कवि चेतकान्त चापागाईंको तेस्रो पुस्तकाकार कृति हो । यस कवितासङ्ग्रहमा उनको स्वच्छन्दतावादी र क्रान्तिकारी विचारधारा प्रखर रूपमा व्यक्त भएको छ । वर्तमान समाजको स्थिति, राजनीतिक अवस्थाप्रति व्यङ्ग्य विद्रोह, निम्न वर्गले भोग्नुपरेका पीडाको अभिव्यक्तिलाई कविले विभिन्न छन्द, रस, अलङ्कार, बिम्ब र प्रतीकको माध्यमबाट कुशलतापूर्वक अभिव्यक्त गरेका छन् ।

कृतिमा तत्सम, तद्भवादि शब्दको अधिक प्रयोग देखिन्छ, अत्यानुप्रास सबै कविताहरूमा पाइन्छ । सरल शब्द चयन, लयात्मक प्रस्तुति, विषयवस्तुको मार्मिक भावनात्मक अभिव्यक्ति उनका कविताका विशेषता हुन् ।

### ४.२.४ चेतनमनका गुञ्जन २०६६ कवितासङ्ग्रह

कवि चेतकान्त चापागाईंको साहित्ययात्राको दोस्रो चरणको चौथो प्रकाशित कृति **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह (२०६६) हो । यस कवितासङ्ग्रहमा कविको चेतन मनले देखेका कुराहरू विभिन्न कविताका रूपमा प्रकट भएका छन् ।

### ४.२.४.१ शीर्षक

कवि चेतकान्त चापागाईंको साहित्ययात्राको दोस्रो चरणको चौथो प्रकाशित कृति **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह (२०६६) हो । यस शीर्षकले कृतिलाई समेट्न सफल भएको छ । वि.सं. २०५८-२०६६ सम्मको अवधिमा रचिएका फूटकर रचनाहरूको सङ्गालो हो । यो अवधिमा सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेको विकृति-विसङ्गतिलाई कविताको माध्यमबाट प्रस्तुत गरिएको छ । अन्याय, अत्याचार, शोषण, दमन, हत्या, हिंसा, अपहरण, भौतिक संरचना विध्वंस पार्ने कार्य तथा राष्ट्रका विभूतिहरूको सालिक ढाल्ने कार्यजस्ता गतिविधिले गर्दा कविको मन उथल-पुथल भएको छ । यसैगरी सत्तामा रहेका शासकहरूले कुर्चीमा मोहमा फसेर एउटाले अर्काको कुर्ची ढाल्ने कार्य गरेका छन् । देशको बिग्रदो अवस्थाको फाइदा उठाउँदै छिमेकी देश भारतले सीमा मिच्ने कार्य तथा नेताहरूलाई आफ्नो कब्जामा राख्ने काम गरेको छ । यो अवस्थाले गर्दा अब देश कता जाने हो । नेपाली जनताहरू कस्को उपनिवेशमा रहेर बाँच्नुपर्ने हो । यो अवस्थाले गर्दा कविको चेतनमनमा कुरा खेलेको छ ।

#### ४.२.४.२ संरचना

चेतनमनका गुञ्जन (कवितासङ्ग्रह) वार्णिक छन्द र गीतिलय गरी ४२ वटा कविताहरू समाविष्ट भएको फूटकर कवितासङ्ग्रह हो । खण्ड-खण्डमा विभाजन गर्न त्यति आवश्यक नभए पनि कविले कविता खण्ड-१ (समसामयिक कविता), खण्ड-२ (स्मृति पत्रहरू) र खण्ड-३ (गीति कविता) गरी तीन भागमा विभाजन गरेका छन् । वाह्यावरण हेर्दा नेपालको नक्शाभित्र जननीको तस्वीर राखिएको छ । त्यसैको तल्लो भागमा सीमा अतिक्रमण विशेष भनेर पहेँलो अक्षरमा लेखिएको छ । पृष्ठ 'क' मा देश र जनताको लागि बलिदान दिने शारदा श्रेष्ठ जस्तै : नेपाली नारीप्रति समर्पण गरिएको छ । मूल्य रू. १०० राखिएको छ, मुद्रण कार्य सिद्धबाबा अफसेट प्रेसबाट भएको छ । पृष्ठ ग-घ मा विषयसूची राखिएको छ ।

*चेतनमनका गुञ्जन एक विश्लेषण* समालोचक केशवराज आमोदीको समीक्षा लेख यसभित्रका गद्यात्मक प्रस्तुति हुन् । यी प्रस्तुतिलाई यस कृतिभित्र सङ्ग्रह गरिएका कविताको वैचारिकता र कविको लेखकीय धर्मप्रतिको आँखी झ्याल मान्दा फरक पर्दैन । पृष्ठ ङ-ण सम्म कवि चेतकान्त चापागाईंको गद्यात्मक लेख, पृष्ठ त-थ सम्म साहित्य सङ्गम चितवनका अध्यक्ष भवनाथ सडौलाको *प्रकाशकीय* लेख प्रस्तुत गरिएको छ ।

आन्तरिक संरचनाको दृष्टिले हेर्दा २०५८-२०६६ सम्मको अवधिमा सामाजिक राजनीतिक क्षेत्रमा देखापरेको विकृति-विसङ्गतिलाई चिरफार गर्न काम भएको छ । यसैगरी साहित्यिक मित्रहरूले पनि वास्तविकता बुझेर अगाडि बढ्नु पर्दछ भन्दै दुःखमा आत्तिनु हुँदैन, सुखमा मात्तिनु हुँदैन सधैँभरि सिर्जन कार्यलाई निरन्तरता दिनुपर्दछ भन्ने भावलाई देखाउन खोजिएको छ । कृतिमा छन्द, रस, अलङ्कार र कतैकतै बिम्ब र प्रतीकको प्रयोग राम्रोसँग भएको पाइन्छ । प्रायः सबै जसो कविताहरूमा अन्त्यानुप्रास अलङ्कार प्रयोग भएको पाइन्छ ।

#### ४.२.४.३ विषयवस्तु

**चेतनमनका गुञ्जन** विषयगत विविधतायुक्त कवितासङ्ग्रह हो । यस सङ्ग्रहका प्रत्येक कविताहरू अलग-अलग विषयवस्तुमा बाँधिएका छन् । सीमा अतिक्रमण विशेष भनिएको प्रस्तुत कवितासङ्ग्रह **चेतनमनका गुञ्जन**भित्र समसामयिक सिर्जना, स्मृति पत्रहरू र गीति कविता गरी तीन खण्डमा विभाजन गरेका छन् । कवितामा विषयवस्तुको सीमितता हुँदैन । जुनसुकै विषयमा पनि कविता लेख्न सकिन्छ । यस सङ्ग्रहमा प्रस्तुत भएको विषयवस्तुले पनि विविधता ओगटेको छ । मूल रूपमा यसका विषयवस्तु सीमा अतिक्रमण, सुस्ता समस्या, छिमेकीको रबैया, अग्रजहरूप्रतिको श्रद्धाभाव र स्मृतिहरू समसामयिक, सामाजिक र राष्ट्रिय समस्याहरू, दरबार हत्याकाण्ड, दुनै कब्जा, गौरी हत्याजस्ता जनयुद्धका पाटाहरू इत्यादि रहेका छन् ।

### ४.२.४.३.१ सामाजिक-राजनीतिक स्थितिप्रति व्यङ्ग्य-विद्रोह

वि.सं. २०५८ सालदेखि २०६६ सालसम्मको समय अवधिमा राजनीतिक क्षेत्रमा देखापरेको विकृति-विसङ्गतिलाई चिरफार गरेका छन् । यो अवधिमा एउटाले अर्कोलाई कुर्चीबाट हटाउने कार्य गरेको देखिन्छ । राष्ट्रको ढुकुटी हिनामिना भएको छ । आफ्नो सत्ता जोगाउनको लागि छिमेकी देश भारतले सीमा अतिक्रमण गर्दा पनि चुप लागेर त्यसलाई  ढाकछोप गरेका छन् । देशलाई कङ्गाल बनाउँदै गएका छन्, भौतिक संरचनालाई ध्वस्त पार्ने काम भएको छ । नेपाली कला, साहित्य र धरोहरका रूपमा रहेका राष्ट्रका विभूतिहरूको सालिक ढाल्दै नेपाली भावनाप्रति वितृष्णा फैलाउदै नेपाली-नेपाली बीच विभेद ल्याउने कार्य गरेका छन् । नेपाली-नेपाली बीच हत्या, हिंसा, आतङ्क, अपहरणजस्ता कार्यले गर्दा देश अब कता जाने हो भन्ने कुरामा सोच्नुपर्ने अवस्था आएको छ । नेपालको सीमा दिनानुदिन खुम्चँदो अवस्थामा छ । भारतले नेपालमा जति पनि निर्माण गर्‍यो त्यसले उसलाई मात्रै फाइदा मिलेको छ ।

यसरी चारैतर्फबाट राजनीतिक क्षेत्रमा देखापरेको विकृति-विसङ्गतिबाट आजका युवाहरूले सोच्नुपर्ने अवस्था आएको छ । कवि चापागाईंले यसप्रति तीखो व्यङ्ग्य प्रहार गरेका कविताहरू यसप्रकार रहेका छन् :

क)	हाम्रै देरादुन अघि थियो दार्जिलिङ् गो गुमेर
आँखा गाढ्दै अझ छ कवि जी बर्दीया कामचोर
कैयौं हाम्रो जमिन हडप्यो बाँध बाँध्यो डुबायो
बिर्ता उस्कैतिर हृदय यो फेरि हाम्रै रुवायो

सुस्ता बचाऊँ, पृ. ४

ख)	सत्तातिरै र्‍याल चुहाउनेहरू
बन्ने भए ती सबका यहाँ गुरु
खेल्दैछ को नाटक लौ यहाँ किन ?
हे भाइ मालुम छ कि यो निराजन ?

प्रश्नै प्रश्न, पृ. ९

ग)	यौटा खेल समाप्त भो जब घुँडा टेकेर साँढे बस्यो
अर्को झेल रछ्यानबाट थुनुको जोतेर चौको पस्यो
थाल्दै छौ अझ लाज कुल्चन तिमी नेताहरू हो किन ?
लाग्ने छौ पछिसम्म यै मति रहे आफैं तिमी सिद्धिन

आस्था रहे ज्यानमा, पृ. १५

यसैगरी गीति लयमा सामाजिक-राजनीतिक क्षेत्रमा देखापरेको विकृति-विसङ्गतिलाई कतै लोकलयमा र कतै तीजको गीति लयमा पनि कविता रचना गरेका छन् । सङ्कटकालको अवस्थामा

नेपाली जनताहरूले भोग्नु परेको अवस्थालाई देखाउन खोजिएको छ । यसैगरी दरबार हत्याकाण्ड, माओवादीको सशस्त्र जनयुद्ध, दुनै कब्जा, गौर हत्याकाण्डजस्ता विषयवस्तुलाई यसरी देखाउन खोजिएको छ :

क) उम्रिसके अरुका मकै, मेरो साथी जेलमा भोकभोकै
राखेको फूलमा पानी, भन साथी कति गो बिहानी

जाडो गएन, पृ. ८४

ख) सुन सुन दिदी बैनी छैन मैले भुलेको
इतिहास लेख्छु म खारा जलेको
छपन्नको फाल्गुण दश गते बिहान
जनतालाई पाछौ भन्दै एकै चिहान

भित्रभित्रै सल्कदै छ आगो, पृ. ८७

ग) दिलभित्र के छ कुन्नि धनीराम बौल्दैनन्
ढुङ्गो माटो बोल्छ बरु मान्छे बोल्दैनन्

सानी चरी, पृ. ८९

घ) चार हजार सैनिकको सुरक्षामा कस्तो खेल
नारायणहिटी दरबारमा रगतको भेल

दरबार हत्याकाण्ड, पृ. ९०

यसैगरी पैसाको लोभमा बिकेर विश्वबाट लोपोन्मुख हुन लागेका पशु, पंक्षीको हत्या गरेका छन् । यस्ता व्यक्तिबाट सधैँभरि सतर्क रहँदै लोपोन्मुख हुन लागेका एक सिङ्गे गैंडाको संरक्षण गरौं भन्दै सबै नेपालीलाई कविताको माध्यमबाट यसरी सजग गराएका छन् :

क) म खुल्ला हावामा विचरण हुँदा यो गति भयो
बगाई गैंडाको रगत कसरी इज्जत रह्यो ?
छ उल्टै के हाम्रो विलयतिर तिम्रो सहमति ?
मलाई मान्छे हो ! सहजगर यो जीवन गति

वैरी मान्छे, पृ. ६

नेताहरूले कुर्सीको मोहमा फसेर अन्याय, अत्याचार, शोषण, दमन, हत्या, हिंसा गरे जसबाट नेपालीहरूले धेरै दु:ख खप्नु पऱ्यो । कोही विधवा बने भने कोही अनाथ बने । यसरी मान्छेले मान्छेलाई दु:ख दिएका थिए ।

आज आएर प्रकृतिले पनि त्यस्तै दु:ख दिन थाल्यो । कतै बाढी पैरो आयो, कतै भुकम्प आयो यसबाट पनि कयौं नेपालीहरूको मृत्यु भयो, कति अनाथ बने यस्तो अवस्थालाई देखेर कविले कविताको माध्यमबाट यसरी भाव व्यक्त गरेका छन् :

क)	साटेथ्यौं शुभकामना अब पुग्यो हाम्रो दिलासा भनी
बाटेथ्यौं सब जात पात मसिनो धागो सरी फन्फनी
कोशीको जलधारमा समयले चित्कार बाँड्दै छ नि
फर्किन्नौं गणतन्त्रको उदयमा शान्ति कहाँ छौ तिमी ?

गणतन्त्र ल्याएपछि देशमा शान्ति आउँछ भन्दै हिँडेका थिए नेताहरू तर त्यसको ठीक उल्टो भइदिएको छ । मान्छेले मान्छेलाई दु:ख दिइरहेका थिए, तर आज प्रकृतिले पनि दु:ख कष्ट दिन खोजेपछि अब कहाँबाट देशमा शान्ति आउँछ भन्ने भावलाई देखाउन खोजिएको हो ।

**४.२.४.३.२ व्यक्तिगत-मित्रजन बीचको आत्मीय सम्बन्धलाई समेटिएको छ ।**

यस कवितासङ्ग्रहका केही कविताहरू साहित्यिक मित्रहरूसँग राजनीतिक अवस्थाप्रति उनीहरूको धारण के कस्तो छ । राजनीतिक अवस्थालाई के कसरी हेरेका छन् । यसको उत्तर चाहिएको छ कविलाई । यसैगरी कतै साहित्यिक कार्यक्रममा उपस्थित हुन असमर्थ हुँदाको चिन्ता, आफन्तलाई भेट्न नपाउँदाका दुखेसा, दु:खद समवेदना र कारुणिक शोक प्रकट गरी अनुकरणीय व्यवहारिक चरित्रको समुद्घाटन पनि गरेका छन् । उनले साहित्यिक मित्रहरूलाई धेरै सम्मान दिन्छन् र उनीहरूको भावनाको कदर पनि उत्तिकै गर्न लालयित रहन्छन् भन्ने कुरा यसरी देखाइएको छ :

क)	बचायौ साथको नौलो आस्थाफूल मियो बनी
हारेनौ जिन्दगी थाप्यौं जुवामा जेलमा पनि
मर्स्याङ्दी भै बगेका छन् पसिना सिर्जनातिर
न बनुन् कामना गर्छौ 'रवि' विश्राम आतुर

'स्रष्टा' रविकिरण 'निर्जीव' प्रति, पृ. ३२

ख)	बाटो आज नकुर्नु भो समयमै 'गोविन्द' गोष्ठी गरी
राख्ने छौ इतिहास लेखन मिठो छापेर सर्वोपरि
घुम्दै रन्थनिदै कुनै दिन उषा बोकी बलेसी मुनी
झुल्कौला कविजी म त्यै शरणमा तातो छँदै जीवनी

तातो छँदै जीवनी, पृ. ३५

ग)	चम्चा एक लिएर तप्प मुखमा पानी चुहाई दिन
मैले पाइन देख्न अन्त्य क्षणमा गल्दै गएको तन
टाढाबाट झुकेर गम्भीर बने जल्दै चितामा थिइन
भेटौला अब पूर्ण त्यो कद कहाँ मात्रै खरानी रहिन्

छौ सम्झनामा तिमी, पृ. ६१

नयाँ विचार, भावना बोकेर हिँडेका व्यक्तिले जस्तोसुकै दु:ख कष्ट भोग्नु परेपनि त्यसबाट नआत्तिकन आफ्नो कर्तव्यलाई भुल्न हुँदैन भन्ने भावलाई देखाउन खोजिएको हो ।

### ४.२.४.४ भावविधान

भावले शब्दको अर्थ प्रकट गर्दछ, शब्दको अस्तित्वलाई उजिल्याउने र देखाउने काम गर्दछ । मानवीय जीवनजगत्का समग्र विषयवस्तुलाई र मानवचेतनाका यावत् अनुभव र अनुभूतिलाई समेटेर कविताको रचना गरिएको हुन्छ ।[107] **चेतनमनका गुञ्जन** (कवितासङ्ग्रह) विविध भाव वा विचार भएको कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहभित्र राजनीतिक विषयवस्तुलाई विशेष जोड दिइएको छ । यसैगरी संकटकालमा नेपाली जनताहरूले भोग्नुपरेको अवस्था, गणतान्त्रिक महाआन्दोलन र परिणति, दरबार हत्याकाण्ड, संविधान सभाको प्रथम ऐतिहासिक निर्वाचनले ल्याएको परिणामिक उथलपुथल, साहित्यिक मित्रहरूले गरेको उन्नति र प्रगतिको प्रशंसा, सामाजिक क्षेत्रमा देखापरेको हत्या, हिंसा, अन्याय, अत्याचार, शोषण, दमन आदि यस कवितासङ्ग्रहका भावविधान अन्तर्गत पर्दछन् ।

#### ४.२.४.४.१ राजनीतिक विकृति र विसङ्गतिका कविताहरू

सत्ताको मोहमा फसेर नेताहरूले देशप्रति र जनताप्रति गर्नुपर्ने कर्तव्य सबै भुलेका छन् । यस्तो अवस्थालाई देखेर छिमेकी देश भारतले सीमा अतिक्रमण गरेको बयान यसरी गरिएको छ :

क) हाम्रै 'देरादुन' अघि थियो 'दार्जलिङ्' गो गुमेर
आँखा गाढ्दै अझ छ कवि जी बर्दीया कामचोर
कैयौं हाम्रो जमिन हडप्यो बाँध बाँध्यो डुबायो
बिर्ता उस्कैसरि हृदय यो फेरि हाम्रै रुवायो

सुस्ता बचाऊँ, पृ. ४

वर्तमान राजनीतिक अस्थिरता र अन्यौलताले गर्दा मानवीय मूल्य मान्यता हराएको छ । यस भनाईलाई कविताको माध्यमबाट देखाउन खोजिएको छ । जस्तै :

ख) हरायो मानवी मूल्य मान्यता त्यो मनोरम
अस्मिता राष्ट्रको साथी भएको छ बिसर्जन

बसेको ? हेर चोकमा, पृ. १९

सङ्कटकाल घोषणा गरेको अवस्थामा बन्दी जीवन बिताइ रहेका स्रष्टाहरूप्रति लक्षित छ यो कविता । जस्तै :

[107] कृष्णविलास पौड्याल, **आधुनिक नेपाली कविता-काव्य,** (काठमाडौ : नवीन प्रकाशन, २०६६), पृ. ११ ।

क)	सम्झेको छु झल्झली मुहार, मेरा ती छातीक जुहार
	म छु यहाँ गरीब पिढीमा, संगीसाथी अँध्यारो छिडीमा

जाडो गएन, पृ. ८३

राजनीतिक क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिलाई अन्त्य गर्नुपर्दछ र नयाँ विचार, नयाँ भावना भएका व्यक्तिलाई नेता बनाउनुपर्दछ भन्ने भावलाई देखाउन खोजिएको छ ।

**४.२.४.४.२ सामाजिक विकृति विसङ्गतिप्रति लक्षित कविताहरू**

प्रेम विवाहमा बाँधिन पुगेकी चेलीलाई श्रीमानसँग पनि भेटघाट हुन नदिने व्यक्तित्वहरूप्रति लक्षित गरी लेखिएको कविता यसप्रकार रहेको छ :

क)	बल्झाएर राख्दैछन् 'सानी चरी' पासोमा
	निष्ठुरीको जातले आशैं आशमा
	सबै जान्छन् माइती तीज दशैं तिहार
	कोपिलाको रुदो हो कति हियार ?

सानी चरी, पृ. ८९

समय परिवर्तन हुँदै जाँदा मानिसको विचारमा पनि परिवर्तन आउनु पर्दछ भन्ने भावलाई देखाउन खोजिएको हो ।

**४.२.४.४.३ व्यक्तिप्रशंसाका कविताहरू**

यस सङ्ग्रहभित्रका कतिपय कविताहरू साहित्यिक मित्रहरूप्रति लक्षित छ । विभिन्न साहित्यिक मित्रहरूसँग देशको अवस्था, आफू साहित्यिक कार्यक्रममा आउन नपाएको अवस्था, सहपाठी मित्रहरूले गरेका उन्नति अवनति, जीवनमा भोग्नु परेको अवस्था आदि विषयवस्तुलाई कतै वार्णिक छन्दमा, कतै गीतिलयमा रचना गरिएका कविताहरू यसप्रकार छन् :

क)	बचायौ साथको नौलो आस्था फूल मियो बनी
	हारेनौ जिन्दगी थाप्यौं जुवामा जेलमा पनि
	मर्स्याङ्दी भै बगेका छन् पसिना सिर्जनातिर
	न बनुन् कामना गर्छौ 'रवि' विश्राम आतुर

कास्कीका कवि त्रिलोचन खनालको सम्झनामा सुन्तला खान बोलाएको निम्तो ग्रहण गर्दै र पठाएका सुन्तलाको रस लिंदै यो कविता सिर्जना भएको छ :

ख)	नामै सुन्दा मुख छ चुहुने सुन्तला गोलगेडी
	'स्यास्त्री' मेरो मन पुगिसक्यो मूलबाटो नछोडी
	बस्ला बाँकी कतिदिन सखे सुन्तलाको पसारो
	साथी तिम्ले सहन नपरोस् भावनामा तुसारो

हात उच्चो बढायौ, पृ. ४६

समाज सेवामा समर्पित भएका व्यक्ति बाबुराम पोखेलको डाँकाद्वारा हत्या गरिएको घटनालाई लिएर रचना गरिएको कविता यसप्रकार छ :

ग) आयो लौ किन मध्यरात घरमा बत्ती निभाई खुनी
घेर्नै पर्दछ लौ निशाचरहरूलाई तुरुन्तै भनी
उभिए अघि देशभक्त विचरा एक्लो खडा साल भैँ
हत्याक्रूर गरेर कमशिलको डाँका लुके कालभैँ

शब्द श्रद्धाञ्जली, पृ. ४९

निस्वार्थ रूपमा समाज सेवा गर्ने व्यक्तिले बेला मौकामा दुःख कष्ट पाउन सक्दछन् । त्यस्तो बेलामा सहयोगी अरु व्यक्ति नभएको खण्डमा उसको निधन पनि हुन सक्दछ भन्ने भावलाई देखाउन खोजिएको हो ।

**४.२.४.५ भाषाशैली**

कवि चेतकान्त चापागाईंको अरु कृति जस्तै यो कृति पनि पढ्दा खेरि सजिलैसँग बुझ्न सकिन्छ । ठेट नेपाली शब्दहरूको प्रयोगले गर्दा यो कवितासङ्ग्रह निकै सरल र रसिलो बनेको छ । यहाँ कठिन शब्दाबलीको त्यति प्रयोग भएको पाइदैन । कृतिभित्र प्रवेश गरेर हेर्दा खेरि कतिपय कविताहरू व्यक्तिकेन्द्रित छन् । जसले गर्दा कृति त्यति वजनदार र गहकिलो हुन सकेको छैन । छन्द, रस, अलङ्कारको प्रयोग राम्रोसँग भएको छ । कतैकतै व्याकरणिक दृष्टिले केही शब्द र वाक्यहरू अशुद्ध देखिन्छ । वार्णिक र गीतिलयमा कविता रचना गरिएको हुनाले पाठकहरूको लागि असाध्यै मन छुने खालको छ ।

**४.२.४.६ छन्द, रस र अलङ्कार**

कवि चेतकान्त चापागाईंले चेतनमनका गुञ्जन कविता सङ्ग्रहमा छन्द, रस र अलङ्कारको प्रयोग गरेर कृतिलाई ओजनदार, गहकिलो, लयात्मकता, श्रूतिमाधुर्यले भरिपूर्ण बनाएको छन् ।

**४.२.४.६.१ छन्द**

**क. शार्दूलविक्रीडित छन्द**

शार्दूलविक्रीडित छन्दको प्रत्येक पाउमा १९-१९ वर्ण वा अक्षरहरू हुन्छन् ।

**गणको नाम :** म स ज स त त गु

**गणको चिह्न:** ऽऽऽ ।।ऽ ।ऽ। ।।ऽ ऽऽ। ऽऽ। ऽ

अ) दश वर्षे जनयुद्धको अधरमा तिम्रै प्रतीक्षा थियो
उन्नाइस् दिन थप्पिएर त्यसले गन्तव्य उच्चो लियो
शाहीतन्त्र झुक्यो महासमरमा आँखा लगायौं घुमि
देखिन्नौ किन शिष्ट आवरणमा शान्ति कहाँ छौ तिमी ?

शान्ति कहाँ छौ तिमी ? पृ. ११

आ) यो संसार रुवाइ मध्यदिनमा बाटो लियौ अन्त्यको
यो सानो घरबार मान ममता त्यागेर आफन्तको
यात्री पार भयौ अनिष्ट कति हो 'सीता' हरायौ तिमी
पाउन्नौ अब देख्न चोकघरमा दैलो उघार्दा तिमी

छौ सम्झनामा तिमी, पृ. ५९

इ) यौटा सुन्दर चित्र त्यो नगरको छापेर फक्यौं सखे
तिम्रो कोमल भावना हृदयमा खापेर फक्यौ सखे
पालेको सपना पुग्यो शरद मै लेखेर चिठ्ठी दियौ
साथी विज्ञ, चितौन क्षेत्र भरका जो गोरखा मै थियौ

फुल्दै गरुन् सिर्जना, पृ. ६९

शार्दूलविक्रीडित छन्दको माध्यमबाट सामाजिक र राजनीतिक क्षेत्रमा देखापरेको विकृति र विसङ्गतिलाई हटाउनुपर्छ भन्ने भावलाई देखाउन खोजिएको छ ।

## ख. मन्दाक्रान्ता छन्द

मन्दाक्रान्त छन्दको प्रत्येक पाउमा १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् ।

**गणको नाम :** म भ न त त गु गु

**गणको चिह्न:** ऽऽऽ ऽ।। ।।। ऽऽ। ऽऽ। ऽ ऽ

अ) हाम्रा साथी घरविहिनभै रोडमा कक्रिदैछन्
सामन्तीका कुटिल सपना पूर्ण छन् फक्रिदैछन्
खोजौं 'जङ्गेपिलर' अब गै साँध आफ्नो सच्याँउँ
बल्झ्यो घाउ अतिक्रमणको लौन सुस्ता बचाऊँ

आ) सञ्चो होला हृदय बलियो पार्नु त्यो 'प्रेमराज'
लाखौं लागे पनि धन 'सीता' त्याग्न को सक्छ आज
ती चौतारी शरण सबकै सकिन्नैं हुन्न मानु
पुग्छिन् सोचौं सकुशल हिडी पोखरी छाप सानु

पोखरी छाप, पृ. ३३

मन्दाक्रान्त छन्दको माध्यमबाट धनीले गरीबलाई, बलियोले निर्धालाई जहाँसुकै पनि दु:ख, कष्ट दिइरहेका हुन्छन् भन्ने भावलाई देखाउन खोजिएको हो ।

**ग. शिखरिणी छन्द**

शिखरिणी छन्दको प्रत्येक पाउमा पनि १७-१७ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : य म न स भ ल गु

गणको चिह्न: ।ऽऽ ऽऽऽ ।।। ।।ऽ ऽ।। । ऽ

अ) तिमी दोषी हुन्छौ कुकुरसरि गैंडाहरू मरे
तिमी आफैं हुन्छौ हरिप अब त्यो भूल नगरे
थपी गैंडा गस्ती अधम अपराधीहरू चिन
सबै ती साथीमा अभयपन देखाउ नविन

बैरी मान्छे, पृ. ६

आ) प्रतीक्षा गर्दै छु सफल कविका सिर्जनहरू
दिए भाका हाली चितवन भरी गाउँछु बरु
हुलाकी सेवामा टिकट थिचि राता फूलहरू
छु सुम्पेको झापा निकट दिन के सक्छु र अरु ?

अहोरात्र खटियौं, पृ. ५८

प्रकृति संरक्षणप्रति पनि कवि सजग छन् । प्रकृति सम्पदाको संरक्षण गर्न, दुर्लभ जीवजन्तुहरू कसरी बचाउन सकिन्छ भन्ने भावलाई देखाउन खोजिएको हो ।

**घ. अनुष्टुप छन्द**

यस छन्दको प्रत्येक पाउको पाँचौ वर्ण लघु र छैटौं वर्ण गुरु हुन्छ तथा दोस्रो र चौथो पाउका सातौं वर्णहरू लघु हुन्छन् ।

अ) हरायो मानवी मूल्य मान्यता त्यो मनोरम
अस्मिता राष्ट्रको साथी भएको छ बिसर्जन

बसे को ? हेर चोकमा, पृ. १९

आ) बचायौ साथको नौलो आस्था फूल मियो बनी
हारेनौ जिन्दगी थाप्यौं जुवामा जेलमा पनि
मर्स्याङ्दी भै बगेका छन् पसिना सिर्जनातिर
न बनुन् कामना गर्छौ 'रवि' विश्राम आतुर

'स्रष्टा रविकिरण 'निर्जीव' प्रति' पृ. ३२

वर्तमान अस्थिर राजनीतिक अवस्थाप्रति व्यङ्ग्य गर्ने खोजिएको छ । यसैगरी स्रष्टा सम्मानित हुँदा उनको सुस्वास्थ्य, दिर्घायु, र प्रगतिको कामना गरिएको छ ।

**ङ. ललिता छन्द**

ललिता छन्दको प्रत्येक पाउमा १२-१२ वर्ण वा अक्षरहरू हुन्छन् ।

गणको नाम : त भ ज र

गणको चिह्न: ऽऽ। ऽ।। ।ऽ। ऽ।ऽ

अ) फालौ पूराना कपडाहरू सबै
नयाँ किनौं रङ्गिन बस्त्र हाट गै
भन्दा नसुन्ने किन जन्मिए हुन ?
हे भाइ मालुम् छ कि यो निराजन ?

प्रश्नै प्रश्न, पृ. ७

यो कविताले व्यङ्ग्य गर्न खोजेको छ । वर्तमान परिप्रेक्ष्यमा हत्या, हिंसा, अपहरण, बलात्कारजस्ता विकृति, विसङ्गतिलाई अन्त्य गर्दै शान्ति कायम राख्न नयाँ व्यवस्था, नयाँ नीतिको आवश्यकता परेको छ भन्ने भावलाई देखाउन खोजिएको छ ।

**च. गीतिलय**

गीत लयबद्ध पद्य हो । यो छन्दयुक्त दुवै हुन्छ । यसको आख्यान हुँदैन सङ्क्षिप्त कथन हुन्छ । गीतको मुख्य विशेषता गेयात्मकता हो । साथै सङ्गीतात्मकता पनि हो । सारेगममा नबाँधिएको, लयात्मकता पनि नभएको रचनालाई गीत भन्न सकिन्न । गीतमा एकल भावको एकत्वति हुन्छ । कथा र शैलीको मिलन हुन्छ ।[108] यस कवितासङ्ग्रहको गीति खण्डमा ११ वटा लोकछन्दमा रचिएका गीतहरू रहेका छन् । जसमा 'चरीको कहाँ छ र घर रात काट्यो डालीमा बसेर' भाकाको गीतिलयमा संरचित २ वटा कविता र ९ वटा तीजको गीतिलयका कविता समाविष्ट छन्, जसमा कविले संकटकालको अवस्थामा नेपाली जनताले भोग्नुपरेको अवस्था, दरबार हत्याकाण्ड, माओवादीको सशस्त्र जनयुद्ध, दुनै कब्जा, गौरी हत्याकाण्डजस्ता सामाजिक-राजनीतिक क्षेत्रमा देखापरेका विकृति, विसङ्गतिलाई कविताको माध्यमबाट प्रस्तुत गरेका छन् । जस्तै :

अ) 'पप्पु' चिठ्ठी लेखिछ्यौ मलाई
यो दिदीको सोचेर भलाई

बिरानु देशमा, पृ. ८०

---

[108] डी.आर.पोखरेल, चेतकान्तको ***'चेतनमनका गुञ्जन' : एक चर्चा,*** **पारदर्शी** दैनिक पत्रिका, वर्ष-१४, अङ्क-१३१, २०६६ भदौ २७ गते) पृ. २ ।

आ) सुन सनु दिदी बैनी छैन मैले भुलेको
इतिहास लेख्छु म खारा जलेको
भित्रभित्रै सल्कदै छ आगो, पृ. ८७

टाढा रहँदा आफ्नो र आफन्तको सम्झना आउँछ भन्ने भावलाई देखाउन खोजिएको छ । यसैगरी रुकुमको खारा गाउँमा प्रशासनबाट गरिएको घृणित कार्यलाई कविताको माध्यमबाट प्रस्तुत गरिएको छ ।

### ४.२.४.६.२ रस

कवि चेतकान्त चापागाईंको चेतनमनका गुञ्जन (कवितासङ्ग्रह) मा प्रायजसो सबै रसहरूको प्रयोग भएको पाइन्छ । संख्याको हिसाबले करुण रसको प्रयोग अधिक छ । अरु रसहरूको पनि सङ्क्षिप्त चर्चा यहाँ प्रस्तुत गरिएको छ ।

**क. करुण रस**

अ) चौसठ्ठी कतिसम्म निर्मम बनिस् सारा रुवाइ दिइस्
वर्षा श्रावण मासको भलसँगै आँसु चुहाइ रहिस्
यौटा मानव चेतनाप्रति अहो ! अन्याय ज्यादा भयो
रक्षा बान्धवको गरौ मन लिँदा त्यो ज्यान उल्टै गयो
शब्द श्रद्धाञ्जली, पृ. ४९

ख) चम्चा एक लिएर तप्प मुखमा पानी चुहाई दिन
मैले पाइन देख्न अन्त्य क्षणमा गल्दै गएको तन्
टाढैबाट झुकेर गम्भीर बनें जल्दै चितामा थिइन्
भेटौला अब पूर्ण त्यो कद कहाँ मात्रै खरानी रहिन्
छौ सम्झनामा तिमी, पृ. ६१

आफ्नै भाइबुहारी सीता चापागाईंको आकस्मिक निधनले कविको हृदयमा चोट पुगेको छ । कविले प्राण जाने बेलामा एक चम्चा पानी मुखमा राख्न नपाएकोमा दु:ख व्यक्त गरेका छन् भन्ने भावलाई देखाउन खोजिएको छ ।

**ख. भयानक रस**

भयप्रद जन्तु, घटना वा दृश्य देखेर मनमा जुन भयात्मक चित्तवृत्ति उत्पन्न हुन्छ, त्यसबाट भयानकरसको अभिव्यक्ति हुन्छ ।

अ) घुम्दै घुम्दै घर निकटमै बाघ पाटे करायो
'तिल्के बाच्छो' अघि भर्खरै देखिएको हरायो
बाखा पाठा अपहरणमा पर्दछन् खोरबाट
प्रष्टै चिन्ने अनुकूल मिल्यो जन्तु त्यो सोरबाट
सुस्ता बचाऊँ, पृ. ३

आ)	घुम्दैथ्यो वनमा फनक्क चितुवा हाली मुहाली गरी
रम्थ्यो चित्तल, मृर्गको रगत त्यो सुर्काउदै बेसरी
लामैकाल गऱ्यो रजाँइ वनमा उस्ले निहत्थाबीच
हुन्थ्यो दिक्क जुधाइ हिंड्न दिनहुँ आँखा उज्यालोसित

असुरको छाँया, पृ. १७

यस कवितामा भयजनक जन्तु बाघले बाच्छो खाएको र खोरबाट बाखाको पाठा अपहरण परेको यी दुवै घटना भयानक प्रकृतिको देखिन्छ ।

## ग. रौद्ररस

गुरुजन वा आत्मीय जनको अपमान वा वध आदि अनिष्ट कार्य भएमा रौद्ररसको अभिव्यक्ति हुन्छ ।

अ)	तिमी दोषी हुन्छौ कुकुरसरि गैंडाहरू मरे
तिमी आफैं हुन्छौ हरिप अब त्यो भूल नगरे
थपी गैंडा गस्ती अधम अपराधीहरू चिन
सबै यी साथीमा अभयपन देखाउ नविन

बैरी मान्छे, पृ. ६

विश्वबाट लोपोन्मुख हुन लागेको गैंडाको मृत्युको खबरले कविको हृदयमा चोट पुगेको छ । यसरी गैंडा मार्ने अपराधीलाई कडाभन्दा कडा दण्ड दिनुपर्दछ भन्ने भाव व्यक्त गरेका छन् ।

## घ. वीभत्स रस

घृणित वस्तु वा व्यक्तिलाई देखेर उत्पन्न हुने चित्रवृत्ति वीभत्स रस हो ।

अ)	सत्तातिरै ऱ्याल चुहानेहरू
बन्ने भए ती सबका यहाँ गुरु
खेल्दैछ को नाटक लौ यहाँ किन ?
के भाइ मालुम् छ कि यो निराजन ?

कुर्चीतिर ऱ्याल चुहाउने नेताहरूलाई यस कविताले व्यङ्ग्य गर्न खोजेको छ ।

## ङ. वीर रस

शत्रु वा प्रतिद्वन्द्वीको पराक्रम, उदारता, दानशीलता आदिको प्रशंसा सुनेर आफूले पनि त्यस्तै कार्य गरेर यशस्वी हुने जुन उत्साह मनमा जाग्दछ, त्यसैबाट वीररसको उत्पत्ति हुन्छ ।

अ) यात्रामा गतिरोध गर्न अरुले पर्खाल लाए पनि
रुक्नै हुन्न तिमी कुनै अबुझले आगो खन्याए पनि
चौतारी सुरुवातमा जति परुन् ती विघ्नबाधाहरू
हट्नै हुन्न पछाडि यो धरतिका श्री कृष्णराधाहरू

डाडू पन्युँका कुरा, पृ. ५४

आ) हिम्मत भए गोली हान्न चाँडो होउ तयार
हाम्रो आस्था मर्दैन स्वाँङ नपार
यति भन्दै थापिदिए छाती वीरहरूले
तातोगोली पिइदिए धीरहरूले

तातोगोली पिइदिए, पृ. ८६

आफूले गर्न लागेको कुनै पनि काममा कतैबाट विघ्न बाधा आयो भने पनि आफू पछि हट्नु हुँदैन, त्यो कार्य सफल गरेर छाड्नु पर्दछ भन्ने भावलाई देखाउन खोजिएको छ ।

## च. वियोग शृङ्गाररस

वियोग शृङ्गाररस अभिव्यक्ति भएको रचनामा नायक-नायिकाका बीच वैयक्तिक, सामाजिक वा अन्य कुनै बाधा-बन्देजका कारण प्रेमसम्बन्ध कायम हुन नसकेको अथवा पूर्वस्थापित प्रेम सम्बन्ध बीचैमा पूर्णत वा अंशत टुट्न गई नायक-नायिकाका बीच विछोड-वियोग भएको स्थितिको वर्णन पाइन्छ ।

अ) बाखा थुन्न खोरमा जाँदा
तिमीतिरै हेलिन्छ मन् आधा
बरु मेरो जिन्दगी टुटोस्
बैनी तिम्रो टाउको नदुखोस्

विरानो देशमा पृ. ८२

विवाह गरेको केही समयमा धन कमाउनको लागि विदेशतिर गएका श्रीमान् धेरै वर्षसम्म पनि नआउँदा उनको सम्झना स्वरूप यो कविता रचना भएको हो ।

## छ. अद्‌भूत रस

कुनै चमत्कारपूर्ण एवम् अलौकिक किसिमका अथवा असामान्य खालका पात्र, वस्तु, दृश्य आदि देख्दा मानवीय मनमा उत्पन्न हुने एक किसिमको आश्चर्य भाव हो ।

अ) एकै साथ वीरेन्द्रको वंशलाई मासेर
कस्को इच्छा पूरा होला गद्दी बसेर ?
गोली लागि कन्चटमा ठहरै ती ढलेका
युवराज हत्यारा भन्न थालेका

दरबार हत्याकाण्ड, पृ. ९०

यस कविताले दरबार हत्याकाण्डमा एउटा वंश नै सिद्धिएको विषयवस्तुलाई देखाउन खोजिएको छ ।

**४.२.४.६.३ अलङ्कार**

काव्यको आन्तरिक तथा बाह्य सौन्दर्य बढाउने साधन-उपकरणलाई अलङ्कार भनिन्छ ।

**क. अत्यानुप्रास अलङ्कार**

पाउको आधा वा पाउको अन्तमा अक्षर पूर्णरूपले मिलेमा अत्यानुप्रास हुन्छ ।

अ) अहो ! तिम्रो हाम्रो धरणिसँग नाता छ गहिरो
चुँडालेमा मुन्टो वरपर झनै जान्छ पहिरो
सबै पाखा लागून् अब सकसका वर्ष मलिन
मलाई मान्छे हो ! सहजगर यो जीव जिउन

बैरी मान्छे, पृ. ६

यहाँ एक पाउको अन्तिम अक्षर अर्का पाउको अन्तिम अक्षरका साथ मेल खाएको छ । त्यसैले अत्यानुप्रास अलङ्कार भएको छ ।

**ख. छेकानुप्रास अलङ्कार**

अनेक व्यञ्जनवर्णहरूको सोही स्वरूप र क्रममा एकपटक मात्र आवृत्ति हुँदा उत्पन्न हुने अनुप्रास अलङ्कारलाई छेकानुप्रास अलङ्कार भनिन्छ ।

अ) घुम्दैथ्यो वनमा फनक्क चितुवा हाली मुहाली
रम्थ्यो चित्तल, मृर्गको रगत त्यो सुर्काउदै बेसरी
लामैकाल गर्‍यो रजाँइ वनमा उस्ले निहत्थाबीच
हुन्थ्यो दिक्क जुधाइ हिंड्न दिनहुँ आँखा उज्यालोसित

असुरको छाँया, पृ. १७

यहाँ ह र ल व्यञ्जनवर्णहरूको आवृत्ति एकपटक मात्र भएको छ । त्यसैले यहाँ छेकानुप्रास अलङ्कार रहेको छ ।

**ग. वृत्यनुप्रास अलङ्कार**

एक व्यञ्जनको एकपटक वा अनेक पटक आवृत्ति तथा अनेक व्यञ्जनहरूको उसै क्रममा वा क्रमविना एकपटक वा अनेकपटक आवृत्ति भएमा वृत्यानुप्रास अलङ्कार हुन्छ ।

अ) हरायो मानवी मूल्य मान्यता त्यो मनोरम
अस्मिता राष्ट्रको साथी भएको छ बिसर्जन

बसे को ? हेर चोकमा, पृ. १९

यहाँ 'म' को धेरै पटक आवृत्ति भएको हुनाले वृत्यानुप्रास शब्दालङ्कारको प्रयोग भएको छ ।

**घ. अतिशयोक्ति अलङ्कार**

अभिव्यक्तिलाई प्रभावशाली पार्न लोक प्रसिद्ध उक्तिलाई उछिन्दै बढाई चढाईकन कुनै विषयको वर्णन गर्नु अतिशयोक्ति अलङ्कार हो ।

अ) मौका छोपी सबल गिरिजाबाबुमा बिन्तिपारे
दायाँ-बायाँ अरुजति सबै दूतलाई गुहारें
सम्झे छाती चरर चिरियो कोट दौरा सुँघेर
पालो आयो कसरी कछुवा चाल गर्दै घुमेर

यै छ चिन्ता मलाई, पृ. २१

यस कविताले नेपाली नेताहरूलाई व्यङ्ग्य गर्न खोजेको छ । चारैतिरबाट असफल भएकाहरू उच्च पदमा पुगेको विषयवस्तुलाई देखाउन खोजिएको छ ।

**४.२.४.७ निष्कर्ष**

चेतकान्त चापागाईंको पुस्तकाकार कृतिमध्ये वि.सं. २०६६ सालमा प्रकाशित चेतनमनका गुञ्जन कवितासङ्ग्रह चौथो कृति हो । यस कवितासङ्ग्रहमा जति पनि कविताहरू छन् ती सबै चेतनमनका गुञ्जनहरू हुन् । यस कवितासङ्ग्रहले राजनीतिक क्षेत्रमा देखापरेको विकृति, विसङ्गतिलाई बढी जोड दिइएको छ । प्रगतिशील विचारधाराबाट प्रभावित चापागाईं राष्ट्रप्रेमी, मानवतावादी तथा मित्रहरूलाई सम्मान गर्न खप्पिस छन् । उनले पाठकहरूको मन जित्नको लागि वार्णिक छन्दको साथै गीतिलयमा पनि कविता रचना गरेका छन् । उनको यस कृतिभित्र साहित्यिक मित्रहरूले सामाजिक, राजनीतिक र पारिवारिक क्षेत्रमा भोग्नु परेको अवस्थालाई देखाउन खोजिएको छ । कृतिमा तत्सम तद्भव शब्दको अधिक प्रयोग देखिन्छ । व्याकरिणक अशुद्धता कतै कतै भेट्न सकिन्छ । कवितामा छन्दोभङ्ग देख्न सकिन्छ । अति मिठास शब्दहरूको चयन गर्ने सिपालु, लयात्मक प्रस्तुति, विषयवस्तुको मार्मिक भावनात्मक अभिव्यक्ति उनको मूल प्रवृत्ति हो । यस कृतिमा पनि छन्द, रस, अलङ्कार र कतै कतै बिम्ब र प्रतीकको प्रयोगले कृतिलाई सरस र गहन बनाएको छ ।

# अध्याय : पाँच
# उपसंहार

उपसंहार भनेको निचोड भाग हो । यस भागमा कवि चेतकान्त चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वबारे विगतका जुन-जुन अध्यायहरूमा अध्ययन र मूल्याङ्कन गरिएको थियो, तिनको अध्यायगत सारांशका साथै समग्र निचोड पनि यस अध्यायमा प्रस्तुत गरिन्छ ।

## ५.१ अध्याय एकको निष्कर्ष

यस अध्यायमा प्रस्तुत शोधशीर्षक, शोधप्रयोजन, विषयपरिचय, समस्याकथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण र समीक्षा, शोधकार्यको औचित्य र महत्त्व, शोधकार्यको सीमाङ्कन, सामग्रीसङ्कलन र शोधविधि, शोधपत्रको रूपरेखा प्रस्तुत गरिएको छ ।

## ५.२ अध्याय दुईको निष्कर्ष

यस अध्यायमा कवि चेतकान्त चापागाईंको जीवनी र व्यक्तित्वको परिचय प्रस्तुत गरिएको छ । जीवनी शीर्षकअन्तर्गत उनको जन्म र जन्मस्थान, बाल्यकालीन स्वभाव, उपनयन संस्कार र शिक्षादीक्षा, वंश परम्परा, विवाह र सन्तान, आर्थिक अवस्था र पेशा, मानवाधिकार बौद्धिक एवम् सामाजिक संस्थामा आबद्ध, सामाजिक क्षेत्रमा संलग्नता, अविस्मरणीय घटना, भ्रमण, रुचि, जीवनचर्या, पुरस्कार र सम्मान, पुत्री वियोग आदिको उल्लेख गरिएको छ ।

## ५.३ अध्याय तीनको निष्कर्ष

यस अध्यायमा कवि चेतकान्त चापागाईंको बाह्य र आन्तरिक व्यक्तित्वलाई छुट्टाछुटै हिसाबले वर्गीकरण गरेर अध्ययन गरिएको छ । बाह्य व्यक्तित्व अन्तर्गत शारीरिक वनोटलाई देखाउन खोजिएको छ भने आन्तरिक व्यक्तित्वलाई दुई भागमा विभाजन गरी साहित्यिक व्यक्तित्व र साहित्येतर व्यक्तित्व, साहित्यिक व्यक्तित्वमा कवि व्यक्तित्व र साहित्येतर व्यक्तित्वमा सामाजिक व्यक्तित्व, कृषक व्यक्तित्व र सम्पादक व्यक्तित्वको रूपमा विभाजन गरिएको छ ।

## ५.४ अध्याय चारको निष्कर्ष

यस अध्यायमा नेपाली साहित्यमा कवि चेतकान्त चापागाईंको आगमन र उनको साहित्यिक यात्रा, साहित्य लेखनका लागि प्रेरणा र प्रभाव, प्रकाशित चार वटा कृतिहरूको साहित्यका तत्त्वहरूका आधारमा प्रवृत्तिगत अध्ययन र मूल्याङ्कन प्रस्तुत गरिएको छ ।

## ५.५ समग्र निष्कर्ष

कवि चेतकान्त चापागाईंको जन्म २००५ साल वैशाख २५ गते शुक्रबार कास्की जिल्ला अन्तर्गत तार्काङको कम्दा भन्ने स्थानमा भएको हो । उनी देउपति चापागाईंका पनाती र दीनानाथ चापागाईंका नाति हुन् । माता स्व. डिकुरीदेवी चापागाईं र पिता गजाधर चापागाईंका ९ सन्तान मध्ये जन्मले दोस्रो र छोरामध्ये पहिलो सन्तान हुन् कवि चापागाईं । आफ्ना कान्छा बुबा चूडामणि चापागाईंबाट घरमै साउँअक्षर चिनाउने काम गराएका थिए । अक्षर चिन्न सक्ने भएपछि उनलाई चूडामणि चापागाईंले वेद, रुद्री, दुर्गासप्तराती, अग्निस्थापना आदि पढ्न सिकाए । २०१६ सालमा उनको परिवार चितवनको गीतानगर-३, पृथ्वीनगरमा बसाइ सर्‍यो । त्यसपछि वि.सं. २०१७ सालमा उनी अरुणोदय हाइस्कुल गीतानगर चितवनमा भर्ना भई अध्ययन गर्न सुरु गर्छन् । यसै बेलादेखि उनी औपचारिक शिक्षा आर्जनतर्फ लागेका देखिन्छन् । उनी उक्त विद्यालयबाट कक्षा आठसम्म अध्ययन गरी कक्षा नौ शिवनगरको नारायणी विद्या मन्दिरमा र कक्षा दशको अध्ययन गर्न चितवन हाइस्कुल भरतपुरमा पुग्छन् । टेष्ट परीक्षामा अनुत्तीर्ण भएपछि वि.सं. २०२६ सालमा नेपाल राष्ट्रिय विद्यापीठ पोखरा उपकेन्द्रबाट उनले प्रवेशिका परीक्षा द्वितीय श्रेणीमा उत्तीर्ण गरे । त्यसपछि औपचारिक शिक्षामा उनको पूर्ण विराम लाग्यो ।

वि.सं. २०२२ सालमा उनले विवाह गरे तर त्यो विवाह असफल भएपछि २०२८ सालमा लक्ष्मी कोइरालासँग उनको दोस्रो विवाह सम्पन्न भयो । चापागाईंका सन्तानमा पाँच छोरी र एक छोरा जन्मिए । परन्तु उनकी कान्छी छोरी गायत्री अहिले यस संसारमा छैनन् । एउटा छोराको विवाह गर्ने बाँकी रहेको देखिन्छ भने चारवटा छोरीहरू विवाह बन्धनमा बाँधिइसकेका छन् । शिक्षाको हिसाबमा हेर्दा पाँचवटै छोरीहरूले एस.एल.सी.उत्तीर्ण गर्न नसकेको तर छोराले एस.एल.सी. प्रथम श्रेणीमा उत्तीर्ण गरी उच्च शिक्षाको खुड्किलो समेत पार गरिसकेको देखिन्छ ।

कवि चेतकान्त चापागाईंको व्यक्तित्वका विभिन्न पाटाहरूको अध्ययनको क्रममा आन्तरिक र बाह्य व्यक्तित्व भित्र सबैखाले व्यक्तित्व समेटिए पनि आन्तरिक व्यक्तित्वभित्र यिनी मूलतः कविका रूपमा स्थापित भएका छन् । कवि व्यक्तित्वका रूपमा यिनलाई चिनाउने पहिलो प्रकाशित कृतिमा **दासढुङ्गाको व्यथा गाथा** नै हो । साहित्य लेखनतिर लाग्ने प्रेरणा केदारनाथ रेग्मी र तीर्थराज कोइरालाबाट प्राप्त भएको हो । यस बाहेक राष्ट्रिय स्तरका मूर्धन्य साहित्यकारहरू लेखनाथ पौडयाल, लक्ष्मीप्रसाद देवकोटा, माधवप्रसाद घिमिरेका रचनाहरूबाट प्रभावित भएको देखिन्छ । निम्न मध्यम वर्गीय किसान परिवारमा जन्मेका चेतकान्त चापागाईंको पेसा खेतीपाती र पशुपालन बाहेक अन्य केही नभएको देखिन्छ । कृषि पेसा नै उनको जीवन आधार भएकोले गर्दा फुर्सदको समयमा साहित्य लेखनतिर जोडदिएको देखिन्छ ।

कवि चेतकान्त चापागाईंको साहित्ययात्राको शुभारम्भदेखि निरन्तरको समयावधिलाई हेर्दा पाँच दशकभन्दा बढी समयदेखि उनी साहित्यमा सिर्जनारत रहेको देखिन्छ । यस बीचमा उनका चारवटा पुस्तकाकार कृतिहरू नेपाली साहित्य भण्डारले पाएको छ । फुटकर कविताबाट आफ्नो साहित्ययात्रा सुरु गरेका कवि चेतकान्त चापागाईंले एउटा लघुकाव्य र तीनवटा खण्डकाव्य कृति सिर्जना गरिसकेका छन् । यसका अतिरिक्त धेरै सङ्ख्यामा विभिन्न पत्रपत्रिकाहरूमा फुटकर कविताहरू सिर्जना गरेका छन् ।

कवि चेतकान्त चापागाईंद्वारा रचना गरिएको **दासढुङ्गाको व्यथा गाथा** शोक गीतिका झ्याउरेमा लेखिएको शोक लघुकाव्य हो । यस कृतिमा मदन भण्डार र जीवराज आश्रितको रहस्यमय जिप दुर्घटनालाई विषयवस्तु बनाइएको छ । कमरेड मदन भण्डारी एक सच्चा नेता हुन् । जसले गरीब जनताको भावनालाई आत्मसात् गर्दै अघि बढेका थिए । समाजमा अन्याय, अत्याचार, शोषण, दमन, भ्रष्टाचारजस्ता कुरालाई निर्मूल गर्नुपर्दछ भन्ने विचार बोकेर हिडेका थिए । यिनै विचारहरूलाई कविले मिठासपूर्ण एकालापीय भाषाशैलीमा छन्द, रस, अलङ्कारको प्रयोग गर्दै कविताको रचना गरेका छन् ।

यिनको दोस्रो प्रकाशित कृति **यात्रा मुक्ति शिखरको** कवितासङ्ग्रह (२०५५) हो । यस कृतिमा सामाजिक, राजनैतिक क्षेत्रमा देखापरेको विकृति-विसङ्गलिाई देखाउन खोजिएको छ । यसैगरी व्यक्तिप्रशंसा, प्राकृतिक जीवनगत पीडालाई कवितामा समावेश गरेका छन् । कृतिमा छन्द, रस, अलङ्कार, बिम्ब र प्रतीकले काव्यलाई शोभा बढाएको छ ।

चेतकान्त चापागाईंको तेस्रो प्रकाशित कृति **राता फूलहरू** २०६३ कवितासङ्ग्रह हो । यस कवितासङ्ग्रहमा पनि सामाजिक-राजनैतिक विषयवस्तुभित्र देखापरेको विकृति-विसङ्गतिलाई देखाउन खोजिएको छ । यसै गरी व्यक्ति प्रशंसामा व्यक्तिलाई सम्बोधन गरेर रचिएका पत्रात्मक शैलीका कविताहरू संकलित छन् । आँसुको चिनो शोककाव्यमा आफ्नी कान्छी छोरी गायन्त्रीको असामयिक निधनमा शोक व्यक्त गरेका छन् । नौ जना कविहरूले शोक सन्तप्त कवि चापागाईंलाई लेखेका समवेदनाका कवितात्मक पत्रहरू समेटिएका छन् । यस काव्यमा छन्द, रस, अलङ्कार, बिम्ब र प्रतीकहरूको प्रयोगले काव्यलाई अझ उत्कृष्ट बनाएको छ ।

लेखन कार्यको तीव्रतासँगसँगै २०६६ सालमा **चेतनमनका गुञ्जन** कवितासङ्ग्रह प्रकाशित भएको छ । यस कवितासङ्ग्रहमा प्रत्येक कविताहरू अलग-अलग विषयवस्तुमा बाँधिएका छन् । सीमा अतिक्रमण, सुस्ता समस्या, छिमेकीको रवैया, अग्रजहरूप्रतिको श्रद्धाभाव, दरबार हत्याकाण्ड, दुनै कब्जा, गौरी हत्याजस्ता जनयुद्धका पाटाहरू इत्यादि रहेका छन् । शार्दूलविक्रीडित, मन्दाक्रान्ता, शिखरिणी, अनुष्टुप ललिता छन्दहरू, करुण, भयानक, रौद्र, विभत्स, वीर, अद्भूत रसहरू रसहरू र अत्यानुप्रास, छेकानुप्रास, वृत्यनुप्रास, अतिशोक्ति, स्वभावोक्ति, पुनरुक्तवदाभास अलङ्कारहरूको

प्रयोगले यस खण्डकाव्यको शोभा बढाएको पाइन्छ । गरीब दु:खीको हरण गर्न, सबै जनताले समान हक अधिकारहरू समान उपभोग गर्न र सबैले समान रूपमा शिक्षा र गाँस, बास र कपासको नैसर्गिक अधिकार उपयोग गर्न पाउनुपर्छ भन्नेजस्ता भावहरू उनको कृतिभित्र पाउन सकिन्छ ।

उनका कृतिहरू सरल र सरस भाषामा लेखिएका छन् । तत्सम शब्दहरूको केही प्रयोग पाइए पनि ठेट नेपाली शब्दहरूको प्रयोगले पठनीय छ । पाठकहरूले उनको कृति पढ्दा खेरि सजिलैसँग कविताले भन्न खोजेको भावलाई बुझ्न सक्छन् । कतिपय कविताहरू व्यक्तिकेन्द्रित छन् । जसले गर्दा कृति त्यति वजनदार र गहकिलो हुन सकेको छैन । कवितामा छन्दोभङ्ग देख्न सकिन्छ । छन्द, रस, अलङ्कारको प्रयोगले कृतिलाई सरस र गहन बनाएको छ ।

# सन्दर्भसामग्रीसूची

## क. पुस्तकसूची


अधिकारी, हेमाङ्गराज र बद्री विशाल भट्टराई (सम्पा.), **प्रयोगात्मक नेपाली शब्दकोश,** (काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि., २०६१) ।

अज्ञात, कपिल, **स्रष्टाबिम्ब : व्यक्तित्व आरेख,** (भरतपुर : चितवन साहित्य परिषद्, २०६७) ।

आचार्य, शिवलाल, **'सौम्य पुष्प' दृष्टिकोण,** (नारायणगढ : मोहनाथ, मधु आचार्य, २०६२) ।

उपाध्यक्ष, केशवप्रसाद, **साहित्य प्रकाश,** छैटौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५९) ।

उपाध्याय, केशवप्रसाद, **पूर्वीय साहित्य सिद्धान्त,** चौथो संस्क., (संशोधित), (ललितपुर : साझा प्रकाशन, २०६१) ।

कोइराला, सीताराम, **संवादमा स्रष्टाहरू,** (नारायणगढ : नारी साहित्य प्रतिष्ठान, २०६४) ।

गौतम, लक्ष्मणप्रसाद, **चितवनको साहित्य : सर्वेक्षण र विश्लेषण,** (काठमाडौं : चितवन वाङ्मय प्रतिष्ठान नेपाल, २०५२) ।

चापागाईं, चेतकान्त, **दासढुङ्गाको व्यथा गाथा,** (भरतपुर : विष्णुप्रसाद सापकोटा, २०५०) ।

______________, **यात्रा मुक्ति शिखरको,** (नारायणगढ : कमल, तुलसी, प्रकाश चापागाईं, २०५५) ।

______________, **राता फूलहरू,** (पर्सा : प्रतीक प्रकाशन समूह, २०६३) ।

______________, **चेतनमनका गुञ्जन,** (भरतपुर : साहित्य संगम चितवन, २०६६) ।

ढुङ्गाना, रामचन्द्र (सम्पा.), **सङ्क्षिप्त नेपाली कोश,** पाँचौं संस्क., (ललितपुर : साझा प्रकाशन, २०५७) ।

थापा, मोहनहिमांशु, **साहित्य परिचय,** दोस्रो संस्क., (ललितपुर : साझा प्रकाशन, २०४२) ।

पौडेल, विष्णुप्रसाद, **संस्कृत काव्यशास्त्र,** (काठमाडौं : भुँडीपुराण प्रकाशन, २०५७) ।

पौडयाल, कृष्णविलास, **आधुनिक नेपाली कविता-काव्य,** (काठमाडौं : नवीन प्रकाशन, २०६६) ।

नेपाली (चापागाईं), जगन्नाथ, **बृहत अत्रि गोत्रीय वंशावली,** (चितवन : रमादेवी नेपाली (चापागाईं), २०६३ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** (काठमाडौं : विद्यार्थी पुस्तक भण्डार, २०६२) ।

श्रेष्ठ, ईश्वरकुमार, पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली, तेस्रो संस्करण, (ललितपुर : साझा प्रकाशन, २०५८) ।

त्रिपाठी, वासुदेव र अन्य (सम्पा.), **नेपाली कविता भाग-४,** तृतीय संस्क., (ललितपुर : साझा प्रकाशन, २०५४ ।)

ज्ञवाली, सूर्यविक्रम, (प्र.सम्पा.), **नेपाली सङ्क्षिप्त शब्दकोश,** (काठमाडौं : ने.रा.प्र.प्र., २०४०) ।

## ख. शोधग्रन्थसूची

अधिकारी, बुद्धिनाथ, **रमेश गोर्खालीको जीवनी र व्यक्तित्व एवम् कृतित्वको विश्लेषण र मूल्याङ्कन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५६) ।

घिमिरे, मीनादेवी, रविकिरण 'निर्जीव' को **जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.,नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५९) ।

भट्टराई (सुवेदी), गङ्गाकुमारी, **कवि पोषराज पौडेलको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि.,नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुर, २०५९) ।

## ग. पत्र-पत्रिकासूची

खनाल, नारायणप्रसाद, *कारुणिक कवि चेतकान्तको 'आँसुको चिनो' शोककाव्य : एक चर्चा,* **हाम्रो सिर्जना** अनुसन्धानमूलक साहित्यिक-सांस्कृतिक त्रैमासिक पत्रिका, (अङ्क-५ र ६, २०६४/०६५ चैत्र) पृ. २५-२८ ।

पोखरेल, डी.आर., *चेतकान्तको 'चेतनमनका गुञ्जन : एक चर्चा,* **पारदर्शी,** (वर्ष-१४, अङ्क-१३१, २०६६ साल भदौ २७ गते), पृ. २ ।

सापकोटा, विष्णुप्रसाद, *यात्रा मुक्ति शिखरको कवितासङ्ग्रहमा एक क्षण,* **नौलो राँको,** (वर्ष-३१, अङ्क-१, पूर्णाङ्क-६, २०५६ कार्तिक), पृ. ५५-६० ।

# परिशिष्ट

## परिशिष्ट : एक

### क. फुटकर कविताहरू

यस शोधप्रस्ताव आरम्भ भइसकेपछि कवि चेतकान्त चापागाईंका प्रकाशित फुटकर कविताहरू यसप्रकार रहेका छन् :

| क्र.सं. | शीर्षक | छन्द | मिति |
|---|---|---|---|
| १ | कमलगंगा | शिखरिणी | २०६५/४/३० |
| २ | यै छ चिन्ता मलाई | मन्दाक्रान्ता | २०६६/२/१२ |
| ३ | बेलपत्र | अपरान्तिका | २०६६/२/१७ |
| ४ | काकाकूल | शार्दूलविक्रीडित | २०६६/२/२१ |
| ५ | बुबा छविलालप्रति शब्द श्रद्धाञ्जली | शिखरिणी | २०६६/७/७ |
| ६ | दलाल | अनुष्टुप | २०६६/८/३० |
| ७ | चितवन सजायौ मुटुभरि | शिखरिणी | २०६६/९/८ |
| ८ | अन्तर कुरा | शिखरिणी | २०६६/९/२९ |
| ९ | डुढेझारी | अनुष्टुप | २०६६/९/१८ |
| १० | कपुरधारातिर | शिखरिणी | २०६६/१०/१२ |
| ११ | कर्णालीको कहर | शिखरिणी | २०६६/१०/१२ |
| १२ | झटारो | शार्दूलविक्रीडित | २०६६/१०/२९ |
| १३ | बाँसपानीको बेथा | मन्दाक्रान्ता | २०६६/१२/१० |
| १४ | जोगीमारा शरणथल | मन्दाक्रान्ता | २०६७/२/२२ |
| १५ | सौगात ती गाउँछु । | शार्दूलविक्रीडित | २०६७/४/२८ |

## ख. विशिष्ट व्यक्तिहरूसँगको अन्तर्वार्ताप्रश्नावली

शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायिकाका परिवारजन, सहकर्मी मित्रहरू, समवर्ती साहित्यकारहरूसँग **कवि चेतकान्त चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावली नमुना यसप्रकार रहेको छ–

१. कवि चेतकान्त चापागाईंका बारेमा तपाईं के भन्नुहुन्छ ?

२. चेतकान्त चापागाईंको साहित्यिक व्यक्तित्वका बारेमा केही बताइदिनुहोस् न ।

३. चेतकान्त चापागाईंको साहित्येतर व्यक्तित्वका बारेमा केही बताइदिनुहोस् न ।

४. कवि चेतकान्त चापागाईंको मूल्याङ्कन कसरी गर्नुभएको छ ?

५. कवि चेतकान्त चापागाईंको साहित्यिक एवम् सामाजिक मूल्याङ्कन कसरी गर्नुभएको छ ?

६. कवि चेतकान्त चापागाईंको भावी साहित्यिक यात्रालाई कसरी पूर्व अनुमान गर्नुहुन्छ ?

७. व्यक्तिगत रूपमा कवि चेतकान्त चापागाईंसँगको सम्बन्धबारे बताइदिनुहोस् न ?

## ग. विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोतविवरण

शोधकार्यको सिलसिलामा शोधार्थीबाट **कवि चेतकान्त चापागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रको लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक कुराकानी र अन्तर्वार्ताको स्रोत विवरण यसप्रकार रहेको छ –

अनिता चापागाईं (शोधनायककी साइली छोरी)

डी.आर. पोखरेल (साहित्यकार)

तुलसी चापागाईं (शोधनायकका साहिंला भाइ)

नम्रता चापागाईं (शोधनायककी काँइली छोरी)

प्रकाश चापागाईं (शोधनायकका कान्छा भाइ)

पोषराज पौडेल (शोधनायकका सहकर्मी)

लक्ष्मी कोइराला (चापागाईं) (शोधनायककी श्रीमती)

सङ्गीता चापागाईं (शोधनायककी माइली छोरी)

होमनाथ सापकोटा (सहकर्मी साहित्यकार)

# परिशिष्ट : दुई

## कवि चेतकान्त चापागाईंले प्राप्त गरेका सम्मानपत्रको प्रतिलिपि

# परिशिष्ट : तीन